# पाटनस्थित ज्यापु सङ्ग्रहालयको व्यवस्थापकीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर तहको
आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


शोधार्थी

**रामकृष्ण महर्जन**

त्रि. वि. दर्ता नं. : १७०३४-९३

रोल नं. : ०००००६६१४

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं



२०७७

## शोध निर्देशकको सिफारिस पत्र

श्री रामकृष्ण महर्जनले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानवीकि तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निम्ति पाटनस्थित ज्यापु सङ्ग्रहालयको व्यवस्थापकीय अध्ययन शीर्षकमा यो शोधप्रबन्ध तयार गरेका हुन् । म नीजको कार्यबाट सन्तुष्ट छु। अतः प्रस्तुत शोधप्रबन्ध परीक्षण-मूल्याङ्कनको निम्ति सिफारिस गर्दछु।

..............................
(पशुपति न्यौपाने)
शोधनिर्देशक

मितिः २०७७/....../........

# हार्दिक कृतज्ञता

त्रिभुवन विश्वविद्यालय मानविकीशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको नेपाली, इतिहास संस्कृति तथा पुरातत्व केन्द्रिय विभागको पाठ्यक्रम अन्तर्गत प्रस्तुत गर्नुपर्ने अनुसन्धानात्मक शोधपत्रमा मैले पाटनस्थित ज्यापु सङ्ग्रहालयको व्यवस्थापकीय अध्ययन शीर्षक चयन गरेको छु। यस शीर्षक अन्तर्गत रहेर अध्ययन गर्ने क्रममा प्रस्तुत शोधको समस्या कथनलाई सकेसम्म निरुपण गर्ने कोशिस यस शोधपत्रमा गरेको छु।यस शोधपत्रमा मैले आफ्नो अध्ययनलाई चार अध्यायमा विभाजन गरी विभिन्न विषय वस्तुलाई प्रस्तुत गरेको छु। प्रस्तुत शोधकार्यको लागि शोध गर्न अनुमति दिनुहुने ज्यापु समाज, सामाजिक र न्याय विभाग प्रमुख श्री सन्तमान महर्जन, सङ्ग्रहालय पर्यटन तथा विदेश सम्बन्ध उप समिति संयोजक श्री सरिता अवाले लगायत कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । वहाँहरुको साथ र सहयोगले यो शोधकार्य सम्पन्न भएको छ।

प्रस्तुत शोधपत्र तयार गर्न शीर्षकचयनदेखि लिएर अन्तिम समयसम्म विविध समस्याहरुको बाबजुद पनि मलाई सहयोग दिंदै आवश्यक सल्लाह सुझाव तथा उचीत मार्गनिर्देशन गरिदिनु भएकोमा यस विभागका आदरणीय प्राध्यापकहरु लगायत विभागीय प्रमुख प्रा.डा. मदन कुमार रिमालज्यू प्रति कृतज्ञता प्रकट गर्दछु। यसै गरी यस शोधकार्यको लागि मैले विभिन्न विद्वानहरुको पुस्तक, अनुसन्धान प्रतिवेदन र लेख रचनाहरुलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरेको छु। जानेर वा नजानेर उहाँहरुको प्राज्ञिक भनाईहरुलाई प्रयोग गरेर पनि अनुसन्धानको विधिमा अर्थात सन्दर्भ सामाग्रीमा उहाँहरुको नाम छुट्न गएको छ भने यस किसिमको प्राज्ञिक गल्तिको लागि म माफी माग्न चाहन्छु। यो शोधको लेखन तथा तयारीका सिलसिलामा शुरुदेखि अन्त्यसम्म उचीत सल्लाह सुझाव एवम् मेरा कमीकमजोरीहरुलाई सच्याई सोध कार्यलाई अघि बढाउन हौसला प्रदान गर्नुहुने शोध निर्देशक आदर्णीय श्री पशुपति न्यौपानेज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। मैले यो लेखन कार्य सम्पन्न गर्दा सम्म सल्लाह, सुझाब र प्राविधिक सहयोग गर्नुहुने श्री गोविन्द न्यौपाने र श्री विमल ज्ञवाली लगायत प्रत्यक्ष र अप्रत्य सहयोग गर्नुहुने व्यक्ति तथा संस्थाहरु सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

(रामकृष्ण महर्जन)

# विषय सूची

**अध्याय-एक**

**शोध परिचय**


१.१. परिचय.......................................................................................................१

१.२ समस्या कथन..................................................................................... २

१.३ शोधको उद्देश्य.................................................................................. २

१.४ पूर्वसाहित्य समिक्षा.......................................................................३

१.५ शोधको महत्व .....................................................................................६

१.६ शोधको औचित्य ................................................................................. ७

१.७ शोधको सिमा ....................................................................................... ७

१.८ शोध अध्ययन विधि ......................................................................... ७

१.९ अध्याय विभाजन................................................................................ ८


**अध्याय-दुई**

**नेपालमा सङ्ग्रहालय र ज्यापु सङ्ग्रहाल**


२.१ सङ्ग्रहालयको अर्थ र इतिहास ....................................................... ९

२.२ विश्वमा सङ्ग्रहालयको इतिहास.......................................................११

२.३ नेपालमा सङ्ग्रहालयको विकास...................................................... १४

२.३.१ पहिलो चरण ..........................................................................१५

२.३.२ दोस्रो चरण.............................................................................१६

२.३.३ तेस्रो चरण ..............................................................................१७

२.३.४ चौथो चरण............................................................................ १८

२.४ नेपालमा सङ्ग्रहालयको अवस्था र संभाव्यता.................................... २०

२.५ ज्यापु सङ्ग्रहालयको इतिहास .........................................................२३

२.५.१ नामकरण (नेवार/ज्यापु)............................................................ २४

२.५.२ अवस्थीति .............................................................................२७

२.५.३ स्थापनाको उद्देश्य.......................................................................२७

२.५.४ सङ्ग्रहालयको सञ्चालन/श्रोत.......................................................... २९

२.५.५ सङ्ग्रहालयको स्वामित्व ........................................................................३०

२.५.६ ज्यापु सङ्ग्रहालयको आवश्यक्ता र औचित्य...................................................३०

**अध्याय-तीन**

**ज्यापु सङ्ग्रहालयको व्यवस्थापन**

३.१ सङ्ग्रहालय परिसरको व्यवस्थापन..........................................................३२

३.२ सङ्ग्रहालयको भवन व्यवस्थापन............................................................ ३३

३.२.१ ज्यापु सङ्ग्रहालय भवन ......................................................................३५

३.३ सङ्ग्रहालयको प्रशासन व्यवस्थापन.......................................................... ३६

३.३.१ ज्यापु सङ्ग्रहालय कर्मचारी व्यवस्थापन ................................................ ४०

३.४ सङ्ग्रहालयको प्रकाश व्यवस्थापन........................................................... ४२

३.४.१ कृतिम प्रकाशको व्यवस्थापन विधि ......................................................४४

३.४.२ प्रत्यक्ष कृतिम प्रकाश..........................................................................४४

३.४.३ अप्रत्यक्ष कृतिम प्रकाश ..................................................................... ४५

३.४.४ ज्यापु सङ्ग्रहालयमा प्रकाश व्यवस्थापन................................................. ४५

३.५ सङ्ग्रहालयमा प्रदर्शन व्यवस्थापन.......................................................... ४६

३.५.१ ग्यालरी व्यवस्थापन.......................................................................... ४९

३.५.२ लेवल र वस्तु परिचय गर्ने लेवल .........................................................४९

३.५.३ दृष्टि लेवल......................................................................................५२

३.५.४ पृष्ठभूमि व्यवस्थापन..........................................................................५३

३.५.५ कथानकता व्यवस्थापन........................................................................५४

३.६ शो-केश ............................................................................................. ५५

३.७ नेपालमा सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा सुरक्षा व्यवस्था ............................ ५७

३.८ संग्रहालयमा प्रदर्शित वस्तुहरुको संक्षिप्त विवरण ........................................ ५८

३.९ संरक्षण तथा सुरक्षा व्यवस्थापन ........................................ ६७

३.९.१. सुरक्षात्मक उपाय ........................................ ६८

३.९.२ रासायनिक पदार्थद्धारा संरक्षण ........................................ ७०

३.१० ज्यापु सङ्ग्रहालयका चुनौतिहरु ........................................ ७१

**अध्याय-चार**

**निश्कर्ष........................................ ७२**

**परिशिष्ट 'क'**

व्यवस्थापकलाई अन्तरवार्ताको क्रममा सोधिएका प्रश्नहरु........................................ ७५

**परिशिष्ट 'ख'**

अन्तरवार्ता लिइएका व्यक्तिहरुको विवरण........................................ ७६

**परिशिष्ट 'ग'**

विभिन्न कक्षमा प्रदर्शित वस्तुहरुका चित्र र तिनका सूची (४९ चित्र)........................................ ७७

**परिशिष्ट 'घ'**

संदेशमूलक सुचना ........................................ ९८

**परिशिष्ट 'ङ'**

गुरुयोजना........................................ ९९

**सन्दर्भसूची**

# अध्याय-एक

# शोध परिचय

## १.१. परिचय

सङ्ग्रहालय कुनै पनि राष्ट्रको सांस्कृतिक सम्पन्ताको प्रतिक हो। सङ्ग्रहालय अनौपचारिक शिक्षाको केन्द्र पनि हो। विगत मानव समुदायद्वारा निर्मित कला, वास्तुकला, उपकरण तथा प्रविधिहरुको संकलन, संग्रह र संरक्षण गरी पूर्णतया बैज्ञानिक र व्यवस्थित तरिकाले प्रदर्शन गरिने भवन नै सङ्ग्रहालय हो।

सङ्ग्रहालयमा संग्रहित विविध कुराहरु जुन मूर्त तथा अमूर्त कला र सृजनाद्वारा व्यक्त गरिएका हुन्छ। यस्ता पक्षहरुको विधिसम्मत ढङ्गले अध्ययन एवं अनुसन्धान गरिने भएकोले सामाजिक संकायको अध्ययनमा सङ्ग्रहालय एउटा महत्वपूर्ण शास्त्रको रुपमा विकास भएको देखिन्छ। सङ्ग्रहालय मानव गतिविधिसँग सम्बन्धित भएकोले यो सम्पूर्ण मानव सभ्यताको इतिहासको अध्ययनको लागि एउटा अनौपचारिक खुल्ला विद्यालय हो। नेपालमा प्राचीन दरबार, मठ मन्दिर एवं विहारको संरक्षण र सम्बर्द्धनको लागि व्यक्ति, समुदाय र राज्यबाट गुठीको व्यवस्था गरेको तथ्य अभिलेख एवं साहित्यिक ग्रन्थहरुमा उल्लेख भएबाट सङ्ग्रहालयको अवधारणाको संकेत पाइन्छ। नेपालमा भीमसेन थापाद्वारा छाउनीमा स्थापना गरिएको सिलखानालाई नेपालको पहिलो ऐतिहासिक सङ्ग्रहालयको रुपमा लिइन्छ। जसलाई वि.सं. १९८५ मा आधुनिक सङ्ग्रहालयमा रुपान्तर गरी सर्वसाधारणको लागि खुल्ला गरी वर्तमान अवस्थामा राष्ट्रिय सङ्ग्रहालयको रुपमा परिचित छ।

नेपालमा विभिन्न कालमा भएका परिवर्तन जस्तो वि.सं. २००७ सालको आन्दोलनको उपलब्धीको रुपमा वि.स. २००८ सालमा सङ्ग्रहालय विभागको स्थापना भएको थियो (श्रेष्ठ, वि.सं. २०७० पृ. २७)। त्यस्तै वि.सं. २०४६ सालको जनआन्दोलनको उपलब्धीसँगै नेपालीहरुमा आत्मपहिचान र जातीयताको मुद्दाले पनि सङ्ग्रहालयको विकासमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। जातिय समुदायमा आएको चेतनाले नेपाली जनमानसमा पारेको प्रभाव र जातीय पहिचानको खोजी गर्ने क्रमका साथै प्राज्ञिक छलफलले गर्दा क्षेत्रीय तथा जातीय सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको देखिन्छ। वि.सं. २०६२/६३ को राजनैतिक परिवर्तन पछि र वि.सं. २०७२ मा नेपालको संविधान जारी भएपछि देश संघीयतामा प्रवेश गरे सँगै जनताका आवश्यक्ताहरु

स्थानीकरण भएको छ। प्रादेशिक संरचनामा जातजातीको पहिचान र समावेशीकरुणको माध्यमबाट दलित तथा जनजातिको संलग्नताको प्रमुख मुद्दा लिएर मुलुक अगाडि बढिरहेको अवस्थामा स्थानिय स्तरमा यस्ता जातिय सङ्ग्रहालयको अध्ययन गरिनु आवश्यक महसुस गरियो।

अरु जातिय सङ्ग्रहालय जस्तै ज्यापु सङ्ग्रहालयलाई सामुदायिक जातिय सङ्ग्रहालयको प्रतिनिधि सङ्ग्रहालयको रुपमा लिन सकिन्छ। सङ्ग्रहालय पुराना वस्तु संग्रह गर्ने भवन मात्र नभएर बहुमूल्य तथा दुर्लभ वस्तुहरुको संरक्षणका लागि व्यवस्थितरुपमा निर्माण गरिएको सुरक्षित कला भवन हो। सङ्ग्रहालयको सिद्धान्त अनुसार वस्तु प्रदर्शन गरी आम मानिसलाई आकर्षण गर्न र जातिय सङ्ग्रहालयको विवरण अस्तित्व प्रकाशमा ल्याई अध्ययन एवं अनुसन्धान गर्नको लागि पनि सहयोग पुर्याउँछ। ज्यापु लगायत नेवार समुदायका सम्पूर्ण पक्षलाई समेटी निर्माण गरिएको सङ्ग्रहालयका बारेमा आज सम्म अनुसन्धान नभएको हुदाँ अध्ययन प्रारम्भ गरिएको हो।

## १.२ समस्या कथन

सङ्ग्रहालयका विभिन्न पक्षको अध्ययन अनुसन्धान गरिए पनि ज्यापु सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरु एउटा निस्चित सिद्धान्त अनुसार प्रदर्शित भए नभएको, सङ्ग्रहालयको विवरण अस्तित्व प्रकाशमा ल्याउन, सङ्ग्रहालय ग्यालरीको अध्ययन, प्रदर्शनीको अवस्था र कर्मचारी व्यवस्थापन लगायतका विभिन्न पक्षको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको समस्याको रुपमा लिइएको छ। नेपालमा भएका विभिन्न सङ्ग्रहालयहरु मध्ये ज्यापु सङ्ग्रहालयहरुमा केन्द्रित भई अनुसन्धान गर्न आवश्यक भएकोले ज्यापु सङ्ग्रहालयका समस्या निम्नानुसार रहेको छ।

- ज्यापु सङ्ग्रहालय स्थापनाको इतिहास अध्ययन नहुनु
- सङ्ग्रहालयका भौतिक पक्षको व्यवस्थापन अध्ययन नहुनु
- सङ्ग्रहालयमा प्रशासनिक व्यवस्थापनको अध्ययन नहुनु

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधको प्रमुख उद्देश्य भनेको ज्यापु सङ्ग्रहालयको बारेमा विस्तृत रुपमा अध्ययन गरी प्रकाशमा ल्याउने र वस्तु प्रद्धर्शनीको प्राविधिक, सैद्धान्तिक एव

व्यवस्थापनमा देखिएका त्रुटीका कारणहरु पत्तालगाउनु यस अध्ययनको उद्देश्य हो। यसका साथै शोधका अन्य उद्देश्यहरु निम्न रहेको छ।

- ज्यापु सङ्ग्रहालय स्थापनाको इतिहास अध्ययन गर्नु
- सङ्ग्रहालयका भौतिक पक्षको व्यवस्थापन अध्ययन गर्नु
- सङ्ग्रहालयमा प्रशासनिक व्यवस्थापनको अध्ययन गर्नु

## १.४ पूर्वसाहित्य समिक्षा

पूर्वसाहित्य समिक्षालाई अनुसन्धानको मुटु मानिन्छ। अनुसन्धान पुरा गर्न विविध प्रकाशित र अप्रकाशित सामाग्रीहरु अध्ययन गर्नु पर्दछ। त्यस्तै यस अनुसन्धानमा अनुसन्धानकर्ताले विविध लेख रचना, अनुसन्धान पत्रहरुको अध्ययन गरी सोहि अनुरुप अनुसन्धान अगाडि बढाइएको छ। कुनै पनि अनुसन्धानमा सैद्धान्तिक आधार वा पृष्ठभूमिको महत्वपूर्ण भूमिका रहन्छ। कुनै विषयमा पूर्व प्रकाशित कृतिहरुको महत्वपूर्ण भूमिका हुन्छ। प्रस्तुत शोधको सन्दर्भमा यस शोध कार्यको आशिंक आवश्यक्तालाई पुरा गर्नको लागि सङ्ग्रहालय शास्त्रसँग सम्बन्धित पुस्तकहरु अध्ययन गरिएका छन् जुन यसप्रकार छन्:

क) पशुपतिकुमार द्विवेदी, ***सङ्ग्रहालय र समाज,*** (१९७५), मा नेपालमा सङ्ग्रहालय सम्बन्धमा नेपाली भाषामा लेखिएको प्रथम पुस्तक भएकोले यसको महत्व छ। यस पुस्तकमा सङ्ग्रहालय विज्ञानका विविध पक्षहरुमा चर्चा परिचर्चा गरिएको छ। यस पुस्तकमा प्रकाश व्यवस्थापन, प्रकाशका प्रकार, प्रदर्शनी सम्बन्धमा पूर्ण वर्णन गरिएको छ। फलतः प्रदर्शनी व्यवस्थापनको अध्ययनका लागि उपयोगी देखिएकोले यस पुस्तकको सहयोग लिएको छु।

ख) वीणा पौड्याल, ***राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरु*** (वि.सं. २०३५/१९७८), मा राष्ट्रिय सङ्ग्रहालयका केही मूर्तिहरु शिर्षकको नेपाली भाषामा लेखिएको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको थियो। प्रस्तुत शोधपत्रमा राष्ट्रिय सङ्ग्रहालयको इतिहास, त्यहाँ संग्रहित मूर्तिहरुको सम्बन्धमा गहन अध्ययन गरिएको छ। उक्त शोधपत्र गहन र अनुसन्धानात्मक भएकोले यस शोधपत्रको आशिंक आवश्यक्ता परिपूर्तिको लागि महत्वपूर्ण हुने देखिन्छ। साथै मूर्तिहरु के कति कारणले हराइएको रहेछ भनी अध्ययन गर्न सहयोग पुग्नेछ।

ग) ए.पी. सिंह, ***कन्जरभेसन एण्ड म्यूजियम टेक्निकल,*** (१९८७), अग्रेजीमा लेखिएको प्रस्तुत पुस्तकमा सङ्ग्रहालयमा संग्रहित वस्तुहरुको कसरी रासायनिक उपचार गर्ने

भन्ने विषयमा विशेष चर्चा गरिएको छ। उक्त पुस्तकको पाँचौ अध्यायमा प्रदर्शन तरिकाको चर्चा गरिएको छ जसले सङ्ग्रहालयमा वस्तुहरुको प्रदर्शन कसरी गर्ने र सङ्ग्रहालय सम्बन्धी धारणा बनाउन सहयोग पुग्नेछ।

घ) साफल्य अमात्य, ***आर्ट एण्ड कल्चर अफ नेपाल,*** (१९९१), मा म्यूजियम इन नेपाल शिर्षकको तेस्रो अध्यायमा सङ्ग्रहालयको इतिहास र विकासक्रमको बारेमा चर्चा गरिएको छ। प्रस्तुत शोधको दोस्रो अध्यायको विषयगत पूर्तिको लागि खासगरी नेपालमा सङ्ग्रहालयको विकासक्रमको बारेमा चर्चा गर्दा उक्त पुस्तक महत्वपूर्ण देखिन्छ।

ङ) Gary Edson and David Dean (१९९४), द्वारा लिखित The Hand Book for Museums नामक पुस्तक प्रस्तुत शोधपत्रमा सदुपयोग गरिएको छ। सङ्ग्रहालय विज्ञान सम्बन्धी गहन ढंगले लेखिएको यो पुस्तक सङ्ग्रहालय विषयका विद्यार्थी र कर्मचारीहरका लागि महत्वपूर्ण हाते पुस्तिका हो। सङ्ग्रहालय के हो? सङ्ग्रहालय र समुदायको सम्बन्ध कस्तो हुनुपर्छ ? सङ्ग्रहालयको समग्र व्यवस्थापनमा ध्यानदिनु पर्ने कुराहरु के के हुन ? सङ्ग्रहालयको संकलन निति, प्रदर्शनी व्यवस्था, संरक्षण तथा सुरक्षा निति, कर्मचारी व्यवस्था, सङ्ग्रहालय र शिक्षाको सम्बन्ध लगायतका विषयमा व्याख्या र विवेचना गरिएको छ। सङ्ग्रहालय संचालन र व्यवस्थापन गर्नको लागि जान्नुपर्ने समग्र विषयमा व्याख्या गरिएको हुनाले प्रस्तुत शोधपत्रको लागि यो पुस्तक निकै सान्दर्भिक छ।

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायमा सङ्ग्रहालयको शैद्धान्तिक विषयमा छलफल गर्दा यस पुस्तकका विभिन्न प्रसंगहरुलाई जोड दिइएको छ। मूलतः सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापन कस्तो हुनु पर्छ ? त्यस्तै प्रकाश व्यवस्थापन, शो-केश व्यवस्थापन, सुरक्षा व्यवस्थापन लगायतका विषयमा छलफल गर्दा यस पुस्तकलाई आधार बनाईएको छ। साथै यस अध्यायमा सङ्ग्रहालय विज्ञानको सिद्धान्त अनुसार ज्यापु सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थाको विषयमा छलफल गरिएको छ। सिद्धान्ततः प्रदर्शनी व्यवस्थाको सिद्धान्त अनुसार ज्यापु सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थामा ध्यान दिइएको छैन भन्ने विषयलाई व्याख्या गर्न यो पुस्तकको सदुपयोग गरिएको छ। यस कारण यो पुस्तक प्रस्तुत शोधपत्रको शैद्धान्तिक आधार हो। यसै आधारमा रहेर ज्यापु सङ्ग्रहालयको प्रदर्शनी व्यवस्था विषयमा छलफल गरिएको छ।

च) आर गणेशन्, ***भारतीय सङ्ग्रहालय एवं जनसम्पर्क*** (२००२), मा हिन्दी भाषामा लेखिएको यस किताबका १२ वटा अध्यायहरुमा सङ्ग्रहालय मार्फत कसरी जनतासँग

सहसम्बन्ध राख्न सकिन्छ भन्ने विषयमा चर्चा गरिएको छ। यस पुस्तकमा जनशक्ति कस्तो हुनपर्छ। जनशक्तिका गुण के-के हुनुपर्छ भन्ने बारे बर्णन गरिएको छ। सङ्ग्रहालयको जनशक्ति व्यवस्थापन अध्ययनका लागि यो पुस्तक उयोगी देखिन्छ।

छ) गिरिशचन्द्र शुक्ल र विमेलेश कुमार पाण्डेय (२००२), मा ***सङ्ग्रहालय विज्ञान सम्बन्धमा*** लेखिएको पुस्तक भारतीय भाषामा लेखिएको भएतापनि यसको महत्व छ। यस पुस्तकमा सङ्ग्रहालय सम्बन्धी विविध विषयमा संक्षिप्त रुपमा उल्लेख गरिएको पाईएको छ। यस पुस्तकले सङ्ग्रहालयको परिभाषा, प्रकार, वस्तु प्रदर्शनी, मानव शंसाधनको बारेमा प्रष्टसँग उल्लेख गरेको हुनाले अनुसन्धानका क्रममा यो पुस्तक लाभदायक हुनेछ।

ज) पेशल दाहाल र सोमप्रसाद खतिवडा, ***पुरातत्वको परिचय,*** (वि.सं. २०६५/ २००८), मा सङ्ग्रहालयको परिचसँगै यसको प्रकार, कार्यहरु, महत्व, नेपालमा सङ्ग्रहालयको विकासका साथै सांस्कृतिक पर्यटनको विकासका लागि सङ्ग्रहालयको महत्व विषयमा सङ्ग्रहालयको उपस्थितिको कारण उक्त क्षेत्र व्यापार व्यवसायमा राम्रो पहिचान बनाउन सफल भएको कुरा उल्लेख छ तर देश भरी रहेका यस्ता सांस्कृतिक र पुरातात्विक सङ्ग्रहालयका अलावा खुला सङ्ग्रहालयको बारेमा उल्लेख गरिएको छ।

झ) करुणा नकर्मी, ***राष्ट्रिय सङ्ग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरु,*** (वि.सं. २०६६/ २००९), मा राष्ट्रिय सङ्ग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरु शीर्षकको यस शोधपत्र त्रिभुवन विश्व विद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको छ। यस शोधपत्रको दोस्रो अध्यायमा नेपालमा सङ्ग्रहालयको विकासक्रम र राष्ट्रिय सङ्ग्रहालयको भूमिका बारे चर्चा गरिएको छ। प्रस्तुत शोधपत्र तयार पार्नका लागि उक्त शोधपत्र महत्वपूर्ण हुने देखिन्छ।

ञ) गोविन्द न्यौपाने, ***राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कलाशालाको प्रदर्शनी व्यवस्थापन,*** (वि.सं. २०६९/ २०१२), मा राष्ट्रिय सङ्ग्रहालय अन्तर्गत जुद्धजातीय कलाशालाको प्रदर्शनी व्यवस्थापन शीर्षकको यस शोधपत्र त्रिभुवन विश्वविद्यालय संस्कृति केन्द्रीय विभाग अन्तर्गत रहेर तयार पारिएको छ। यस शोधपत्रको चौथो अध्यायमा जुद्धजातीय कलाशालाको प्रदर्शनी व्यवस्थापन, प्रकाश व्यवस्थापन, मानव संशाधनको व्यवस्थापन, शो-केश व्यवस्थापनको अध्ययन गरिएको हुदाँ ज्यापु सङ्ग्रहालयको अध्ययन गर्न सहयोग पुग्ने छ।

ट) मिना शाही, सङ्ग्रहालय विज्ञान, ***लुम्बिनी सङ्ग्रहालय प्रदर्शनी व्यवस्था,*** (वि.सं. २०७३/ २०१६), मा तयार पारिएको शोधपत्रमा सङ्ग्रहालयको प्राविधिक

व्यवस्थापन, प्राकृतिक तथा कृतिम प्रकाश व्यवस्थापन गर्दा के-के कुरामा ध्यान पुऱ्याउनु पर्छ भन्ने कुरा उल्लेख गरिएको छ।

ठ) पशुपति न्यौपाने, ***नेप्लिज कल्चर, म्यूजियम प्रस्पेक्टिभ इन नेपाल,*** (२०१७), मा लेखिएको लेखमा नेपाल एउटा बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, भौगोलिक विविधता, मनोरम प्राकृतिक दृष्यले भरिपूर्ण मूलुक हुन। यी विविधता भित्र सङ्ग्रहालयको सम्भावना अध्ययन गरेका छन। लेखमा सङ्ग्रहालयको उचित विकास गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्न सक्ने कुरालाई उल्लेख गरिएको छ। ज्यापू सङ्ग्रहालय पनि उपरोक्त विविधता भित्रको जनजातिको इतिहास बोक्ने सङ्ग्रहालय हुनाले यो लेखले ज्यापु सङ्ग्रहालयको अध्ययनलाई सहयोग पुग्ने छ।

## १.५ शोधको महत्व

साँस्कृतिक विविधताले सम्पन्न राष्ट्र भएकोले नेपाललाई खुल्ला सङ्ग्रहालयको रुपमा व्यक्त गरिएको पाइन्छ। तथापि जुन रुपमा सङ्ग्रहालयको विकास हुनुपर्ने हो, त्यो रुपमा हुन सकेको छैन। यसका साथै सङ्ग्रहालयलाई अनौपचारिक शैक्षिक केन्द्रको रुपमा विकास गरेर यसको गरिमालाई जनमानससम्म पुऱ्याउन सकिएको छैन भने अर्कोतिर सङ्ग्रहालय सम्बन्धी विषयमा केन्द्रित रहेर त्यतिधैरै अनुसन्धानात्मक कार्य हुन सकेको छैन। यिनै विषयमा केन्द्रित रहेर प्रस्तुत शोधमा अध्ययन गरिएको छ। नेपालमा ज्यापु सङ्ग्रहालयको बारेमा अध्ययन नभएको कारण यस अध्ययनको महत्व देखिन्छ। ज्यापु सङ्ग्रहालयको महत्वका आधारमा यसको अध्ययन अनुसन्धानका लागि निम्नानुसार क्षेत्रहरु पहिचान गर्न सकिन्छ।

- नेवारी संस्कृतिको समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययन गर्न।
- नेवारी जातीको इतिहासको अध्ययनमा सहयोग पुग्ने।
- विशेष गरी नेवार जाती भित्रको ज्यापु समुदायको सामाजिक साँस्कृतिक जीवनशैलीको अध्ययन गर्न।
- साँस्कृतिक पर्यटनको विकासमा यसको महत्व रहन्छ।
- पुर्खाले विगतमा गरेका धार्मिक, सांस्कृतिक र व्यवहारिक अभ्यासका बारेमा भावी सन्ततीहरुका लागि ज्ञानको एउटा महत्वपूर्ण आधारशिला बन्नेछ।

## १.६ शोधको औचित्य

ज्यापु सङ्ग्रहालय स्थापना पछि सञ्चालनका क्रममा देखिएका विविध समस्याहरु मध्ये प्राप्त वस्तुहरुको प्रदर्शनी सङ्ग्रहालय सिद्धान्त अनुरुप गराउन, ज्यापु सङ्ग्रहालय प्रति आगन्तुकहरुको सहभागिता एवं उपस्थित संख्यामा बृद्धि गर्न र सङ्ग्रहालयको विवरण अस्तित्व प्रकाशमा ल्याउन, सङ्ग्रहालय ग्यालरीको अध्ययन, प्रदर्शनीको अवस्था र कर्मचारी व्यवस्थापन सम्बन्धमा पहिलो पटक खोज अनुसन्धान गर्न लागेको छ। यसबाट ज्यापु सङ्ग्रहालय सम्बन्धमा रुची राख्नेहरुका लागि सहयोग पुग्ने विश्वास गरेको छु।

## १.७ शोधको सिमा

प्रस्तुत अध्ययन ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.९ भोलगणेशस्थित ज्यापु प्रज्ञा भवनमा संचालित ज्यापु सङ्ग्रहालयमा सिमित हुनेछ। यस सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको धेरै पक्ष र विषयहरु छन। जस मध्ये मेरो अध्ययनको विषय सङ्ग्रहालयको स्थापनको अध्ययन, भौतिक पक्षको व्यवस्थापन अध्ययन र प्रशासनिक व्यवस्थापनको अध्ययन सम्बन्धमा सिमित हुनेछ।

## १.८ शोध अध्ययन विधि

ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.९ पाटन भोलगणेशस्थित ज्यापु सङ्ग्रहालयको व्यवस्थापकिय अध्ययन शिर्षकको यस अनुसन्धानको लागि तथ्य संकलनका लागि निम्न श्रोतको उपयोग गरिनेछ।

क) प्राथमिक स्रोत

प्रारम्भिक स्रोत नै यस अनुसन्धानको मुख्य आधार भएकोले सम्बन्धित क्षेत्रमा आफै उपस्थित भई निम्न प्रकृया अपनाइनेछ।

i) सम्बन्धित क्षेत्रमा अवलोकन

ii) स्थानियबासी, स्वदेशी र विदेशी आगन्तुक, सम्बन्धित बिषयमा स्थानीय बिज्ञ, कर्मचारी आदिसँग अन्तरवार्ता, कुराकानी, शोधपुछ अन्तरवार्ता/अडियो रेकर्डिङ

iii) फोटोग्राफी/भिडियोग्राफी

ख) द्वितिय स्रोत

यस अनुसन्धानको लागि द्वितिय स्रोतको रुपमा निम्नानुसार अध्ययन सामग्रीको प्रयोग गरिन्छ ।

i) जातिय सङ्ग्रहालयको बारेमा लेखिएका पुस्तक अध्ययन गरिएको छ।

ii) अनुसन्धानात्मक पत्रपत्रिका र लेखहरु अध्ययन गरिएको छ।

iii) विभिन्न संचार सामग्रीहरु टि.भी., रेडियोबाट प्रसार सामग्रीको अध्ययन गरिएको छ।

iv) सामाजिक सञ्जाल, इन्टरनेट, पत्र पत्रिकामा प्रकाशित सामाग्रीको अध्ययन गरिएको छ।

ग) तथ्य विश्लेषण एवं प्रतिवेदन लेखन

प्राथमिक र द्वितिय स्रोतबाट संकलित तथ्यहरुलाई विश्लेषणात्मक पद्दतिबाट व्याख्या गरिनेछ।

## १.९ अध्याय विभाजन

"ज्यापु सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थापनको अध्ययन" यस विषयको अध्ययन विभाजन निम्न तरिकाले गरिनेछ।

क) पहिलो अध्यायः- शोध परिचय

ख) दोस्रो अध्यायः- नेपालमा सङ्ग्रहालय र ज्यापु सङ्ग्रहालय

ग) तेस्रो अध्यायः- ज्यापु सङ्ग्रहालयको व्यवस्थापन

घ) चौथो अध्यायः- निष्कर्ष

प्रस्तुत शोधकार्यलाई चारवटा अध्यायहरुमा पुरा गरिएको छ। पहिलो अध्यायमा शोध परिचय र पूर्व साहित्य समिक्षाको चर्चा गरिएको छ। यसभित्र, अध्ययनको परिचय समस्या कथन, उद्देश्य, महत्व, पूर्वसाहित्यको समिक्षा र अनुसन्धान पद्धतिलाई राखिएको छ। दोस्रो अध्यायमा नेपालमा सङ्ग्रहालय र ज्यापु सङ्ग्रहालय, सङ्ग्रहालयको अर्थ/ इतिहास, विकास, संभाव्यता, स्थापनाको उद्देश्य र सङ्ग्रहालयकको आवश्यक्ता र औचित्यका विषयमा चर्चा गरिएको छ। तेस्रो अध्यायमा सङ्ग्रहालय व्यवस्थापनको सैद्धान्तिक विषयमा अध्ययन गरिएको छ। चौथो अध्यायमा निष्कर्ष रहेको छ।

# अध्याय-दुई

# नेपालमा सङ्ग्रहालय र ज्यापु सङ्ग्रहाल

## २.१ सङ्ग्रहालयको अर्थ र इतिहास

कुनै पनि राष्ट्रको सम्पन्नताको पहिचानको आधारभूमि नै त्यो राष्ट्रको संस्कृति हो। सङ्ग्रहालय कुनैपनि राष्ट्र वा समाजको धर्म, दर्शन, शिक्षा, सभ्यता, इतिहास र राजनीति लगायत सम्पूर्ण मावनीय पक्षहरुको मापन गर्ने संस्था हो। जहाँ अतित इतिहासको मानवीय क्रियाकलापसंग सम्बन्धित मानव निर्मित सांस्कृतिक दृश्यावली प्रतिविम्वित हुन्छन्। अर्को शब्दमा भन्ने हो भने सङ्ग्रहालय सभ्यताको प्रतिविम्व हो। जुनसुकै राष्ट्रमा पनि उक्त राष्ट्रको पहिचान झल्काउनको लागि सङ्ग्रहालयको स्थापना गरिएको देखिन्छ। यद्यपि सङ्ग्रहालयमा मानव निर्मित वस्तुहरु मात्र नभएर प्राकृतिक एवम् दुर्लभ वस्तुहरुको संकलन पनि गर्ने गरिन्छ।

साधारणतया वस्तु सङ्ग्रह गरिने भवन वा भण्डारकक्षलाई सङ्ग्रहालयको रुपमा बुझ्ने गरिन्छ। साधारण परिचयको यस कथनले सङ्ग्रहालय शास्त्रको व्यापकतालाई समेट्न भने सक्दैन। समयको परिवर्तनसँगै कुनैपनि विषयको अवधारणा वा परिभाषा र त्यसको दार्शनिक मान्यता पनि परिवर्तन हुँदै गएको देखिन्छ। यस प्रसङ्गमा रहेर सङ्ग्रहालयलाई कुनै सामयिक सीमाभित्र रहेर परिभाषा गर्न भने सकिदैन। विद्धानहरुले सङ्ग्रहालयलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरेको पाइन्छ। सङ्ग्रहालय अङ्ग्रेजी शब्द म्यूजियम(MUSEUM)को रुपान्तरण हो। अङ्ग्रेजीको यो शब्द ग्रीक वा युनानी भाषाको म्यूस(Muse) बाट बनेको हो। जसको अर्थ ज्ञानकी देवी भन्ने हुन्छ (दाहाल र खतिवडा, वि.सं. २०६५ पृ. ३१५)। यसर्थ ज्ञानको मन्दिर नै सङ्ग्रहालय हो। भनिन्छ सङ्ग्रहालय ज्ञानको यस्तो मन्दिर हो जहाँ शिक्षाको केन्द्र स्थापित छ (श्रेष्ठ, वि.सं. २०६२ पृ. २)। (The Museum is a fountain of knowledge and Temple of learning. A museum is on educational institution and cultural centre too.) इन्साइक्लोपेडिया बृटानिका नामक विश्वकोषमा सङ्ग्रहालयलाई "बौद्धिक छलफल गर्ने स्थान" भनिएको छ। उक्त विश्वकोषले रोमनयुगमा यसलाई दार्शनिक छलफल गर्ने स्थलको रुपमा लिइन्थ्यो भन्ने कुरा समेत उल्लेख गरेको छ।

सङ्ग्रहालय सम्बन्धी अन्तर्राष्ट्रिय संगठन आइकम(ICOM)ले सङ्ग्रहालयशास्त्रलाई वैज्ञानिक ढङ्गले परिभाषा दिएको छ। उक्त संस्थाले दिएको परिभाषा अनुसार यात्रीको

चाख अनुसार विभिन्न वस्तुहरु सङ्कलन, संरक्षण, प्रदर्शन गरिने स्थल सङ्ग्रहालय हो (दाहाल र खतिवडा, वि.सं.२०६५ पृ. ३१७)। उक्त संस्थाले सङ्ग्रहालयलाई विभिन्न प्रकारका वस्तुहरु सङ्ग्रह संरक्षण र प्रदर्शन गरिने स्थलको रुपमा लिएको छ। सङ्ग्रहालयले पुराना र कलात्मक वस्तुहरु सङ्ग्रह गर्दछ। वस्तुहरु सङ्ग्रह गरेर मात्र हुँदैन, त्यसको विविध कारणले क्षति हुन सक्ने भएकाले त्यस्ता वस्तुहरु संरक्षण गर्न पनि त्यतिकै आवश्यक्ता पर्दछ। तसर्थ ICOM को उक्त परिभाषाले सङ्ग्रहालयलाई वस्तुको सुरक्षा गर्ने प्रामाणिक भवनको साथै अध्ययन अनुसन्धान र मनोरञ्जनको स्थलको रुपमा अभिव्यक्त गरेको छ।

यसरी विभिन्न प्राज्ञिक संघ संस्थाहरुले सङ्ग्रहालयलाई जे जसरी परिभाषा दिए तापनि वास्तवमा जुनसुकै प्रकारका वस्तुहरु संग्रह गर्ने संस्था सङ्ग्रहालय होइन भन्नेमा एकमत रहेको देखिन्छ। अतएव सङ्ग्रहालय सम्बन्धी परिभाषाहरुको आधारमा रहेर यो भन्न सकिन्छ कि वस्तुतः व्यक्तिगत अथवा संस्थागत अभिरुचिको आधारमा दुर्लभ मूल्यावान, ऐतिहासक, भौगोलिक, पुरातात्विक एवं सांस्कृतिक दृष्टिकोणले महत्व राख्ने विगतका मानव समुदायद्वारा निर्मित कला वास्तुकला उपकरण तथा प्रविधिहरुको संकलन र संरक्षण गरी कसरी पूर्णतया वैज्ञानिक र व्यवस्थित ढंगले संरक्षण र प्रदर्शन गर्दै भावी पुस्ताका लागि जोगाएर राख्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्ने शास्त्रलाई सङ्ग्रहालय शास्त्र वा विज्ञानको रुपमा बुझ्न उपयुक्त मानिन्छ। सङ्ग्रहालय सम्बन्धी माथि चर्चा गरिएको परिचयात्मक विश्लेषणले सङ्ग्रहालय शास्त्रलाई समेट्न भने नसक्ने देखिन्छ। सङ्ग्रहालयको विकास सँगसँगै सङ्ग्रहालय एउटा शास्त्र वा विज्ञानको रुपमा विकसित भएको देखिन्छ। सङ्ग्रहालयको बढ्दो व्यापकता र यसको गरिमालाई मध्येनजर राख्दै प्रथम पटक युनेस्कोले १९५८ मा सङ्ग्रहालय शास्त्रको यसरी परिभाषित गरेको छ। Museology is the branch of knowledge concerned with the study of purpose and organizaiton of museums. Museography is the body of techniques related to museology (शुक्ल र पाण्डेय, २००२ पृ. ९)। अर्थात् संङ्ग्रहालय शास्त्र ज्ञानको त्यो शाखा हो जुन सङ्ग्रहालयको संगठन र उद्देश्यको अध्ययनसँग सम्बन्धित हुन्छ। अर्को शब्दमा भन्ने हो भने सङ्ग्रहालयशास्त्र प्रविधिको त्यो अंग हो जुन सङ्ग्रहालयशास्त्रसँग सम्बन्धित हुन्छ र युनेस्कोको उक्त परिभाषाले सङ्ग्रहालयलाई एउटा महत्वपूर्ण शास्त्रको रुपमा परिभाषित गरेको छ। जुन नवसङ्ग्रहालयशास्त्रको आधारभूमिको रुपमा रहेको देखिन्छ।

आदिमकाल देखि नै प्राग मानवले जीवनयापन गर्ने क्रममा आफूलाई आवश्यक पर्ने खाद्यान्नको साथै अनौठो वस्तुहरु सङ्कलन गर्ने गर्दथ्यो। विभिन्न देशमा गरिएको पुरातात्विक उत्खन्नको क्रममा प्राप्त भएका भण्डारकक्षहरुको अवशेषहरुको आधारबाट पनि यस तथ्यलाई प्रमाणित गरिएको पाइन्छ। यद्यपी मानव एक चेतनशील प्राणी भएकाले जंगली अवस्थामै भएपनि आफ्ना आवश्यक्ता पूर्ति भएर बाँकिरहेको खाद्यान्न भविष्यको लागि भनेर सुरक्षित गरेर राख्ने गर्दथ्यो

कृर्षियुगमा एउटा निश्चित क्षेत्रमा मानव बसोबासको सुरुवात भएपछि नै मानवलाई आवश्यक पर्ने सामाग्रीको सङ्कलन गर्नुको साथै सङ्कलित वस्तुलाई एउटा निश्चित स्थानमा सङ्ग्रह गर्ने कार्य प्रारम्भ भयो। कृर्षियुगको थालनीसँगै मानवका आवश्यक्ताहरु पुरा गर्ने क्रममा अर्थात भविष्यको आवश्यक्तालाई पुरा गर्ने सोचको पृष्ठभूमी भित्र सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको मान्न सकिन्छ।

खासगरी पछिल्लोकाल अर्थात इतिकासकालमा आएर सङ्ग्रहालयको अवधारणाले व्यापकता पाएको देखिन्छ। विभिन्न देशहरुबीच युद्ध हुँदा लुटेर ल्याएको सम्पतिलाई संरक्षण गरेर राख्ने चलन थियो (शाही, वि.सं २०७३ पृ. १०)। यस परम्पराले अतित इतिहासको वास्तविक्तालाई भविष्यका सन्ततीहरुलाई हस्तान्तरण गर्न सकिन्छ भन्ने सोचको विकास भएको देखिन्छ। यसै सोचको आधारभूमिमा रहेर वस्तुहरुको संकलन, संरक्षण तथा पञ्जीकरणको साथै व्यवस्थित रुपले आफ्ना विशिष्ट पहुचलाई देखाउने अभिरुचि युरोपियन शासकहरुमा रहेको देखिन्छ। खासगरी युरोपको पुर्नजागरणको कालसँगै सङ्ग्रहालयलाई आधुनिक ढङ्गले व्याख्या र विवेचना गर्ने सोचको थालनी भएको पाइन्छ।

यसरी समयको परिवर्तनका साथसाथै सङ्ग्रहालयले आफ्नो गरिमालाई जनजनसम्म फैलाएको देखिन्छ। सङ्ग्रहालयमा संकलित वस्तुहरु प्रायः संस्कृति प्रतिविम्वित सामाग्रीहरुको गहन अध्ययनबाट धर्म, कला र इतिहास र संस्कृतिको साथसाथै सिंगो मानव इतिहास र सभ्यताको अध्ययन गर्न सकिने एउटा अनौपचारिक खुल्ला अध्ययन केन्द्रको रुपमा सङ्ग्रहालयलाई स्वीकार गरिएको पाइन्छ।

## २.२ विश्वमा सङ्ग्रहालयको इतिहास

वास्तवमा आफूलाई आवश्यक पर्ने वस्तुहरु भविष्यको लागि जम्मा गर्ने मानवीय सोचको आधारमा सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको देखिन्छ। तथापि यस मान्यताले सङ्ग्रहालयको वर्तमान आधार र अवधारणाको लागि पृष्ठपोषण गर्न सक्दैन।

नवसङ्ग्रहालय, शास्त्र अथवा सङ्ग्रहालय विज्ञान सम्बन्धी आधुनिक मान्यताले सङ्ग्रहालयलाई एउटा भण्डारकक्षको रुपमा मात्र नभएर कुनै राष्ट्र वा समाजको संस्कृति र सभ्यता आदि पक्षको मापन गर्ने एउटा थलोको रुपमा स्वीकार गरिएको पाइन्छ। यसै हुनाले संसारका हरेक राष्ट्रहरुमा सङ्ग्रहालयको महत्वलाई सर्वोपरी ठानेको पाइन्छ। युरोपको पूर्नजागरणको काल अर्थात सत्रौं शताब्दीदेखि सङ्ग्रहालय सम्बन्धी आधुनिक मान्यता वा दृष्टिकोण बेलायतबाट देखापरेको मानिन्छ। यद्यपि प्राचीन वस्तुहरुको संकलन गर्ने सोच भने प्राचीनकाल देखि नै शुरु भएको पाइन्छ। यसैको परिणामस्वरुप सङ्ग्रहालयको विकास भएको हो। पछिल्लो कालमा आएर पुरातत्वको विकासको लागि पनि सङ्ग्रहालयको विकासले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ।

विश्वमा सङ्ग्रहालयको विकासक्रममा प्राचीन मिश्रका सासक रेमसेजको महत्वपूर्ण भूमिका मानिन्छ। यद्यपि उनले सङ्ग्रहालयको स्थापना गर्छु भनेर प्राचीन वस्तुहरुको सङ्ग्रह गरेका थिएनन् तर उनको सौख भने प्राचनि वस्तुहरु सङ्ग्रह गर्नु रहेको थियो। इसापूर्व १३ औं शताब्दीको उनको यो कदम नै सङ्ग्रहालयको इतिहासमा प्रथम कदम बन्न पुग्यो। ई.सं. १८९८ मा पेट्रीले मिश्रमा उत्खनन् गर्दा रेमसेजले स्थापना गरेको सङ्ग्रहालयको अवशेष र केही वस्तुहरु फेला पारेका थिए (पुरी, १९५८ पृ. ८)। संभवत रेमसेजले ज्ञान प्राप्तिको लागि भन्दापनि मनोरञ्जनको लागि वस्तु संकलन गरी सङ्ग्रहालयको स्थापना गरेको देखिन्छ। रेमसेजको यस कदम पछि इसापूर्वकालमा आएर सङ्ग्रहालयको स्थापना गर्ने अर्को सासक मेसोपोटामियाका नबोनिदस थिए। उनले इसापूर्व छैटौं शताब्दीमा केही प्राचीन भग्नावशेषहरुमा उत्खनन् गरेर प्राप्त सामग्रीहरु बेबिलोनमा एक सङ्ग्रहालय स्थापना गरी राख्न लगाए (पुरी, १९५८ पृ. ८)। त्यसपछि सिकन्दर महानले पनि प्राकृतिक वस्तुहरुको सङ्ग्रहमा रुचि राखेको देखिन्छ। यद्यपि उनले संकलन गरेका सामग्रीहरु लामो समयसम्म सुरक्षित रहन सकेनन्। सिकन्दरको मृत्युपछि मिश्रको अलेक्जेण्ड्रिया नामक शहरमा टोलेमी सोटर (Toleomy soter) नामक शासकले शासन गर्दथे। इस्वी पूर्व २९० तिर यस सहरलाई सङ्ग्रहालयको रुपमा विकास गरेका थिए। यस सहरमा विज्ञान धर्म र दर्शनशासत्रका विषयवस्तुहरु संकलन गरिएको थियो (सहाय, १९९२ पृ. १६)। वास्वतमा कला र शिक्षाकी नौवटी देवीलाई स्थापना गर्नको लागि टोलेमीले आफ्नो शासनकालमा सङ्ग्रहालयको स्थापना गराएका थिए (सहाय, १९९२ पृ. १७)। युरोपमा पुनर्जाराणकाल पछि साहित्य, इतिहास, धर्म, दर्शन समाज र संस्कृतिको विषयहरुमा नयाँ सोच र दृष्टिकोणहरु देखापरे। साथसाथै प्राचीन इतिहासको खोजीकार्यको सिलसिला देखापर्यो। यसै क्रममा प्राप्त वस्तु साक्षहरुको सङ्ग्रह

र प्रदर्शनीको लागि पन्ध्रौ शताब्दी इस्वीमा फ्लोरेन्स सहरमा लोरेन्जो द मेडीसी स्थापना गरियो। त्यसैबेला देखि सङ्ग्रहालयमा सङ्ग्रह गरिएका कला संस्कृतिहरुको बारेमा अध्ययन, अनुसन्धान एवम् प्रकाशन गर्ने कार्यको थालनी भयो। यसै क्रममा बेलायतमा पुरावशेष एवं इतिहासप्रति चासो राख्ने मानिसहरु मिलेर सन् १७०७ मा एउटा क्लबको गठन गरियो (शुक्ल र पाण्डेय, २००२ पृ. १४)। यही क्लवको प्रयासले सन् १७५१ मा कानुनी मान्यता प्राप्त सोसाइटी अफ एन्टिक्विटिज अफ लण्डन(Society of Antiquities of London) नामक संस्था खुल्न सक्यो। यसले Archeaologia नामक पत्रिका प्रकाशनको काम समेत गर्न थाल्यो (आचार्य, वि.सं. २०५६ पृ. १७)।

सोह्रौं र सत्रौं शताब्दीको बीचमा व्यक्ति विशेषको रुचिमा निजी सङ्ग्रहालयको विकास भई अल्ब्रोभाण्ड(Ablrovand) को निजी संग्रहमा बोलोग्नी(Bologne) सङ्ग्रहालयको स्थापना भएको थियो (श्रेष्ठ, वि.सं. २०६२ पृ. १५)। सोह्रौ शताब्दीको अन्तमा भिईनामा आर्कदुक फर्डिनाण्ड द्वितीय(Archduke Furdinand II) द्वारा अस्त्र शस्त्र, मुद्रा तथा अन्य बहुमूल्य पुरावशेष तथा दुक अफ ओर्लिन(Duke of orlean) द्वारा क्याण्टनको मुद्रा तथा प्राकृतिक इतिहास संग्रहबाट नै पेरिसको वर्तमान राष्ट्रिय सङ्ग्रहालय बनेको थियो (श्रेष्ठ, वि.सं. २०६२ पृ. १५)।

सत्रौं शताब्दीतिर युरोपमा मानव निर्मित तथा प्राकृतिक विचित्र तथा विलक्षण वस्तुहरु सङ्ग्रहको लागि Museum शब्दको प्रयोग गरिएको थियो (शुक्ल र पाण्डेय, २००२ पृ. १५)। बेलायती प्रकृतिविद् जोन ट्रेडिसेन्ट द एल्डर (John tradeseant the elder) तथा उनका छोरा जोन ट्रेडिसेण्ट द योंगर(John tradeseant the Yonger) ले विभिन्न ठाउँम घुमी धेरै वस्तुहरु सङ्ग्रह गरी सर्वसाधारणलाई पनि पैसा लिएर देखाउने गर्न थाले। उनीहरुको उक्त सङ्ग्रहालयलाई द आर्क (The Ark) नाम दिइएको थियो (शुक्ल र पाण्डेय, २००२ पृ. १५)। सन् १६६२ मा जोन ट्रेडिसेन्ट योंगरको मृत्युपछि उक्त सङ्ग्रहालयको जिम्मा इलियस एस्मोल (Ilias Ashmole) लाई दिइयो र पछि उनले सो सङ्ग्रहालय विश्वविद्यालयलाई दिए। बेलायतमा खोलिएको यो अस्मोलियन सङ्ग्रहालयलाई विश्वको पहिलो सार्वजनिक सङ्ग्रहालयको रुपमा लिने गरिन्छ (शुक्ल र पाण्डेय, २००२ पृ. १५)।

विशेषगरी पहिलो तथा दोस्रो विश्वयुद्ध पछि प्राज्ञिक चिन्तन र मननमा व्यापक उथल पुथल आएको पाइन्छ। विश्वले भोगेका दुईवटा विश्वयुद्धको कारण सामाजिक तथा सांस्कृतिक संरचनामा परिवर्तनको साथ साथै समाजशास्त्रीय एवं मानवशास्त्रीय विषयहरुमा नयाँ दर्शन र सिद्धान्त परिवर्तन भएको देखिन्छ। बेलायती औपनिवेसवादको

सिद्धान्तलाई विरोध गर्दै एकातिर थुप्रै राज्यहरु स्वतन्त्रताको युद्ध लड्न थाले भने अर्कोतिर राजनीतिक अधिकार व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको लहरले गर्दा इतिहास संस्कृति तथा सभ्यताप्रति हेर्ने दृष्टिकोणहरु पनि परिवर्तन भएको पाइन्छ। विज्ञानको व्यापक विकास र त्यसको उपयोगले गर्दा आज विश्व सानो ग्रामको रुपमा विकसित भएको छ। त्यस्तैगरी विश्व मौसम तथा हावापानीमा भएको परिवर्तनले गर्दा सामाजिक संरचनामा परिवर्तन आएको छ। यसले गर्दा समाजशास्त्रीय एवं मानवशास्त्रीय अध्ययनको सिलसिलामा इतिहास तथा संस्कृति पनि महत्वपूर्ण हुने देखिन्छ। अर्को आधारमा भन्नु पर्दा इतिहास तथा संस्कृतिको आत्मा भनेको सङ्ग्रहालय हो। अर्थात् सङ्ग्रहालयको अध्ययन विना समाजशास्त्रीय एवं मानवशास्त्रीय अध्ययन अपूर्ण हुने देखिन्छ।

खासगरी बीसौं शताब्दी तथा एक्काइसौं शताब्दीतिर सङ्ग्रहालय एउटा विज्ञान वा शास्त्रको रुपमा विकास भएको देखिन्छ। युरोपमा खासगरी पहिलो विश्वयुद्ध पछि सन् १९१८ तिर युद्ध पश्चातको पुनः निर्माणको समय (Post war)को समय शुरु भयो। त्यसपछि सङ्ग्रहालयमा पनि विश्वयुद्धमा प्रयोग भएका हतियार तथा उपकरणहरुलाई प्रदर्शनीमा राख्न थालियो। यस पछि सङ्ग्रहालय एउटा शास्त्रको रुपमा विकास भयो। त्यस्तै विभिन्न प्राज्ञिक संस्थाहरु जस्तो UN, UNESCO, ICOM ले सङ्ग्रहालय सम्बन्धी गहन परिभाषाहरु दिएको पाइन्छ। सङ्ग्रहालयमा खासगरी विभिन्न पक्षहरु जस्तो Display, Exhibition, Museum Management, Law, Rule and Regulations आदि विषयमा नयाँ अवधारणा देखापरेको छ। यसरी प्राचीन वस्तुहरुको सङ्ग्रह र संकलनबाट शुरु भएको सङ्ग्रहालय आज एक प्रतिष्ठित संस्थाको रुपमा स्थापित हुन सफल भएको छ। यसको लोकप्रियता तथा जनविश्वासलाई अक्षुण राख्न आइकम( ICOM) जस्ता संस्थाको स्थापना भएको छ। आज सङ्ग्रहालय अनुसन्धान शिक्षा र मनोरञ्जनको केन्द्र बनेको छ।

## २.३ नेपालमा सङ्ग्रहालयको विकास

नेपाल भौगोलिक विविधताले सम्पन्न देश भएकाले भौगोलिक विविधता अनुरुप नै सांस्कृतिक विविधताले पूर्ण छ। वातावरण र पर्यावरण अनुरुप नै यहाँको सामाजिक तथा सांस्कृतिक संरचना संरक्षित छ। जसको प्रतिविम्व सङ्ग्रहालयमा पनि देखिन्छ। यद्यपि नेपाललाई एउटा अनौपचारिक खुल्ला विश्वविद्यालयको रुपमा मान्ने गरिएको पाइन्छ। नेपाल विविध जनजातिका साथै सांस्कृतिक विविधतायुक्त देश हो।

मल्लकालमा काठमाडौं उपत्यकाको तीन वटा राज्यहरु(काठमाडौं, भक्तपुर र ललितपुर)बीच राजनैतिक प्रतिस्पर्धा जस्तै सांस्कृतिक तथा धार्मिक प्रतिस्प्रर्धाले तीव्रता पाएकोले प्राचीन दरबार, देवालय तथा बिहारहरुमा कलात्मक वस्तु सङ्ग्रह गर्ने क्रम व्यापक रुपले भयो। खास गरेर मल्लकालीन तीनवटै दरबारहरु आफैमा कलाका उच्चतम नमुना हुनुका साथै यिनका हरेक चोकहरु कलात्मक वस्तुहरुले श्रृंगार गरिएको पाइन्छ। बहुमूल्य वस्तु तथा पुराना तथा दुर्लभ सामाग्रीहरु जस्तो की हस्तलिखित ग्रन्थ, ताम्रपत्र, स्वर्णपत्र, मूर्ति, हतियार, अभिलेख, सन्धिपत्रहरु आदि दरबार तथा धार्मिक मठ मन्दिरमा जम्मा गर्ने प्रचलन थियो। त्यस्तैगरी बौद्ध विहारहरुमा तथा गुठीहरुमा पनि पुराना वस्तु संकलन गर्ने गरेको पाइन्छ।

धार्मिक सघं संस्थाहरुले विशेष अवरमा पुरातात्विक वस्तुहरु परम्परागत रुपम प्रदर्शन गरिन्छ। जुन प्राचीन समयमा सौन्दर्यबोधक मूल्यका वस्तुको रुपमा व्यक्ति, समुदाय र राष्ट्रले राखेका हुन्छ। जसलाई वर्तमान समयमा प्रत्येक बर्ष परम्पराको रुपमा सार्वजनिक स्थलमा प्रदर्शन गर्ने गरिन्छ (श्रेष्ठ, वि.सं. २०७० पृ. २७)। जस्तै भोटो देखाउने जात्रा र पाटन कृष्ण मन्दिर अगाडि मल्ल राजा योगनरेन्द्र मल्लको सिंहासन प्रदर्शन होस् या अन्य जात्रामा वस्तुहरु प्रदर्शन गर्ने परम्पराले एक प्रकारको Mobile Exhibition लाई संकेत गरेको छ। यसबाट के भन्न सकिन्छ भने नेपालमा सङ्ग्रहालयको विकास हुनुभन्दा अगाडिदेखि नै खुल्ला सङ्ग्रहालयको अवधारणाको विकास भइसकेको थियो ।

### २.३.१ पहिलो चरण

नेपालमा आधुनिक सङ्ग्रहालयको सुरुवात हतियार संकलनबाट शुरु भएको थियो (नकर्मी, वि.सं. २०६३ पृ. १३)। यद्यपी लिच्छविकालमै सङ्ग्रहालयको अवधारणाको प्रष्ट संकेत देखापरेको छ। यस आधारमा वि.सं. १८७६ मा छाउनी सिलखाना स्थापना हुनुभन्दा अगाडि देखि नै सङ्ग्रहालय सम्बन्धी गतिविधिहरुलाई नेपालमा सङ्ग्रहालय इतिहासको अध्ययन सुविधाको लागि पहिलो चरणमा राखिएको छ (श्रेष्ठ, वि.सं. २०६२ पृ. १६)। लिच्छविकालीन अभिलेखहरुमा सङ्ग्रहालयको अवधारणा सम्बन्धी संकेत देखिएतापनि पुराना वस्तुहरु संकलन गरिएका र सङ्ग्रहालय स्थापना गरिएका प्रमाण दिने कुनै पनि पुरातात्विक स्रोतहरु पाउन सकिएको छैन। तर पहिलेका राजामहाराजाहरुमा प्राचीन वस्तुहरु सङ्ग्रह गर्ने सौख चाँहीं थिएन भन्न सकिन्न। पाटन सुन्धाराको अंशुवर्माको संवत् ३४ को अभिलेखमा देव मन्दिरहरुको संरक्षण र सम्बर्द्धनको लागि

गुठीको व्यवस्था गरेको उल्लेख छ (बज्राचार्य, वि.सं. २०३० पृ. २४०)। सङ्ग्रहालयको कार्य खाली वस्तु संकलन मात्र नभएर पुराना वस्तु तथा भग्नावशेषहरुको संरक्षण गर्नु पनि हो। यस मान्यतालाई आधार लिने हो भने उक्त अभिलेखमा व्यक्त भएको भावार्थले सङ्ग्रहालयको अवधारणालाई संकेत गरेको छ।

लिच्छविकालमै थुप्रै मठ मन्दिर दरबार तथा विहारहरुको निर्माण भएको तथ्य अभिलेखहरुबाट थाहा पाइन्छ। संभवत यिनै मठ मन्दिरहरुमा कलात्मक वस्तुहरु संकलन गरिन्थे। लिच्छविकालीन अभिलेखहरुमा गोष्ठी शब्दको उल्लेख भएको पाइन्छ जुन धार्मिक कार्यसँग सम्बन्धित छ। संभवत यिनै गोष्ठी मार्फत प्राचीन युगमा देवदेवीका पुराना मूर्तिहरु र वस्तुहरु सङ्ग्रह गरेको चलन हुन सक्छ। यद्यपी त्यो युगमा सङ्ग्रहालय स्थापना गरिएको संकेत चाँही प्राप्त भएको छैन्।

### २.३.२ दोस्रो चरण

वि.सं. १८७६ देखि १९९५ सम्मको अवधिभित्र भएका सङ्ग्रहालय सम्बन्धी गतिविधिहरुलाई यस चरणमा राखिएको छ। वि.सं. १८७६ मा तत्कालीन प्रधानमन्त्री भिमसेन थापाले हालको छाउनी सैनिक व्यारेक नजिकै आफ्नो भवनमा सङ्ग्रहालय स्थापना गरे। यही भवनमा वि.स. १८८१ मा स्वदेशी तथा विदेशी हातहतियार संकलन भएको थियो। शास्त्रगारको रुपमा स्थापना भएको यसको प्रारम्भिक नाम छाउनी शिलखाना राखिएको थियो (Amatya, 1991 P. 45)। यही नै नेपालमा आधुनिक सङ्ग्रहालयको सुरुवात थियो। भिमसेन थापा पछि राणाकालीन समयमा यस भवनमा अनेकथरिका स्वदेशी तथा विदेशी हतियारहरु संकलन गरी प्रदर्शन गरेको इतिहास छ। वि.सं. १९९० माघ २ गतेको महाभुकम्प पछि वि.सं. १९९५ पुस ७ गते जुद्ध समशेरले यसको नाम नेपाल म्यूजियम राखी सर्वसाधारणको लागि खुल्ला गरे। यसभन्दा अगाडि उक्त सङ्ग्रहालयमा प्रधानमन्त्री, उच्च पदाधिकारी, विदेशी पाहुनाहरु तथा अन्य गन्यमान्य व्यक्तिहरुलाई मात्र भ्रमण गर्ने अनुमति थियो। इतिहासकार पर्सिभल ल्याण्डनले त्यस सङ्ग्रहालयलाई द आर्सेनल म्यूजियम अर्थात शस्त्र तथा हातहतियारहरु सङ्ग्रह गर्ने सङ्ग्रहालयको रुपमा लिएका थिए। यसै वर्ष अर्थात वि.सं. १९९५ मा लण्डनको एक सङ्ग्रहालयमा काम गरिसकेका भारतीय विशेषज्ञ शिव नारायण सेनलाई जमदार कृष्ण शम्सेरले नेपाल ल्याए र छाउनीमा रहेको यस म्यूजियमका लागि किपर पदमा नियुक्ति गरे (नकर्मी, वि.सं. २०६३ पृ.१९) । यसरी दोस्रो चरणमा नेपालमा सङ्ग्रहालय सम्बन्धी धेरै कृयाकलापहरु नभएतापनि खासगरी जहाँनिया राणा शासनकालमा इतिहास र

संस्कृतिको संरक्षणको लागि भनेर सङ्ग्रहालयको स्थापना हुनु नै सङ्ग्रहालयको विकासको लागि महत्वपूर्ण कदम मानिनु पर्छ।

### २.३.३ तेस्रो चरण

वि.सं. १९९५ मा श्री ३ जुद्ध शम्सेर बेलायत भ्रमणबाट फर्केपछि नेपालमा सङ्ग्रहालयको विकासमा उनले विषेश योगदान दिए। नेपालमा सङ्ग्रहालयको विकासक्रमको क्रम विभाजन गर्दा वि.सं. १९९६ देखि वि.सं. २०२८ साल बीचमा सङ्ग्रहालय सम्बन्धी भएका गतिविधिहरुलाई तेस्रो चरणमा राखिएको छ। वि.सं. १९९९ सालमा जुद्ध शम्सेरले सङ्ग्रहालयको लागि भनेर एक भवन निर्माण गर्न लगाए। यो भवन नै नेपालको प्रथम सङ्ग्रहालय भवन हो। जुद्धजातीय कलाशाला नामले स्थापित यो सङ्ग्रहालय वि.सं. २००० साल बैशाख ५ गते आइतबारको दिन ४ पैसा शुल्क लिई सर्वसाधारणको लागि खुल्ला गरिएको इतिहास छ। जुद्धजातीय कलाशालामा एउटा ताम्रपत्र छ। यो नेपालमा सङ्ग्रहालय विकासका दृष्टिले महत्वपूर्ण छ। सो ताम्रपत्रमा जुद्ध शम्सेरले भनेका छन् "शिल्प उपायमात्र हो तर त्यसलाई वास्ता नगर्ने कलाकारले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैन, यस्तो कलाकार आफ्नो घोडालाई दाना दिन विर्सने जस्तो हुनेछ"।

त्यतिबेला देश, काल र परिस्थितिमा आएको राजनीतिक परिवर्तनले गर्दा सङ्ग्रहालय सम्बन्धी नयाँ अवधारणा आएको पाइन्छ। अतः उनले सर्वसाधारण जनताले पनि टिकट दस्तुर तिरेर हेर्न सकिने गरी नेपाल म्यूजियम खुल्ला गरिदिएका थिए (श्रेष्ठ, वि.सं. २०६२ पृ. १६)। उक्त संग्रहालयमा काष्ठ कला, प्रस्तर कला, मृतिका कला र हाड आदिका माध्यमबाट बनेका कलाकृतिहरु प्रदर्शनी गरिएका छन्। साथै अन्य कतिपय ठाउँबाट ल्याइएका कलाकृति समेत प्रदर्शित गरिएको छ। यस कलाशाला निर्माण अनुभवि विशेषज्ञ शिवनारायण सेनको पनि ठूलो योगदान रहेको छ। उनी २००३ सालमा नेपाली कला तथा संस्कृतिको प्रदर्शन गर्ने जिम्मा लिएर विदेश गएका थिए। त्यसैबेला नेपालका धेरै ऐतिहासिक तथा सांस्कृतिक सामग्रीहरु हराएर गए। शिवनारायण सेनपछि यस संग्रहालयको निर्देशक पदमा भारतका ख्यातीप्राप्त बंगाली कलाकार श्री विनोद विहारी मुखर्जीले पनि केही कालसम्म काम गरे (श्रेष्ठ, वि.सं. २०६२ पृ. १६)। प्रथम नेपालीको रुपमा यस पदलाई प्राप्त गर्ने गौरव नेपालका प्रख्यात कलाकार चन्द्रमान मास्केलाई वि.सं. २००८ सालमा प्राप्त भयो र उनी वि.सं. २०१८ सालसम्म उक्त पदमा बहाल रहे (श्रेष्ठ, वि.सं. २०६२ पृ. १६)।

वि.सं. २००७ सालको क्रान्ति पछि नेपालमा, शिक्षा स्वास्थ्य, प्रशासनिक क्षेत्रमा निकै परिवर्तन भयो। इतिहास लेखन तथा अनुसन्धानमा देशी विदेशी विद्वानहरुले महत्वपूर्ण योगदान दिएको पाइन्छ। यसका साथै वि.सं. २००७ सालको परिवर्तनले सङ्ग्रहालयको विकासमा पनि सकारात्मक प्रभाव पर्न गयो। वि.सं. २००९ सालमा पुरातत्व विभागको स्थापना भयो। पछि वि.सं. २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन लागू गरियो। उक्त ऐन कार्यान्वयन भएपछि पुरातत्व विभागले पनि कानूनी मान्यता प्राप्त गर्यो र सङ्ग्रहालय पुरातत्व विभाग अन्तर्गत एउटा कार्यालयको रुपमा रहन गयो। त्यसपछि नेपाली साहित्य, इतिहास तथा संस्कृतिमा विशेष रुची राख्ने तत्कालीन राजा श्री ५ महेन्द्रबाट नेपालको ऐतिहासिक तथा धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने उद्देश्यले तीन वटै शहरका मल्लकालीन दरबारहरुलाई सङ्ग्रहालयको रुपमा विकास गरे। ती सङ्ग्रहालयमा काठमाडौं हनुमान ढोकाको मुद्रा सङ्ग्रहालय (वि.सं. २०१९) (अहिले राष्ट्रिय सङ्ग्रहालय छाउनीमा सारिएको) पाटन दरबारको केशव नारायण चोकको ढलौट सङ्ग्रहालय (हाल पाटन सङ्ग्रहालयको रुपमा विकसित) वि.सं. २०१९ सालमा स्थापित र भक्तपुर दरबारको राष्ट्रिय चित्रकलाशाला सङ्ग्रहालय पर्दछ (द्ववेदी, १९७५ पृ. २७)। भक्तपुरको राष्ट्रिय चित्रकला सङ्ग्रहालयको उद्घाटन स्वर्गीय वि.पी. कोइरालाले वि.सं. २०१७ सालमा गर्नु भएको थियो। यस चरणमा सङ्ग्रहालयको संख्यात्मक भन्दापनि गुणात्मक रुपमा विकास गरेको देखिन्छ। सङ्ग्रहालय विकासकै सन्दर्भमा वि.सं. २०१९ सालतिर पाटनमा विभिन्न प्रस्तर मूर्तिहरुलाई पाटनको पुरातात्विक बगैंचाको स्थापना भएको देखिन्छ। वि.सं. २०१९ सालतिर पुरातात्विक क्षेत्रीय सङ्ग्रहालयको रुपमा कपिलवस्तुमा Site Museum को स्थापना भयो। यसै सिलसिलामा भक्तपुरमा राष्ट्रिय काष्ठकला सङ्ग्रहालय स्थापना भई वि.सं. २०२४ सालदेखि सार्वजनिक रुपमा खुल्ला गरियो। वि.सं. २०२४ सालमा नेपाल म्यूजियमलाई नेपालको राष्ट्रिय सङ्ग्रहालयको रुपमा नामाकरण गरियो। यस चरणमा नेपालको सङ्ग्रहालयको विकासमा सरकारी तवरबाट विशेष पहल भएको देखिन्छ।

### २.३.४ चौथो चरण

वि.सं. २०२८ सालदेखि हालसम्म सङ्ग्रहालय सम्बन्धी भएका गतिविधिहरुलाई यस चरणमा राखिएको छ। यस अवधिमा सङ्ग्रहालय सम्बन्धी व्यापक विस्तार हुनुको साथै प्राज्ञिक अनुसन्धान र गोष्टीहरु हुन थाल्यो। संस्थागत एवमं व्यक्तिगत तवरबाट पनि सङ्ग्रहालयहरु स्थापना हुन थाले। २०४६ सालको राजनीतिक परिवर्तन पछि देखिएको

जातीय तथा क्षेत्रीय अधिकारको पहिचानको मागलाई सम्बोधन गर्ने प्रयास स्वरुप Ethnic and Regional Museum को अवधारणालाई अगाडि सारियो।

व्यक्तिगत स्वतन्त्रता, जातीय पहिचानको राजनीतिक मुद्दा तथा मानवअधिकारको लहर शिक्षा तथा सूचनाको क्षेत्रमा आएको विकासको तीव्रताले गर्दा जनजाती दलित तथा पिछडिएका वर्गहरुको व्यक्तिगत तथा जातीय अधिकारको आवाज बुलन्द हुन पुग्यो जसले गर्दा नेपालमा जातीय सङ्ग्रहालयको स्थापना हुन पुग्यो।

वि.सं २०२८ सालपछाडि खासगरी वि.सं. २०२९ सालमा स्वयम्भू विकास मण्डल नामक संस्थाले स्वयम्भू क्षेत्र भित्र बौद्ध मूर्तिहरुको सङ्ग्रहालयको स्थापना गर्यो। त्यस्तै गरी वि.सं. २०३२ सालमा नेपाल प्राकृतिक इतिहास सङ्ग्रहालयको स्थापना भयो। जसको व्यवस्थापन तथा संचालन हाल त्रिभूवन विश्वविद्यालयको विज्ञान सङ्ग्रहालयले गर्दै आएको छ। देशको पाँचवटै विकास क्षेत्रमा सङ्ग्रहालयको स्थापना गर्ने कार्यक्रम अनुसार पूर्वाञ्चलको धनकुटामा वि.सं. २०५१ आषाढ १ गतेदेखि क्षेत्रीय सङ्ग्रहालय सञ्चालित भइरहेछ। त्यस्तै पोखरामा पनि क्षेत्रीय सङ्ग्रहालय सञ्चालन (गण्डकी प्रदेश सङ्ग्रहालय) भइरहेको छ। सरकारी स्तरबाट बाहेक विभिन्न संस्था तथा व्यक्तिगत तवरबाट सङ्ग्रहालयको विकासमा महत्वपूर्ण योजनाहरु आएका छन्। विभिन्न उद्देश्य अनुरुप तिनका प्रकृति अनुसार विभिन्न प्रकारका सङ्ग्रहालयहरु स्थापना हुन थालेका छन्। सङ्ग्रहालयको आधुनिक सिद्धान्त र अवधारणा अनुरुप पोखरामा निजी क्षेत्रबाट अन्तराष्ट्रिय पर्वतीय सङ्ग्रहालयको स्थापना भएको छ। यस सङ्ग्रहालयमा हिमाली जनजीवन तथा पर्वतारोहणसँग सम्बन्धित गतिविधि तथा सामग्रीहरुलाई प्रदर्शनीमा राखिएको छ (श्रेष्ठ, वि.सं. २०७० पृ. २८)।

यसरी नेपालमा सङ्ग्रहालयको विकासक्रमको सिलसिलालाई अध्ययन सुविधाको लागि वर्गीकरण गरिएको छ। नेपालमा सङ्ग्रहालयको विकासक्रमको चौथो चरणमा संग्रहालयको मात्रात्मक पक्षका साथ साथै गुणात्मक पक्षको पनि विकास भएको देखिन्छ। खासगरी अन्य देशहरुमा जस्तै नेपालमा पनि यहाँको पुरातात्विक र ऐतिहासिक दृष्टिकोणले महत्व राख्ने सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धनको लागि UNESCO जस्ता विश्वप्रसिद्ध संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको खासगरी काठमाडौं उपत्यका र लुम्बिनी क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेर नेपाललाई विश्वमा चिनाउने काम UNESCO ले गरेको छ। यसलाई अनौपचारिक रुपमा खुल्ला सङ्ग्रहालयको विकासको लागि एक महत्वपूर्ण योगदान मान्न सकिन्छ।

## २.४ नेपालमा सङ्ग्रहालयको अवस्था र संभाव्यता

नेपालमा वि.सं. १८७६ मा तत्कालीन प्रधानमन्त्री भिमसेन थापाले आफ्नो निवासमा छाउनी सिलखानाको स्थापना गरी सङ्ग्रहालय सञ्चालनको शुरुवात गरेका थिए। उक्त सिलखानामा स्वदेशी तथा विदेशी हातहतियार संकलन गरी पहुचवाला एवम् उच्च पदस्थ व्यक्ति र विदेशी पाहुनाहरुको लागि मात्र प्रदर्शनको लागि खुल्ला गरिएको थियो। वि.सं. १९९५ मा जुद्ध सम्शेरले यसको नाम नेपाल म्यूजियम राखी सर्वसाधारणको लागि खुल्ला गरेका थिए। वि.सं. २००७ साल को क्रान्ति पछि नेपालको शिक्षा, स्वास्थ्य र प्रशासनिक क्षेत्रमा सकारात्मक प्रभाव पर्न गयो। यसको फलस्वरुप वि.सं. २००९ सालमा पुरातत्व विभागको गठन र वि.सं. २०१३ सालमा प्राचीन स्मारक ऐन बनेपछि सङ्ग्रहालय पुरातत्व विभाग अन्तर्गत एउटा कार्यालयको रुपमा रहन गयो। त्यस्तै वि.सं. २०४६ सालको जनआन्दोलनको उपलब्धीसँगै वि.सं. २०५१ सालमा देशका पाँच वटै विकास क्षेत्रमा क्षेत्रीय सङ्ग्रहालयको स्थापना भएको पाइन्छ। वि.सं. २०६२/६३ को राजनैतिक परिवर्तन पछि र वि.सं. २०७२ मा नेपालको संविधान जारी भएपछि देश संघीयतामा प्रवेश गरे सँगै स्थानिय स्तरमा सङ्ग्रहालयको अध्ययन गरिनु आवश्यक महसुस गरियो। यसरी विभिन्न समयमा भएको राजनैतिक परिवर्तन पछि नेपाली जनमानसमा पारेको प्रभाव र जातीय पहिचानको खोजी गर्ने क्रमका साथै प्राज्ञिक छलफलले गर्दा क्षेत्रीय तथा जातीय सङ्ग्रहालयको अवधारणा अस्तित्वमा आएको देखिन्छ।

नेपालमा निजि स्तरबाट स्थापित सङ्ग्रहालयहरुमा पोखराको पर्वतीय सङ्ग्रहाल नमूना सङ्ग्रहालयको रुपमा लिन सकिन्छ। यसका साथै समुदायबाट सञ्चालीत जातीय सङ्ग्रहालयहरु स्तर उन्नतीको क्रममा छन। यसरी नेपालमा सरकारी र निजि स्तरबाट सञ्चालीत सङ्ग्रहालयहरुको अवस्था विकासको क्रममा नै रेहेको देखिन्छ। काठमाडौं उपत्यकाको कीर्तिपुरस्थित चम्पादेवीको डाँडाको फेदीमा खुल्ला जातीय सङ्ग्रहालयको स्थापना गरिने योजना अगाडि बढेको छ। नेपाल एक सांस्कृतिक विविधताले पूर्ण देश भएकाले यस सङ्ग्रहालयमा उक्त वास्तविकताको प्रतिविम्व झल्कने गरी सांस्कृकि यथार्थता प्रदर्शित हुनेछन्। यस सङ्ग्रहालयको लागि उपयुक्त ठाउँ चम्पादेवीको २०० रोपनीको खुला मैदान किटान भइसकेको छ। यस सङ्ग्रहालयको स्थापनको लागि ब्रितिस नागरिक जोन साल्टरको योगदान महत्वपूर्ण छ। साथै नेपाल पर्यटन बोर्ड तथा आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानले यस्तो सङ्ग्रहालय निर्माणको अभियानलाई सहयोग पुर्याउँदै

आएको छ। यसले नेपालमा सङ्ग्रहालयको संभाव्यता र विकासको अवस्थालाई उजागर गरेको देखिन्छ।

सङ्ग्रहालय मुनाफारहित मानव निर्मित वा प्राकृतिक रुपमा बनेका बस्तुहरुको संकलन तथा त्यसको संरक्षण गरी प्रदर्शन गरिने थलो वा संस्था हो भन्ने बुझिन्छ। हरेक ब्यक्तिलाई आफ्नो इतिहास र आफ्ना पुर्खाका बारेमा जान्ने जिज्ञासा हुन्छ र त्यस बारेमा जानकारी दिने माध्यम भनेको सङ्ग्रहालय नै हो। नेपालको सन्दर्भमा धेरैपछि यसको विकासक्रम शुरु भएपनि शौखले संकलन गर्ने परम्परा भने धेरै पुरानो हो भन्न सकिन्छ। लिच्छविकालको बारेमा त्यति थाहा पाउन नसकिए पनि मध्यकालमा आएपछि आफ्नो दरबारमा पुराना र महत्वपूर्ण बस्तुहरु संकलन गरी दरबारमा सजाउने गरेको प्रताप मल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्ल आदि राजाहरुको तत्कालीन इतिहासबाट थाहा पाउन सकिन्छ। आधुनिक युगमा सङ्ग्रलयमा पुरातन, मूल्यवान र दुलर्भ बस्तुहरुको संकलन गरेर प्रदर्शन गर्ने गरिन्छ।

नेपाल धेरै जनजाती र भाषाभाषीहरु मिलेर बसेको बहुजाति, बहुभाषी, बहुधार्मिक एवं बहुसाँस्कृतिक र भौगोलिक विविधताले भरिपूर्ण मुलुक हो। देश एकात्मक राज्य प्रणालीबाट संघीय स्वरुपमा गईसकेपछि प्रदेश र स्थानीय सरकारबाट आफ्नो क्षेत्रका कला, संस्कृतिको प्रवर्द्धन र पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सन्देश पुऱ्याउन आवश्यक देखिन्छ। यसरी नेपालका भिन्न भिन्न प्रदेश र स्थानीय तहमा स्थापना गरिने जातिय सङ्ग्रहालयले त्यहाँको संस्कृतिको संरक्षण, सम्रक्षण, प्रवर्द्धन र शिक्षा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ साथै ऐतिहासिक पहिचान दिलाउन सक्छ (न्यौपाने, २०१७ पृ. ९९)।

नेपालमा विविध किसिमका सङ्ग्रहालयहरु स्थापना भएको देखिन्छ। जस मध्ये केही सङ्ग्रहालयहरु निम्नानुसार छन।

| क्र.सं. | सङ्ग्रहालयको नाम | स्थान/ जिल्ला |
|---|---|---|
| १ | राष्ट्रिय मुद्रा सङ्ग्रहालय | छाउनी, काठमाडौं |
| २ | राष्ट्रिय सङ्ग्रहालय | छाउनी, काठमाडौं |
| ३ | राष्ट्रिय काष्ठकला सङ्ग्रहालय | पुजारी मठ, भक्तपुर |
| ४ | राष्ट्रिय कला सङ्ग्रहालय | भक्तपुर दरबार स्क्वायर |
| ५ | राष्ट्रिय धातुकला सङ्ग्रहालय | पाटन दरबार स्क्वायर |
| ६ | राष्ट्रिय लोकबाजा सङ्ग्रहालय | त्रिपुरेश्वर, काठमाडौं |

| | | |
|---|---|---|
| ७ | अनराष्ट्रिय पर्वतीय सङ्ग्रहालय | पोखरा, कास्की |
| ८ | राष्ट्रिय फुटबल सङ्ग्रहालय | सानेपा, ललितपुर |
| ९ | हनुमानढोका सङ्ग्रहालय | बसन्तपुर/हनुमानढोका, काठमाडौं |
| १० | नारायणहिटि दरबार सङ्ग्रहालय | दरबारमार्ग, काठमाडौं |
| ११ | जुद्ध जातिय कला सङ्ग्रहालय | छाउनी, काठमाडौं |
| १२ | सैनिक सङ्ग्रहालय | छाउनी, काठमाडौं |
| १३ | प्राकृतिक विज्ञान सङ्ग्रहालय | स्वयम्भु, काठमाडौं |
| १४ | हवाई सङ्ग्रहालय | धनगढी, कैलाली र सिनामंगल काठमाडौं |
| १५ | सर्प सङ्ग्रहालय | झापा |
| १६ | पुतली सङ्ग्रहालय | पृथ्वीनारायण क्याम्पस/ पोखरा, कास्की |
| १७ | माछा सङ्ग्रहालय | फेवाताल/ पोखरा, कास्की |
| १८ | जनजाति सङ्ग्रहालय | भृकुटीमण्डप, काठमाडौं |
| १९ | गुरुङ सङ्ग्रहालय | धलेगाउँ, कास्की |
| २० | लेप्चा सङ्ग्रहालय | इलाम |
| २१ | तामाङ सङ्ग्रहालय | रसुवा |
| २२ | चेपाङ सङ्ग्रहालय | चितवन |
| २३ | थारु सङ्ग्रहालय | वछ्यौली, चितवन |
| २४ | थारु साँस्कृतिक सङ्ग्रहालय | ठाकुरद्धार, बर्दिया |
| २५ | राउटे सङ्ग्रहालय | सुर्खेत |
| २६ | थारु सङ्ग्रहालय | दाङ |
| २७ | तामाङ सङ्ग्रहालय | गट्लाङ, रसुवा |

सङ्ग्रहालयको मुख्य कार्यहरुमा सङ्ग्रह गर्ने, संरक्षण गर्ने, ब्याख्या गर्ने रहेको थियो भने हाल सङ्ग्रहालयको कार्यमा थप शिक्षा र अनुसन्धान गर्ने कार्यलाई महत्वपूर्ण मानिन्छ। यसका अलावा अरु थप किसिमका सङ्ग्रहालयहरुको पनि परिकल्पना गरिएको छ। जस्तो कृषिमा आधारित सङ्ग्रहालय, खुला सङ्ग्रहालय, साइत सङ्ग्रहलय, अवधारणा आइरहेको छ (न्यौपाने, २०१७ पृ. ९९)।

नेपालका विभिन्न क्षेत्रहरुमा निम्नानुसार जातिय सङ्ग्रहालयको सम्भावना रहेको छ।

- पूर्वी क्षेत्रमाः- राई, लिम्बु, लेप्चा
- केन्द्रमाः- तामाङ्ग, चेपाङ्ग, नेवार

- पश्चिमी क्षेत्रमाः- गुरुङ्ग, मगर
- सुदुर पश्चिम क्षेत्रमाः- ब्राम्हण, क्षेत्री, ठकुरी
- तराई क्षेत्रमाः- थारु, मधेषी, धिमाल
- उत्तरी क्षेत्रमाः- शेर्पा, थकाली

उपरोक्त संभावित सङ्ग्रहालयहरु प्रत्येकले विभिन्न समुदाय र क्षेत्रको पहिचानलाई प्रतिनिधित्व गरेको हुन्छ। प्रदेश र स्थानीय तहमा यस्ता सङ्ग्रहालयले समग्र क्षेत्रको संरक्षण, सम्रक्षण, डकुमेन्टेशन र व्याख्या गर्न सकिन्छ। साथै त्यस क्षेत्रको भौगोलिक अवस्थिति, राजनैतिक र सांस्कृतिक लगायत ऐतिहासिक पक्षको प्रदर्शन गर्न सकिन्छ। जसले नेपाली बहुजातिय सामाजिक संस्कारलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा उजागर गरी पहिचान स्थापित गर्न सकिन्छ (न्यौपाने, २०१७ पृ. ९८) ।

वस्तुतः संग्रहालय भनेको राष्ट्रको प्राचीन गौरवलाई जीवन्त तुल्याई राख्ने एक महत्वपूर्ण माध्यम हो। यसको बहुआयामिक महत्व भएकोले सङ्ग्रहालयको समग्र विकास हुँदा सम्पूर्ण राष्ट्र र समाज नै लाभान्वित हुन पुग्छ। प्राचीन सम्पदाहरुको व्यवस्थित संरक्षण, सम्बर्द्धन तथा प्रदर्शन हुन आवश्यक छ। सङ्ग्रहालयको विकासमा निजी क्षेत्रसँगको सहकार्य पनि उत्तिकै आवश्यक छ। सङ्ग्रहालयको समग्र विकासका निम्ति आधुनिक सैद्धान्तिक तथा व्यवहारिक ज्ञानका आधारमा विशेषज्ञहरु तयार पार्ने कुरातर्फ विशेष ध्यान दिदैं योजनाबद्ध ढंगले अगि बढ्न सकेमा नेपालका सङ्ग्रहालयहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा एक आकर्षणको केन्द्रबिन्दु बन्न सक्नेछन्।

## २.५ ज्यापु सङ्ग्रहालयको इतिहास

नेपालमा वि.सं. २००७ साल अगाडि सम्म सर्वसाधारण जनतासमक्ष शिक्षाको पहुँच त्यति थिएन। कुनै व्यक्ति वा समुदायले कुनै संघ वा संस्था खोल्ने प्रचलन पनि थिएन तैपनि काठमाडौं उपत्यकामा नेवारी समुदायमा गुठी परम्परा थियो। नेवारी सामाजिक संगठनको रुपमा विकसित यस्ता खालका गुठी वा संघहरुमा प्राचीन वस्तु तथा सङ्ग्रहालयको विजविन्दुको रुपमा लिन सकिन्छ (न्यौपाने, वि.सं. २०६९ पृ. ५१)।
नेपालमा वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पछि जातिय समुदायको पहिचानको लहर आयो। नेपालका विभिन्न जिल्लाहरुमा अस्तित्वमा रहेका जनजातिहरुले आ-आफ्नो जातिय पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचानको प्रसारका लागि जातिय सङ्ग्रहालयहरु स्थापना भएका छन। नेपालका विभिन्न स्थानमा संचालित जातिय

सङ्ग्रहालयहरुमा थारु सङ्ग्रहालय, गुरुङ्ग सङ्ग्रहालय, शेर्पा सङ्ग्रहालय प्रमुख रुपमा रहेका छन।

यसै सन्दर्भमा नेवार समुदायको ज्यापु (किसान) जातिमा आफ्नो पहिचानलाई स्थापित गर्ने हेतु मिति २०५१ भाद्र २५ गते ज्यापु समाज यलको विधिवत स्थापना भयो। ज्यापु समाज स्थापनाको १६ बर्ष पछि अर्थात २०६७ सालमा ज्यापु जाति लगायत अन्य नेवार जातिकै भाषा, कला, संस्कृति, संस्कार, रहनसहन, रितिरिवाज, चाडपर्व र यस क्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतकि ऐतिहासिक सम्पदाको संरक्षण, सम्बर्द्धन गरी भावी पुस्ताको लागि जगेर्ना गर्न ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा ज्यापु सङ्ग्रहालयको स्थापना भएको छ (महर्जन, वि.सं. २०७२ पृ. ९)।

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका स्थित पाटन शहर भित्रका ४० वटा टोलका प्रतिनिधिहरुसँगको बृहत छलफल पछि ज्यापु समाजको स्वामित्वमा रहने गरी ज्यापु सङ्ग्रहालयको विधिवत स्थापना भएको छ। सङ्ग्रहालय स्थापना भएको बर्ष सदस्य टोलहरुका घर परिवारबाट स्वेच्छाले प्रदर्शन योग्य वस्तुहरु संकल गरिएका थिए। पाटन शहर भित्रका विभिन्न १९ वटा नेवार जातिय खलः पुचः(जातिय समूह) बाट विविध सामाग्रीहरु संकलन प्रदर्शन गर्न आव्हान भएकोमा केही नेवार जातिबाट प्रदर्शन योग्य सामाग्रीहरु प्राप्त गरी प्रदर्शनीमा राखिएको छ।

### २.५.१ नामकरण (नेवार/ज्यापु)

उपत्यकाका प्राचीन जनधनत्वमा नेवारहरुको बाहुल्यता रेको छ। नेवारहरु काठमाडौं उपल्यकामा आदीबासीको रुपमा बसोबास गर्दै आएको मान्याता छ। हिजोआज विविध कारणले नेवारहरु देशका विभिन्न स्थानमा यहाँबाट देशान्तररीत र विस्थापित भएर गएको देखिन्छ। यसरी गएका नेवारहरु नेपालको पूर्व पश्चिम दक्षिणका शहरी क्षेत्रहरु दोलखा, तानसेन, पोखरा, बन्दीपुर, नुवाकोट, त्रिशुली भैरहवा, धादिङ्ग जिल्ला र अन्य ठाउँहरुमा बसोबास गर्दै आएको पाइन्छ। यस बाहेक नेवारहरु तिब्बत(ल्हासा, साङ्घाई), सिक्किम, दार्जिलिङ्ग, कालिम्पोङ, देहरादून र उत्तरी भारतका अरु क्षेत्रहरुमा पनि बसोबास गरेको पाउँछौं (Gerard, 2007 P. 1)।

नेवार को हुन ? र यसको प्राचीनता नेपाल भूमिमा कहिलेबाट जोडिएको हो ? भनि यकिनका साथ भन्न नसकेता पनि विभिन्न इतिहासकारहरुले आ-आफ्नै ढंगबाट व्याख्या गरेका पाउँछौं। नेवार शब्द जाती वाचक नभई स्थान विशेषका बासिन्दा भन्ने अर्थमा प्रयोग भएको छ। यसको उच्चारण नेपाल शब्दबाट उत्पति भएको मानिन्छ। डा.

सुनिलकुमार चटर्जीले नेपाल र नेपार दुबै शब्दलाई एकै मानेका छन्। उनका अनुसार "प" र "ल" को ठाउँमा "व" र "र" उच्चारण भएर नेवार शब्द सृजना भएको हो (चटर्जी, १९५१ पृ. १८३)। नेवार भाषामा "ल" र "र" बीच खास भिन्नता मानिदैन। "ल" को सट्टा "र" तथा "र" को सट्टा "ल" लेख्ने परम्परा पहिले देखि चल्दैआएको छ। यसको लागि मध्यकालिन विभिन्न अभिलेखहरुमा ठाकुरलाई "ठाकूल", परमेश्वरलाई "पलमेश्वर" लेखिए जस्तै नेपाललाई पनि "नेपार" लेख्नेर भन्ने गरिन्थ्यो (रेग्मी, १९६६ पृ. ७२)। यस्तै इतिहासविद् बाबु कृष्ण आचार्यले 'नेपार' बाट 'नेवार' भएको हो भनि भनेका छन। शंक सम्वत् ८११ मा कर्नाटकवंशी नान्यदेवले नेपाल उपत्यकामा आनन्द मल्लले राज्य गरिराखेको समयमा आक्रम गर्दा मल्लावार जिल्लाका नायरहरु पनि सँगै आएका थिए र यिनीहरु नै पछि नेवार भई यहिकै स्थानीय जातीसँग बसोबास गरेको हो भन्ने गरिन्छ (सिं नेपाली, १९६४ पृ. ८६)। यसरी नै अर्का विद्वान मेजर दब्लुब्रक नर्थेको अग्रेजी पुस्तक 'दी ल्याण्ड अफ गर्खाज' मा नायर नै नेवार हो भनि लेखिएको छ। नान्यदेवले दक्षिण भारतबाट ल्याएका नायर भन्ने मल्लावारका जातिहरु सिपाईको रुपमा आएकालाई यहाँ छुट्टै बस्ती बसाए। आज भोली नेपाल खाल्डोमा बस्ने बहुसंख्यक नेवारहरु यिनीहरुकै वंशज हो भनिएको देखिन्छ। नेवार र नायरको सम्बन्ध खोज्नु टाढाको कुरा जस्तो देखिएता पनि प्राचीन नेपालको इतिहासमा यस्तो कुरा बारम्बार उल्लेख भई रहेको हुदाँ नेपाल र दक्षिण भारतको सम्बन्धलाई नकार्न सकिदैन (श्रेष्ठ, ने.सं. १०८८ पृ. ८६)।

काठमाडौं उपत्यकाको भौगोलिक सुन्दरताको कारणले मात्र नभई यहाँको उर्वर भूमि तिब्बत र भारतबीचको आवत जावतको केन्द्र भएको कारण पनि विभिन्न समय र स्थानबाट आएका मानिसहरुले यहाँको राज्यसत्ता आफ्नो हातमा लियो। समयको अन्तरालमा बाहिरबाट आएर यहाँ शासन गर्ने शासकहरु र उनीहरुसँग उपत्यका आएका नयाँ जातिका मानिसहरु पनि सधैको लागि यहाँ बस्न थाले। विस्तारै यहाँको कला, संस्कृतिसँग आत्मसाथ गर्न सिके। त्यस्तै तिब्बतीमूलका किराँतीहरु पनि नेवार भए, आर्यमूलका शाक्य, कोलिय, लिच्छवि, थकुरी, मल्लहरु नेवार भए। यसरी विभिन्न समय र स्थानबाट उपत्यकाको खाल्डोमा प्रवेश गरी जब यिनीहरुले नेपाल भाषालाई आफ्नो मातृभाषाको रुपमा अंगिकार गऱ्यो उनीहरु सबै नेवारको रुपमा परिचित भयो। यसरी विभिन्न स्थानबाट यहाँ आई नेवार भएकाहरुले बोल्दै आइरहेको नेपाल भाषा नेवारहरुको एउटै मात्र प्रमाणित आधार हो (कसाः, वि.स. २०६७ पृ. २१)।

नेवार जातिको ऐतिहासिक पक्षलाई हेर्ने हो भने उपत्यकाका आदिवासी नेवार नै हो। यसको पुष्टि भौगर्भिकविद्हरुबाट गरिसकेको छ। उपत्यकाको खाल्डोमा जमेको

पानी निकास भएपछि उपत्यकामा बस्ती बस्न थालेको भनाई छ। काठमाडौं उपत्यकामा बसोबास गर्ने समुदायलाई नेवार भन्ने गरिन्छ। त्यसैले नेवार जाति कुनै एक थर नभई एक प्रादेशिक जाति हो (कसाः, वि.स. २०६७ पृ. २१)।

नश्लगत तथ्याङ्कका आधारमा सबै नेवारहरु एउटै मानवीय पुस्ताका सन्तान होइन। उनीहरुको शारिरीक बनावट, अनुहार हेर्दा समान्ता देखिदैन। तर पनि एउटा कुरा के भने यसरी उपत्यकामा भित्रिएका यी नेवारहरु आफू एक्लै आएका होइन। उनीहरुले आफूसँगै आफ्नो जीवन शैली र संस्कार पनि सँगै लिएर आएका हुन। विभिन्न समय र स्थानबाट उपत्यका प्रवेश गरेका मानिसहरु समयको कालक्रममा जसरी नेवारमा परिनत भए, त्यसरी नै उनीहरुसँगै भित्रिएका रहनसहन, संस्कार, संस्कृति, परम्परा र आस्था सबै नेपाल मण्डलमा मौलिक संस्कृति सँगै युगौयुग सम्म घुलमिल हुदै पछि गएर नेवारहरुको छुट्टै नेवार संस्कृतिको रुपमा स्थापित भयो (कसाः, वि.स. २०६७ पृ. २४)। नेवार विभिन्न समय र स्थानबाट नेपाल उपत्यका प्रवेश गरी एक प्रादेशिक जातिको रुपमा बसोबास गरेका समुदाय भएकोले यिनीहरुका धार्मिक र सांस्कृतिक आस्था एउटै भएतापनि सनातन र बौद्ध धर्म संस्कार अनुसार यिनीहरुको रितिरिवाज र चालचलनमा केही भिन्नता पाइन्छ। एउटै नेवार भित्रका विभिन्न समुदायहरु मध्ये जस्तो ज्यापु, शाक्य र श्रेष्ठको वैवाहिक संस्कारको कुरा गर्ने हो शाक्यहरु पूर्ण रुपमा बौद्ध परम्परा अनुसार वैवाहिक संस्कार सम्पन्न गर्छन भने ज्यापु समुदायमा बौद्ध र हिन्दु धर्मको समिश्रणबाट वैवाहिक संस्कार सम्पन्न गर्छन त्यस्तै श्रेष्ठ समुदायमा हिन्दु परम्परा अनुसार वैवाहिक संस्कार सम्पन्न गर्छन।

ठकुरी राजाहरुले लिच्छवीहरुलाई ज्यापुकरण गरेको कुरा इतिहासकार बाबुराम आचार्यले लेखेका छन्। लिच्छवीहरुलाई उत्तर प्रदेशका ब्राम्हणहरुले भ्रष्ट क्षेत्री भन्दो रहेछ (मनुस्मृति अध्याय १०, श्लोक २२) तर लिच्छवीहरु स्वयम् आफुलाई पवित्र गांगलि मान्दा रहेछन्।(लिच्छवी राजा जयदेव द्वितिय पशुपति अभिलेख) यिनीहरु सनातन धर्म मान्ने भएकोले लिच्छवी राजाहरुसँग ब्राम्हण, व्यापारी, ज्यापु, शिल्पकार, डुम आदि जाति आएको देखिन्छ। यिनीहरु विहावारी गर्दै पछि सम्म पनि उत्तर प्रदेश विहारबाट स-सानो समूहमा समयको अन्तरालमा नेपाल प्रवेश गरेको हुदाँ एक दुई पुस्ता पछि नै आफ्नो भाषा बिर्सिएर यहाँको नेपाल भाषा अंगालेको हुनपर्छ। नवौं शताब्दीको आरम्भमा बिहारबाट बौद्धधर्मको लहर आएको बेला पूर्णरुपमा लिच्छवीहरु बौद्ध भई एउटा जात भयो। बिहारबाट थारु जातिका कुमाल, धोवी र अरु शिल्पकारहरु पनि यहाँ एउटा जाति भएर रह्यो। कोही कोही नवौं शताब्दीको अन्ततिर उत्तर प्रदेशबाट वैश्य ठकुरीहरु यहाँ

प्रवेश गरी लिच्छवी माथि विजय गरी नयाँ राज्य स्थापना गरी यी वैष्य ठकुरीहरुले लिच्छवीहरुलाई राजकाजका कुनै पनि काम नदिइकन धेरै परिश्रम गर्नु पर्ने कृर्षि कार्य गर्ने ज्यापु बनाई दियो। लिच्छवीहरुको शिलापत्र बढी मात्रामा ज्यापु जाति बसोबास गर्ने ठाउँ/ टोलमा भेटिन्छ (कसाः, वि.स. २०६७ पृ. ३१)।

### २.५.२ अवस्थीति

काठमाडौं उपत्यकाको तीन जिल्ला मध्येको एक ललितपुर जिल्लाको पाटन दरबार स्क्वायरको उत्तर पूर्वी भाग जून वाग्मती नदीको शंखमूलघाटको दक्षिणमा ललितपुर महानगर पालिका वडा नं. ९ भोलगणेशमा नेवारी परम्परागत शैलीमा बनेको ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा ज्यापु सङ्ग्रहालय अवस्थित छ। यस सङ्ग्रहालयमा ज्यापु समुदायका साथ साथै सबै नेवार जातिकै भाषा, कला, संस्कृति, संस्कार, रहनसहन, रितिरिवाजसँग सम्बन्धित कलावस्तु र कलाकृतिहरु प्रदर्शनीमा राखिएको छ। यसका साथै विभिन्न किसिमका वाद्यवादन र कृर्षि पेशासँग सम्बन्धित वस्तु एवं चित्रकला पनि प्रस्तुत गरिएको छ। यस ठाउँमा पुग्नको लागि पाटन दरवार स्क्वायरबाट उत्तर पूर्व भोलढोका चोकबाट उत्तर र वानेश्वर चोकबाट दक्षिण शंखमूलधाट एवं कोटेश्वरबाट बालकुमारी हुदै यस स्थानमा पुग्न सकिन्छ। यो सङ्ग्रहालय वाग्मती नदीको प्रसिद्ध तिर्थस्थल शंखमूल/जगत नारायण मन्दिरको नजिकै पाँचसय मिटरको दुरीमा अवस्थित (दक्षिणमा) छ।

### २.५.३ स्थापनाको उद्देश्य

नेपालमा विभिन्न समयमा भएको जनआन्दोलनको सफलता पछि आम जनताको शिक्षा र बाह्य संसारसँगको सम्पर्कमा बृद्धि भएको पाइन्छ। जसको परिणाम स्वरुप जातिय समुदायमा पहिचानको लहर आयो। नेपालका विभिन्न जिल्लाहरुमा अस्तित्वमा रहेका जनजातिहरुले आ-आफ्नो जातिय पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान दिन जातिय पहिचानलाई समेतेर जातिय सङ्ग्रहालयहरु स्थापना भएका छन। नेपालका विभिन्न स्थानमा संचालित जातिय सङ्ग्रहालयहरुमा थारु सङ्ग्रहालय, गुरुङ्ग सङ्ग्रहालय, शेर्पा सङ्ग्रहालय प्रमुख रुपमा रहेका छन।

यसै सन्दर्भमा नेवार समुदायको ज्यापु (किसान) जातिमा आफ्नो पहिचानलाई स्थापित गर्ने हेतु वि.सं. २०६७ सालमा ज्यापु जाति लगायत सम्पूर्ण नेवार जातिकै भाषा, कला, संस्कृति, संस्कार, रहनसहन, रितिरिवाज, चाडपर्व र यस क्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतकि ऐतिहासिक सम्पदाको संरक्षण, सम्बर्द्धन गरी भावी पुस्ताको लागि जगेर्ना गर्न

ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा संचालित ज्यापु सङ्ग्रहालयको मूख्य उद्देश्य निम्नानुसार रहेको छ (महर्जन, वि.सं. २०७२ पृ. ९)।

क) नेवाः जातिसँग सम्बन्धित औजार, सामान, गरगहना, बाजागाजा आदि संकलन, अभिलेखिकरण, सूचिकरणसँगै प्रदर्शन गरी ज्यापु लगायत नेवार समुदायकै प्राचीन जीवन शैलीसँगै कला संस्कृतिलाई चीरकाल पर्यन्त जीवन्त राख्ने।

ख) आज विश्व पश्चिमा संस्कृतिबाट प्रभावित हुदै गइरहेको अवस्थामा नेवारहरुको मौलिक भाषा, कला, संस्कृति र सम्पदालाई बचाई राख्ने।

ग) नेवारहरुको दैनिक जीवनमा प्रयोगमा आइरहेको सामाग्रीहरुको अभिलेख राखी भावी पुस्तालाई सू-सूचित गर्ने।

घ) नेवारहरुको चाडपर्वको अभिलेख राख्ने साथै सांस्कृतिक सम्पदासँग सम्बन्धित औजारहरु संग्रह गरी सम्रक्षण एवम् सम्बर्द्धन गर्ने।

ङ) ज्यापु लगायत नेवार समुदायकै भाषा, कला संस्कृतिसँगै सामाजिक जीवन शैलीको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने।

च) नेवारहरुको भाषा, कला, संस्कृतिको बिषयमा अध्ययन अनुसन्धान गर्नेहरुका लागि बलियो आधार तयार गर्ने।

छ) यस सङ्ग्रहालय रहेको स्थानलाई नयाँ पर्यटकीय स्थलको रुपमा विकास गर्ने।

ज) नेवार जातिकै कला संस्कृति पहिचानको रुपमा यस सङ्ग्रहालयलाई विकास गर्न ज्यापु बाहेकका अन्य थरका नेवारहरुसँग सहकार्य गर्ने।

ललितपुर जिल्ला स्थित पाटन शहर भित्रका ४० वटा टोलहरुको संयुक्त स्वामित्वमा रहेको ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा संचालित यस सङ्ग्रहालयमा पाटन शहर भित्रका विभिन्न १९ वटा नेवार जातिय समूहका विविध सामाग्रीहरु संकलन प्रदर्शन गर्ने लक्ष्य रहेकोमा हाललाई चित्रकार समाजबाट प्राप्त कागजी चित्रकला सहित ज्यापु समुदायका विभिन्न टोलबाट संकलित सामाग्रीहरु प्रदर्शित एउटा महत्वपूर्ण जातिय सङ्ग्रहालय हो। यो सङ्ग्रहालय नेवार लगायत आदिवासी ज्यापु जातिको विस्तृत अध्ययन अनुसन्धानको लागि महत्वपूर्ण अध्ययन केन्द्रको रुपमा स्थापना गर्ने उद्देश्यले स्थापना भएको स्थानिय सामुदायबाट संरक्षित सङ्ग्रहालयको रुपमा रहको छ।

काठमाडौं उपत्यका भित्र रहेका आदिवासी जनजाति नेवार जाति सभ्यताको विकासक्रम, जीवन शैली, साँस्कृतिक परम्परा र उनीहरुले विगत देखि वर्तमान सम्म प्रचलनमा ल्याइरहेका विभिन्न किसिमका बस्तु लगायत साँस्कृतिक महत्वका बाजागाजा सहित अन्य सामग्रीहरु प्रदर्शनमा राखिएका छन्। नेवार जातिका संस्कृति र कलाको अध्ययन गर्नेहरुका लागि यस ज्यापु सङ्ग्रहालय महत्वपूर्ण केन्द्रको रुपमा रहने छ।

**२.५.४ सङ्ग्रहालयको सञ्चालन/श्रोत**

ललितपुर महानगरपालिकास्थित पाटन शहर भित्रका विभिन्न टोलहरुको प्रतिनिधिमूलक संस्थाको रुपमा ज्यापु समाज रहेकोछ। यस समाजमा सदस्य टोलहरुबाट प्रतिनिधित्व गरेका सदस्यहरु मध्ये अध्यक्ष सहितको २६ जनाको कार्य समितिबाट समाजको सम्पूर्ण गतिविधि सञ्चालन र नियन्त्रण हुने गरेको पाइन्छ। यस कार्य समिति अन्तर्गत विभागीय प्रमुख सहित पाँच वटा विभाग गठन गरिएको छ।

१. बौद्धिक तथा सांस्कृतिक विभाग

२. आर्थिक तथा भौतिक पूर्वाधार विभाग

३. श्रम तथा युवा विभाग

४. सामाजिक तथा न्याय विभाग

५. शिक्षा तथा प्रविधि विभाग

ज्यापु समाजका विभिन्न विभागहरु मध्ये सामाजिक तथा न्याय विभाग अन्तर्गत यो सङ्ग्रहालय रहेको छ। सङ्ग्रहालय संचालन तथा व्यवस्थापनका लागि ११ सदस्यीय उप समिति गठन भएको छ। सङ्ग्रहालय संचालन तथा व्यवस्थापनका लागि आवश्यक योजनाहरु बनाउने जिम्मेवारी यस उप समितिलाई दिइएको छ।

ज्यापु सङ्ग्रहालय नाफारहित उद्देश्यले स्थापना गरेको सामुदायिक सङ्ग्रहालय हो। यस सङ्ग्रहालयको नियमित आम्दानी नभएकाले सङ्ग्रहालय संचालन तथा व्यवस्थापनका लागि आर्थिक अभाव देखिन्छ। यस सम्बन्धमा समाजको आर्थिक कारोबार हेर्ने लेखापाल श्री राजेश अवालेका अनुसार "ज्यापु समाजले आफ्नो पाँच वटा विभाग अन्तर्गतका विभिन्न उप समितिहरु मार्फत सामाजिक गतिविधिहरु संचालन/व्यवस्थापनका गरिरहेको छ। जस मध्ये सङ्ग्रहालय, पर्यटन तथा विदेश समबन्ध पनि हो। जसले ज्यापु सङ्ग्रहालयको संचालन तथा व्यवस्थापन गरिरहेको छ। ज्यापु समाजमा इच्छुक विभिन्न व्यक्ति, सहयोगी संघ संस्थाहरुबाट निम्नानुसार आर्थिक संकलन हुने गरेको छ।"

१. इच्छुक नेपाली नागरिक एक जनाबाट दैनिक रु.१।-(एक) का दरले बार्षिक रु.३६५-।(तीन सय पैसाठ्ठी)

२. बार्षिक टोल शुल्क रु. ५०००-।(पाँच हजार) (समाजमा आबद्ध ४० टोल)

३. सहयोगी संस्थाबाट बार्षिक रु.२०००००-।(दुई लाख)

४. बिशेष सहयोगी संस्थाबाट बार्षिक रु.४०००००-।(चार लाख)

५. बैंकिङ पार्टनर मार्फत बार्षिक रु.६०००००-।(छ लाख)

यसका साथै समाजले तीनै तहका सरकार समक्ष विभिन्न कार्यक्रमहरुको प्रस्ताव पेश गरी आर्थिक सहयोग प्राप्प हुने गरेका छन। यसरी प्राप्त भएको रकम मध्येबाट सङ्ग्रहालयको संचालन र व्यवस्थापनका लागि केही रकम व्यवस्था गरिएको पाइन्छ।

### २.५.५ सङ्ग्रहालयको स्वामित्व

यो सङ्ग्रहालय ज्यापु समाजको स्वामित्वमा रहेको छ। ज्यापु समाजका विभिन्न विभागहरु मध्ये सामाजिक तथा न्याय विभाग अन्तर्गतको सङ्ग्रहाय, पर्यटन तथा विदेश सम्बन्ध उप समितिले सङ्ग्रहालय व्यवस्थापन हेर्ने गरेको छ।

यस उप समितिमा विभिन्न टोलबाट आएका प्रतिनिधिहरु मध्येबाट संयोजक सहित निम्नानुसार एघार जना सदस्यहरु रहेका छन।

| क्र.सं | नाम/थर | प्रतिनिधि टोल | पद |
|---|---|---|---|
| १ | सरिता अवाले | भिन्घलाछीं | संयोजक |
| २ | आपुलाल महर्जन | खपिंन्छें | सदस्य |
| ३ | सानुकाजी महर्जन | गुइतः | " |
| ४ | सन्तोष डंगोल | मिखाबहाः | " |
| ५ | रविन्द्र महर्जन | पिलाछें | " |
| ६ | रामकृष्ण महर्जन | गःछें | " |
| ७ | लक्ष्मण महर्जन | लोंल | " |
| ८ | तारा महर्जन | कुतिसौंगः | " |
| ९ | मदन महर्जन | छाय्बहा | " |
| १० | मिना महर्जन | काय्गुननी | " |
| ११ | प्रकाश महर्जन | वल्खु | " |

### २.५.६ ज्यापु सङ्ग्रहालयको आवश्यक्ता र औचित्य

सङ्ग्रहालय स्थापनाको उद्देश्य पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक महत्त्व राख्ने वस्तुहरु नासिएर, भत्किएर, बिग्रिएर, चोरिएर नजाओस भन्ने हो। अर्थात सङ्ग्रहालयमा आइसकेपछि ती वस्तुहरुले संरक्षण र सम्बर्द्धनका माध्यमबाट जीवन्तता प्राप्त गर्छन। ज्यापु सङ्ग्रहालय पनि उल्लिखित विचारमा केन्द्रित छ। नेवाः सभ्यता काठमाडौं उपत्यकाको पुरानो सभ्यता हो। यस सभ्यतासँग सम्बन्धित मूर्त र अमुर्त सम्पदाहरुको संकलन, संरक्षण, अभिलेखन र प्रदर्शन गर्नु नै यस सङ्ग्रहालय स्थापनाको

आवश्यक्ता र औचित्य हो। जानेर वा नजानेर ऐतिहासिक सम्पदाहरु नासिने अवस्थमा रहेका छन। व्यक्ति वा समूहसँग रहेका ती सम्पदाहरुको संकलन र संरक्षण गर्नु अति आवश्यक्ता देखिएकाले यसलाई सम्बोधन गर्दे ज्यापु समाजले यो सङ्ग्रहालय स्थापना गरेको हो।

काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवारहरुको आफ्नै भाषा र लिपी रहेको छ। सुसम्पन्न सांस्कृतिक अभ्यासका धनी ज्यापु जातिका पुर्खाले विगतमा अबलम्वन गरेका संस्कार, संस्कृति, रहनसहन, जात्रा, पर्वसँग सम्बन्धित वस्तुहरुको उचित व्यवस्थापन आवश्यक छ। यसका लागि ज्यापु जातिको सङ्ग्रहालय स्थापना नै उपयुक्त विकल्प हुनेछ। जहाँ विगतमा प्रचलनमा रहिसकेका र हाल प्रचलनमा रहेका संकारजन्य कला वस्तुहरुलाई व्यवस्थित र सुरक्षित राख्नु पर्ने हुन्छ। यसरी सुरक्षित प्रदर्शनमा रहेका मूर्त र अमूर्त सम्पदा भावी पुस्तामा हस्तान्तरण र पुस्तान्तरणको गतिलो माध्यम हुन जान्छ। साथै काठमाडौं उपत्यकाका आदिवासी जनजातीहरुको मूर्त र अमूर्त सम्पदाको अध्ययन गर्न आउने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुको लागि यस्ता सङ्ग्रहालयको बिशेष महत्व हुनेछ।

# अध्याय-तीन

# ज्यापु सङ्ग्रहालयको व्यवस्थापन

कुनै पनि संघ/ संस्थालाई  समुचित र सुव्यवस्थित तरिकाले संचालन गर्नको लागि सहि किसिमको नीति तथा योजना हुनुपर्दछ। नीति तथा योजना भनेको एक प्रकारको यस्तो रुपरेखा हो जसको सिमाभित्र रहेर प्रकार्यात्मक गतिविधि गर्न सकिन्छ। एउटा निश्चित Framework भित्र रहेर संस्थागत उद्देश्यलाई परिपूर्ति गर्ने गतिविधिहरु संचालन गरिन्छ।

सङ्ग्रहालयको वैज्ञानिक परिभाषाभित्र नै सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी सैद्धान्तिक विषयहरु समाविष्ट रहेको हुन्छ। एउटा सङ्ग्रहालय संचालन गर्दा के कस्ता विषयमा ध्यान पुर्याउनु पर्छ भन्ने विषयमा सङ्ग्रहालय व्यवस्थापक अथवा सङ्ग्रहालय संचालकले ध्यान पुर्याउनु पर्छ। सङ्ग्रहालय संचालनका लागि कानूनी अधिकारका विषयहरु, त्यस्तै सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरुलाई कानूनी मान्यता दिने सैद्धान्तिक आधारको विषयमा भवन योजना कस्तो हुनुपर्छ, वस्तुहरु कसरी संकलन, संरक्षण र सम्वर्द्धन गरी प्रदर्शन गरिनुपर्छ ? वस्तुको कसरी सुरक्षा गर्नु पर्छ ? आदि जस्ता विषयहरुमा सङ्ग्रहालय व्यवस्थापन अन्तर्गत चर्चा परिचर्चा गरिनु पर्छ। यसरी सङ्ग्रहालय व्यवस्थापनसँग विविध पक्षहरुको आ–आफ्नै महत्व हुने गर्दछ। सङ्ग्रहालय व्यवस्थापनसँग विविध विषयहरु मध्ये केही महत्वपूर्ण विषयको बारेमा यहाँ चर्चा गरिन्छ। सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी धेरै विषयमा छलफल गरिएको पाइन्छ। वास्तवमा व्यवस्थापन भनेको एक प्रकारको कार्ययोजना हो। कार्य योजनाको उद्देश्य र सीमाभित्र रहेर काम गर्दा कामको लक्ष्यमा छिटो पुग्न सकिन्छ।

## ३.१ सङ्ग्रहालय परिसरको व्यवस्थापन

ज्यापु प्रज्ञा भवनमा यस सङ्ग्रहालय २०६७ साल देखि औपचारिक रुपमा संचालन हुदै आइरहेको छ। सङ्ग्रहालयको प्रशासनिक कार्य पनि यही प्रज्ञा भवनमा रहेको कार्यालयबाट हुने गरेको छ। प्रशासनिक भवन र सङ्ग्रहालय एउटै भवनमा रहेकोले परिसर संयुक्त सञ्चालनमा रहेको छ। व्यस्त बजार र बस्तीबाट नजीक शान्त र उचो भागमा सङ्ग्रहालय परिसर रहेको छ। यस परिसरको दक्षिण र पश्चिममा मोटर बाटो रहेको छ भने उत्तरमा प्रज्ञा भवन र पूर्वमा भोल गणेश मन्दिर परिसर रहेको छ।

परिसरको पूर्व पश्चिम र दक्षीणमा बलियो तारजालीले बारेको छ। यहाँ दक्षिण तिरबाट दुई र चार पाङ्ग्रे हलुका सवारी साधन सहित प्रवेश गर्ने द्धार रहेको छ। सङ्ग्रहालय परिसर खुल्ला र ढुङ्गा ओछ्याइएको छ। भविष्यमा सङ्ग्रहालयको गुरु योजना अनुसारका आवश्यक भौतिक पूर्वाधारहरु खडा गर्न सकिने अवस्थामा परिसर रहेको छ।

## ३.२ सङ्ग्रहालयको भवन व्यवस्थापन

सङ्ग्रहालय भवन वस्तु थुपार्ने एक गोदामघर मात्र नभएकोले सङ्ग्रहालय भवन निर्माण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्छ। सङ्ग्रहालयमा सङ्ग्रह गरिने वस्तुहरुको प्रकृति अनुसार सङ्ग्रहालय भवनको वैज्ञानिक मापदण्ड तयार गर्न सकिन्छ। कतिपय अवस्थामा पुराना दरबार भवन मन्दिर बिहार आदिलाई पनि सङ्ग्रहालयको रुपमा परिवर्तन गर्नुपर्ने हुन्छ। यस अवस्थामा सङ्ग्रहालय विज्ञको सुझाव लिन सकिन्छ। प्राचीन भवन एवं दरबारहरुको मौलिकतामा परिवर्तन नहुने गरी प्रदर्शित गरिने वस्तुको प्रकृति अनुसार ती दरबार एवं मन्दिरहरुको भित्रि संरचनामा केही परिवर्तन गर्न सकिन्छ। नेपालको सन्दर्भमा पाटन दरबार, भक्तपुर दरबार, वसन्तपुर दरबार लगायतका थुप्रै दरबार यसै आाधारमा सङ्ग्रहालयको स्वरुप दिएको पाइन्छ। वास्तवमा सङ्ग्रहालय भवन निर्माण गर्नुपूर्व विविध विषयहरुमा ध्यान पुऱ्याउनु पर्छ।

सङ्ग्रहालयमा विभिन्न शाखाहरु जस्तै भण्डार, विक्रिकेन्द्र, सूचना केन्द्र, पुस्ताकालय, शैक्षिक कार्यक्रम गर्ने स्थान, स्थाई तथा अस्थाई प्रदर्शनी गर्ने स्थानहरु, प्राविधिक कक्षहरु, रासायनिक संरक्षण प्रयोगशाला, अनुसन्धान कक्ष आदिको व्यवस्था हुनु पर्छ (द्धिवेदी, १९७५ पृ. ८)। ICOM ले पनि सङ्ग्रहालय सम्बन्धी विशेष ध्यान दिँदै भनेको छ की सौन्दर्यको दृष्टिकोणले सुरुचिपूर्ण प्रदर्शनको लागि उपयुक्त हुनेगरी भवनको निर्माण गर्दा धेरै विषयमा विचार पुऱ्याउनु पर्छ (शुक्ल र पाण्डेय, २००२ पृ. १०३)। Display र Exhibition को लागि सुविधा हुनेगरी साथसाथै प्रकाश वा उज्यालो प्रत्येक ग्यालरीहरुमा पुग्ने गरी भवन निर्माण गर्नुपर्छ। प्रथमतः सङ्ग्रहालय स्थापना गर्ने स्थानको छनौट गर्दा पनि केही कुराहरुमा ख्याल गर्नुपर्छ जस्तो सङ्ग्रहालय शहरदेखि केही नजिक तर शान्त र स्वच्छ ठाउँमा र सर्वसाधारण व्यक्तिहरुलाई पायक पर्ने ठाउँमा स्थापना गरिनु पर्छ। बाहिरी गतिविधि तथा कृयाकलापले अनावश्यक बाधा पुग्ने ठाउँमा सङ्ग्रहालय भवन स्थापना गर्नु त्यति उपयुक्त मानिदैन। सङ्ग्रहालयको संवेदनशिलता प्रति सतर्क हुनुपर्छ। सङ्ग्रहालय भवन स्थापना गर्न योजना बनाउँदा दुईवटा विषयमा ध्यान दिनु पर्छ।

(अ) बाह्य संरचना

(आ) आन्तरिक संरचना

## क. बाह्य संरचना

यस अन्तर्गत सङ्ग्रहालय भवन स्थापना गर्दा अपनाउनु पर्ने बाह्य विषय जस्तो भवन कहाँ बनाउने, कति बनाउने, कसरी बनाउने, भवनको अकार प्रकार के कस्तो हुने आदिमा विचार गर्नु पर्छ। यस बाहेक भवन बनाउँदा निम्न तथ्यहरुमा ध्यान दिनु पर्छ (शुक्ल र पाण्डेय, २००२ पृ. १०५)।

(क) शहरबाट नजिकै शान्त र सुरक्षित ठाउँको छनौट गर्नु पर्छ।

(ख) सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरुलाई औद्योगिक प्रदूषणले असर पुऱ्याउने हुँदा पार्किङ्ग स्थल डम्पिङ्ग एरिया तथा मुख्य सडकबाट केही टाढा हुनुपर्छ।

(ग) पोखरी नदी, ढल, नाली तथा सिमसार क्षेत्रको आसपासमा सङ्ग्रहालय भवन स्थापना गर्न अनुपयुक्त मानिन्छ।

प्रसिद्ध भारतीय विद्वान शिवस्वरुप सहायले पनि माथि उल्लेख गरिएका तथ्यहरुलाई स्वीकार गर्दै अन्य कुराको पनि चर्चा गरेका छन्। जुन यस प्रकार छन् (सहाय, १९९२ पृ. १८०)। प्रशासनिक भवन र सङ्ग्रहालय भवन गरी अलग अलग भवनहरु हुनुपर्छ। सङ्ग्रहालय परिसरमा पुस्तकालय कक्ष, चमेना गृह, सूचना केन्द्र, सुरक्षा पोष्ट आदिको व्यवस्था हुनुको साथै ढलपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्छ। बाह्य संरचना निर्माण गर्दा सङ्ग्रहालय परिसरमा आकर्षक बगैंचा र स–सानो खेल्ने चौरको निर्माण गर्दा सङ्ग्रहालय भवनको सौन्दर्यमा सुगन्धता थपिन्छ। समाजका हरेक वर्ग र उमेर समूहलाई पनि मध्ये नजर राख्दै सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी विषयमा ध्यान पुऱ्याउनु पर्छ।

## ख . आन्तरिक संरचना

सङ्ग्रहालय भवनको आन्तरिक संरचना तयार गर्दा प्रर्दशनी कक्षहरु वैज्ञानिक तरिकाले निर्माण गर्ने विषयमा बढी केन्द्रित हुनुपर्छ। कक्षभित्रको वातावरणको सन्तुलन देखि लिएर सुरक्षासम्मका विषयहरुमा संवेदनशील रहेर प्रदर्शनीको व्यवस्थापन गर्नु नै सङ्ग्रहालयको आधार हो। वस्तुको आकार, प्रकार र प्रकृति अनुसार ग्यालरीको साइज, शो-केशको निर्माण गर्नु पर्छ। यसो भएमा वस्तु प्रदर्शन गर्दा ग्यालरीको आन्तरिक सौन्दर्य झल्किन्छ। शो-केश बीचको दूरी, त्यसको उचाई पनि उचित ढंगको हुनुपर्छ।

जसले गर्दा दर्शकहरुलाई दृश्यावलोकन गर्न सहज होस। वास्तवमै सङ्ग्रहालय भवन निर्माण गर्नु ज्यादै नै जटिल कार्य हो। ग्यालरीको निर्माण गर्ने प्रक्रियामा भुइँ र सिलिङ्ग बीचको दूरी, भुइँ र सिलिङ्गमा प्रयोग गरिने रंग रोगन लगायतका प्राविधिक विषयमा पनि बढी संवेदनशील हुनुपर्छ।

### ३.२.१ ज्यापु सङ्ग्रहालय भवन

काठमाडौं उपत्यकाका अधिकांस मन्दिर, दरबारहरु ईटा, ढुङ्गा र काठबाट बनेका छन। यसरी बनेका दरबार र मन्दिरहरु एक वा बहुतल्ले झिंगटीको छाना भएको भेटिन्छ (महर्जन, वि.सं. २०७४ पृ. २३७)। नेवार सभ्यता र संस्कृतिमा दक्षिणको आर्यन र उत्तरको मंगोलियन संस्कृतिको प्रभाव परेको छ (महर्जन, वि.सं. २०७४ पृ. २३७)। ज्यापु सङ्ग्रहालय नेवारी परम्परागत तल्ले शैलीमा निर्मित ज्यापु प्रज्ञा भवनमा अवस्थित छ। यो भवन कूल ३ रोप्नी ९ आना २ पैसा ३ दाम क्षेत्रफलमा बहु उपयोगी सामुदायिक भवनको रुपमा निर्माण भई संचालनमा रहेको छ। खुल्ला परिसर सहितको यो आधुनिक चार तल्ले भवन परम्परागत दाची ईटा र काठको कलात्मक झ्याल प्रयोग गरी आकर्षक तरिकाले बनाइएको छ। यस भवनको निर्माण तल्लै शैलीको मन्दिरको परिकल्पना गरी तीन गजुरको प्रतिक स्वरुपको छाना राखी बनाइएको छ। यही भवनको पहिलो तल्लामा ज्यापु सङ्ग्रहालय रहेको छ। शुद्ध सङ्ग्रहालय स्थापना गर्ने उद्देश्यले बनाएको नभएता पनि ज्यापु र समग्र नेवार समुदायकै संस्कृतिको जानकारी दिने गरी सङ्ग्रहालयको स्थापना भएको छ।

ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा बेग्ला बेग्लै क्रमशः साँस्कृतिक सम्पदा कक्ष, दशकर्म संस्कार कक्ष, धार्मिक चाडपर्व कक्ष, कृर्षि र आर्थिक गतिविधि कक्ष, धातु र हस्तकला सामग्री कक्ष, जातिय पहिरन र गरगहना कक्ष स्थापना गरिएको छ। यो सङ्ग्रहालय ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा अवस्थित छ। संग्रहालयको भुँई नेवाः वास्तुकला अनुसार तेलिया ईटा बिछयाएको छ भने प्रदर्शनी टेबुललाई कालोमा रातो किनारा भएको नेवारी परम्परागत कपडाले बारिएको छ। टेबुलको माथी रातो मलमल कपडा बिछयाएर सामाग्रीहरु लेबल सहित क्रमैसँग प्रदर्शनमा राखिएको छ। संग्रहालय प्रवेश गर्ने वित्तिकै नेवारी मौलिक भेषभुषामा सजिएर नमस्कार मुद्रामा स्वागत गरेको अवस्थामा ज्यापु/ ज्यापुनीको डमी राखिएको छ।

समाजले आफ्ना सदस्य टोलहरु र बाहिरबाट संकलन गरी ल्याएका नेवार जातिको साँस्कृतिक महत्व बोकेका कलावस्तुहरलाई तिनिहरुको प्रकृतिको आधारमा

विभिन्न कक्षहरुमा प्रदर्शनीमा राखिएको छ। यसका साथै जीवन्त प्रस्तुतीका लागि प्रज्ञा भवनको चौथो तल्लाको खुल्ला हल प्रयोगमा ल्याउने गरिएको छ, भने ज्यापु जातिको मौलिक साँस्कृतिक नाचगान प्रस्तुतीको लागि दोस्रो तल्लामा ठूलो सभाहल रहेको छ।

## ३.३ सङ्ग्रहालयको प्रशासन व्यवस्थापन

कुनै संघ संस्था वा सरकारी कार्यालयको सही तरिकाले संचालन गर्नको लागि प्रशासन पक्षको महत्वपूर्ण भूमिका हुन्छ। वास्तवमा प्रशासन एउटा यस्तो संयन्त्र हो जसले कुनै पनि कार्यालयलाई गतिशिलता दिने गर्छ अर्थात त्यो संघ संस्था वा कार्यालयको उद्देश्य र भावनालाई परिपूर्ति गर्नको लागि संस्थागत विधान अनुरुप कार्यालय संचालन गर्ने हैसियत राख्छ। यस सन्दर्भमा सङ्ग्रहालय प्रशासनको महत्वपूर्ण भूमिका हुने देखिन्छ। सङ्ग्रहालय चाहे जतिसुकै सानो वा ठूलो होस् त्यसलाई गतिशील एवं उपयोगी बनाउनेमा सङ्ग्रहालयध्यक्षको प्रमुख भूमिका हुन्छ। मुख्य प्रशासकीय अधिकृतको हैसियतले सङ्ग्रहालय प्रशासनको मुख्य जिम्मेवारी सङ्ग्रहालय प्रमुख माथि हुन्छ। सङ्ग्रहित वस्तुहरुको जिम्मा विशेषज्ञहरु माथि हुन्छ (द्विवेदी, १९७५ पृ. ८)। सङ्ग्रहालय प्रमुख कुनै पनि विषयको विशेषज्ञ नहोस् तर उसमा सङ्ग्रहालयसँग सम्बन्धित विषयहरु बुझ्न र त्यसलाई कार्यान्वयन गर्नको लागि वृहत दृष्टिकोण र रुचि हुनु पर्छ। सङ्ग्रहालय प्रशासनले सङ्ग्रहालय सम्बन्धी सम्पूर्ण विषयहरुको गहन अध्ययन एवं छलफल गरी सङ्ग्रहालय संचालनको रुपरेखा तयार गर्नु पर्छ। सर्वप्रथम त सङ्ग्रहालयले मान्यता प्राप्त गरिसकेपछि सङ्ग्रहालयसँग सम्बन्धित गतिविधिहरु अगाडि बढाउन सहज हुन्छ। जस्तो वस्तु संकलन र संरक्षण एवं सुरक्षण तथा त्यसको दर्ता गर्नेदेखि लिएर प्रदर्शन गर्ने सम्मका जिम्मेवारीहरुलाई पुरा गर्ने प्रक्रिया अगाडि बढाइन्छ। जुन काम सङ्ग्रहालय प्रशासकको हुने गर्दछ (द्विवेदी, १९७५ पृ. ८)। सङ्ग्रहालयको प्राविधिक व्यवस्थापन नै प्रशासनको नीति तथा नियमको आधारमा गरिन्छ। कर्मचारी भर्ना प्रक्रियादेखि लिएर कर्मचारीको तलब निर्धारण एवं कार्यविभाजन सम्मको सम्पूर्ण प्रक्रियाहरुलाई प्रशासनले व्यवस्थापन गर्छ। कुनै कामको जिम्मेवारी वा दायित्व कुन कर्मचारीलाई दिने अर्थात् सही कर्मचारीको छनौटको प्रक्रिया कसरी अवलम्वन गर्ने भन्ने विषयमा प्रशासनले हेर्ने गर्छ। सङ्ग्रहालय संचालनको लागि आर्थिक श्रोत कसरी जुटाउने ? एक सङ्ग्रहालयले अर्को सङ्ग्रहालयसँग कसरी सहकार्य गर्ने ? सङ्ग्रहालयको विकासको लागि के कस्ता कार्ययोजना तथा नियम नीतिको व्यवस्थापन गर्ने ? जस्ता प्राज्ञिक विषयहरुमा प्रशासनले ध्यान पुऱ्याउनु पर्छ। कर्मचारीको कार्य विभाजन गर्दा

प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारी गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ। सङ्ग्रहालयको सम्पूर्ण व्यवस्थापनको जिम्मा सङ्ग्रहालय प्रमुखमा रहेको हुन्छ। उसको गहन दृष्टिकोणको आधारमा संग्रहालयको विविध पक्षहरुको व्यवस्थापन गरिन्छ।

सङ्ग्रहालयको मुख्य व्यक्तिका रुपमा सङ्ग्रहालय प्रमुख रहेका हुन्छन्। उनैले समग्र सङ्ग्रहालय तथा कर्मचारीहरुको नेतृत्व गरिराखेका हुन्छन्। सङ्ग्रहालय प्रमुखमा दक्षता, अनुभव, विषय सम्बन्धी ज्ञान, प्रशासन संचालन तथा नेतृत्व गर्ने क्षमता जस्ता गुणहरु हुन पर्दछ। सङ्ग्रहालय संचालक समितिले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरुलाई मूर्त रुप दिने काम सङ्ग्रहालय प्रमुखको नेतृत्वमा अन्य कर्मचारिहरुले गर्ने गर्दछन्। ज्यादै ठूला खालका सङ्ग्रहालयमा सङ्ग्रहालय प्रमुख एक जनाले मात्र प्रशासन संचालन गर्न कठिनाई हुने अवस्थामा सहायक प्रमखुको पनि व्यवस्था गरिएको हुन्छ। सहायक प्रमुखले नै प्रमुखलाई हरेक कार्यहरुमा सहयोग पुऱ्याउनरे गर्दछन्। तसर्थ सङ्ग्रहालय प्रमुखमा हुनु पर्ने क्षमताहरु सहायक प्रमुखमा पनि हुनुपर्छ।

सङ्ग्रहालयमा रहने अर्को महत्वपूर्ण पद क्यूरेटर हो। सङ्ग्रहालयमा कति जना क्यूरेटर रहने भन्ने कुरा पनि सङ्ग्रहालयमा रहेका विभाग वा ग्यालरीहरुको संख्यामा भर पर्छ। क्यूरेटरलाई ग्यालरी इन्चार्ज पनि भनिन्छ। सङ्ग्रहालयसँग सम्बन्धित अन्य सामग्रीहरुको जिम्मा क्यूरेटरमा जाने गर्दछ। प्रदर्शन अधिकारी (Exhibiton officer) को सहयोगमा ग्यालरीहरुमा हुने प्रदर्शनको तयारी तथा योजना निर्माण कार्य पनि क्यूरेटरले नै गर्ने गर्दछन्। सङ्ग्रहालय शिक्षाको केन्द्रको रुपमा विकास भइरहेको अवस्थामा सङ्ग्रहालयमा हुने सम्पूर्ण शैक्षिक कृयाकलापहरु यिनै अधिकारीको मातहतमा हुने गर्दछन्। सङ्ग्रहालय तथा त्यहाँ प्रदर्शित वस्तुहरु बारे व्याख्या गर्ने काम लगायत अध्ययन अनुसन्धान तथा प्रकाशन सम्बन्धित कामहरुमा पनि यिनीहरुको ठूलो भूमिका रहेको हुन्छ। शैक्षिक अधिकारीको मातहतमा कर्मचारीरुको रुपमा विभिन्न पथप्रदर्शकहरु पनि रहेका हुन्छन्। यिनै गाइडहरुले विभिन्न दर्शकहरुलाई प्रदर्शित वस्तुहरुको अर्थ र त्यसको महत्व बारे प्रकाश पार्ने गर्दछन्। सङ्ग्रहालयमा भएका वस्तुहरु तथा नयाँ प्राप्त भएका वस्तुहरुको दर्ता किताव खडा गर्न दर्ता अधिकारी पनि सङ्ग्रहालयमा रहेका हुन्छन्। वस्तु कुन माध्यमबाट कस्तो स्वरुपमा प्राप्त भएको, त्यसको वर्गीकरण, दर्ता प्रक्रिया तथा क्याटलग निर्माण गर्ने आदि कार्यहरु यिनीहरुको जिम्मेवारी भित्र पर्दछ। सङ्ग्रहालयमा भएका वस्तुहरुलाई भावी पुस्ता वा लामो समय सम्म पनि सुरक्षित रुपमा जस्ताको तस्तै राख्नु पर्ने भएको हुनाले सङ्ग्रहालयमा रसायनशास्त्री तथा संरक्षणविद् पनि राख्ने गरिन्छ। यिनीहरुको काम भनेको जसरी पनि सङ्ग्रहित वस्तुहरुलाई संरक्षण गरी

पछिसम्म नबिग्रने बनाउनु हो। यी बाहेक सङ्ग्रहालय प्रशासन व्यवस्था सुचारु रुपले संचालन गर्नको लागि प्रशासकीय कर्मचारीहरु, लेखा सम्बन्धी कर्मचारीहरु, पुस्तकालय सम्बन्धी कर्मचारीहरु, स्टोर किपर, ग्यालरी गार्ड, चौकीदार, सरसफाई गर्ने कर्मचारी आदि अनेक कर्मचारीहरुको व्यवस्थापन प्रशासनिक संयन्त्र भित्र व्यवस्था गरिन्छ। यसरी हेर्दा सङ्ग्रहालय प्रशासन व्यवस्थापनको लागि चाहिने कर्मचारीहरु निम्न अनुसार देखिन्छन् (द्विवेदी, १९७५ पृ. ८)।

१. निर्देशक वा सङ्ग्रहालयध्यक्ष वा सङ्ग्रहालय प्रमुख

२. किपर तथा सहायक किपर

३. जिव विज्ञान तथा मानव विज्ञान विशेषज्ञ

४. अनुसन्धान अधिकृत प्राविधिक

५. प्राविधिक कर्मचारी वर्ग

(क) टेक्सी डर्मिष्ट (ख) फोटोग्राफर

(ग) रसायनिक सहायक (घ) मोडेलर

(ङ) ड्राफ्टम्यान (च) वाक्समेन

(छ) सिकर्मी (ज) चित्रकार

(झ) पेन्टर (ञ) इलेक्ट्रीसियन

(ट) मेकानिक्स (ठ) डकर्मी

(ड) नकर्मी

६. कक्ष सहायक

७. गाइड लेकचर्स र गाइडहरु

८. पुस्तकालयध्यक्ष

९. स्टोर किपर

१०. प्रशासकीय कर्मचारी

(क) प्रशासन अधिकृत (ख) लेखापाल

(ग) कार्यालय सहायक (घ) लिपि विशेषज्ञ

(ङ) कार्यालय सहयोगी, बगैंचा, चौकीदार तथा सरसफाई गर्ने स्वीपर आदि।

सङ्ग्रहालय सामाजिक विकासको एउटा उच्च स्तरको वैचारिक केन्द्र हो। सङ्ग्रहलयको लागि आवश्यक मानव शंसाधन फरक एवम् विविध शैक्षिक र व्यवस्थापकिय पृष्ठभूमिबाट आएका हुन्छ। यसरी विविध क्षेत्रबाट आएका कर्मचारीहरुको सन्तुलित परिचालनको फलस्वरुप सङ्ग्रहालयको कार्य सञ्चालन व्यवस्थित हुन्छ (Gary and David, 1994 P. 13) । द ह्याण्ड बुक फोर म्युजियम्स नामक पुस्तकमा Gary Deson र David Dean ले सङ्ग्रहालयको एकिकृत संगठनात्मक संरचनालाई निम्न तालिकामा देखाइएको छ (Gary and David, 1994 P. 16)।





**Figure 2.2** Example of compound organizational structure

16

सङ्ग्रहालय व्यवस्थापन पनि प्राविधिकरुपमा विज्ञान र शैद्धान्तिक रुपमा एउटा कला नै हो। सङ्ग्रहालय व्यवस्थापकले निरन्तर सामाजिक सम्बन्धमा रहनु पर्दछ। साथै मातहतका विभिन्न शाखा प्रमुखहरुसँग आवश्यक निर्देशन सहितको सहकार्यमा रहनु पर्दछ। सङ्ग्रहालय सांस्कृतिक, ऐतिहासिक धार्मिक तथा पुरातात्विक वस्तुहरुको सङ्ग्रह गर्ने महत्वपूर्ण शैक्षिक संस्था पनि हो। सङ्ग्रहालयमा बसी गरिएको उपयुक्त अनुसन्धानलाई हाम्रो संस्कृतिको हराएको सम्बन्धसँग जोडेर विभिन्न आम संचारका माध्यमबाट ज्ञानको प्रवाह छर्न सकिन्छ। यसको लागि पनि सङ्ग्रहालय व्यवस्थापकको महत्वपूर्ण भूमिका हुन्छ।

सङ्ग्रहालयमा कार्यरत कर्मचारीहरुलाई प्राविधिक र अप्राविधिक गरी दुई भागमा वर्गिकरण गरिएको हुन्छ। उक्त दुई वर्गका कर्मचारीहरुमा पनि तीन किसिमका कर्मचारीहरु हुन्छन।

क. पूर्णदक्ष कर्मचारी

ख. अर्धदक्ष कर्मचारी

ग. अदक्ष कर्मचारी

सङ्ग्रहालयमा उपलब्ध प्राविधिक कर्मचारीहरु सङ्ग्रहालय प्रदर्शनसँग सम्बन्धित हुन्छ भने अप्राविधिक कर्मचारीहरु सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको रेखदेख र सुरक्षासँग सम्बन्धित हुन्छ (शुक्ल र पाण्डेय, २००२ पृ. १०१)। सङ्ग्रहालय निर्देशकले सङ्ग्रहालयका विभिन्न प्रद्रर्शनी विभागको लागि आवश्यक कर्मचारी खतनपतन, कर्मचारी सेवा सुविधा र आर्थिक व्यवस्थापन लगायत सबै पक्षसँग सरोकार राख्दछ। निर्देशकको सहायताको लागि सहायक कर्मचारीहरु सहितको एउटा सचिवालय हुन्छ। सङ्ग्रहालयमा क्युरेटरको भूमिका सिमित एवं विशिष्ट हुन्छ। उसले सङ्ग्रहालयको कुनै विभाग, शाखा वा ग्यालरीको बारेमा विशेषज्ञता हासिल गरेका हुन्छ। क्युरेटरको सहायताको लागि अरु सहायक क्युरेटरहरु रहेका हुन्छन। जसलाई ग्यालरी सहायक, ग्यालरी गाइड पनि भनिन्छ (शुक्ल र पाण्डेय, २००२ पृ. १०१)।

### ३.३.१ ज्यापु सङ्ग्रहालय कर्मचारी व्यवस्थापन

एउटा सङ्ग्रहालय संचालन तथा व्यवस्थापनको लागि प्रथमतः सङ्ग्रहालयको उद्देश्य परिपूर्तिको लागि दुरगामी योजना नै हुनु पर्छ। सङ्ग्रहालय व्यवस्थापकले प्राज्ञिक छलफल र अनुसन्धान गरेर सैद्धान्तिक, प्राविधिक तथा प्रशासनिक व्यवस्थापनको त्रिकोणात्मक संयोजन गर्न सक्छ।

ज्यापु समाज, सामाजिक तथा न्याय विभाग अन्तर्गत सङ्ग्रहाय, पर्यटन तथा विदेश सम्बन्ध उप समिति मातहत ज्यापु सङ्ग्रहालय संचालनमा रहेको छ। उप समितिको सिफारिसमा ज्यापु समाज कार्यसमितिबाट सङ्ग्रहालयका कर्मचारी लगायत सङ्ग्रहालयका अन्य सम्पूर्ण कार्यहरुको व्यवस्थापन हुँदै आइरहेको छ। अन्य सङ्ग्रहालयहरुमा जस्तै ज्यापु सङ्ग्रहालयमा पनि कर्मचारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ। संस्था प्रति समर्पित र दक्ष कर्मचारीको लगनशिलताबाट नै सङ्ग्रहालयको उद्देश्य प्राप्प गर्ने आधार तयार भएको हुन्छ।

हाल ज्यापु सङ्ग्रहालयमा निम्नानुसार कर्मचारीहरु कार्यरत रहेको छ।

| क्र.सं | नाम/थर | पद |
|---|---|---|
| १ | विनोद अवाले | व्यवस्थापक |
| २ | राजेश अवाले | लेखापाल |
| ३ | बाबुकृष्ण महर्जन | कार्यालय सहायक |
| ४ | नबिन्द्र महर्जन | कार्यालय सहायक |
| ५ | राजभाई महर्जन | सह-लेखापाल |
| ६ | रमा महर्जन | सङ्ग्रहालय सहायक |
| ७ | तुल्सी (महर्जन) अवाले | कार्यालय सहयोगी |
| ८ | सिम्पु(पाक) महर्जन | सुरक्षा गार्ड |
| ९ | याम बहादुर मगर | सुरक्षा गार्ड |

उपरोक्त तालिका अनुसार सङ्ग्रहालयको लागि आवश्यक दक्ष कर्मचारीहरुको अभाव देखिएको छ। सङ्ग्रहालयको लागि आवश्यक क्युरेटर, कन्जरभेटर, गाइड लेक्चर्स र ग्यालरी गार्डको अभाव रहेको छ।

यस सन्दर्भमा ज्यापु समाजका कार्यालय व्यवस्थापक विनोद अवालेसँग जिज्ञासा राख्दा उहाँका अनुसार ज्यापु समाजमा कार्यरत जम्मा नौं जना कर्मचारीले ज्यापु प्रज्ञा भवनको दैनिक प्रसाशन, जेष्ठ नागरिक भवनको निर्माण कार्य र सङ्ग्रहालयको समेत व्यवस्थापन गर्नु परिरहेको छ। वास्तवमा सङ्ग्रहालय हेर्ने दक्ष कर्मचारीको अभाव रहेको अवस्था छ। जनशक्तिको अभाव भएता पनि सङ्ग्रहालय खोल्ने, सर सफाई गर्ने, वस्तु सुरक्षाको अवस्था हेर्ने लगायतका कार्यहरु भइरहेको छ। सङ्ग्रहालयको वस्तु प्रदर्शनी लगायत अन्य व्यवस्थापन सुधार कार्यको उप समितिको निर्देशन अनुसार उपलब्ध जनशक्तिलाई परिचालन गरी कार्य गर्ने तयारीमा रहेको कुरा राख्नु भयो।

ज्यापु समाज, सङ्ग्रहाय पर्यटन तथा विदेश सम्बन्ध उप समिति संयोजक सरिता अवालेका अनुसार ज्यापु समाज अन्तर्गतको यस उप समितिको व्यवस्थापनमा सङ्ग्रहालय संचालित छ। सङ्ग्रहालयमा उपलब्ध सिमित साधन स्रोत प्रयोग भई सङ्ग्रहलयलाई यहाँ सम्म पुऱ्याउन सफल भएको छ। सङ्ग्रहालयमा कर्मचारी व्यवस्थापन र अन्य कतिपय मापदण्डहरु क्रमशः पुरा गर्ने तर्फ उप समितिले तयारी गरिरहेको छ। सङ्ग्रहालयको व्यवस्थापन र मानव शंसाधन व्यवस्थापन हेर्नको लागि मात्र उप समितिका सदस्यहरु

मध्येबाट सङ्ग्रहालय सम्बन्धी ज्ञान भएका केही सदस्यहरुलाई जिम्मेवारी दिने सम्बन्धमा उप समितिमा छलफल गरी सकेको र विभागिय प्रमुख मार्फत कार्य समितिमा पेश गर्ने निर्णय भैसकेको जानकारी दिनुभयो। यसले सङ्ग्रहालयलाई देशको नमूना जातिय सङ्ग्रहालय बनाउने छ। स्वदेशी र विदेशी अवलोकन कर्ताहरुह एवम अध्ययन अनुसन्धानकर्ताहरुको लागि यो सङ्ग्रहालयले विशेष महत्व राख्ने विश्वास व्यक्त गर्नु भयो।

ज्यापु समाज, सामाजिक तथा न्याय विभाग प्रमुख शान्तमान महर्जनका अनुसार जातिय सङ्ग्रहालय स्थापना गर्ने समाजको प्रारम्भिक लक्ष्य पुरा भएको अवस्था छ। सङ्ग्रहालयको प्रदर्शनी व्यवस्था, कर्मचारी व्यवस्था लगायत अन्य व्यवस्थापनका कुराहरु मिलाउन बाँकी रहेको छ। त्यसैले ज्यापु सङ्ग्रहालयको संचालन व्यवस्थापन गर्न कन्सलटयान्सी मार्फत गुरु योजना तयार भएको अवस्था छ। हामीसँग विभिन्न माध्यमबाट प्राप्त भएका कला वस्तुहरुलाई गुरु योजना अनुसार क्रमशः आवश्यक्ताका आधारमा पुरा गर्दै लैजाने लक्ष्य रहेको छ। यसका लागि चाहिने आर्थिक व्यवस्थापन गर्ने सन्दर्भमा कार्यसमितिमा पहल कद्‌मी भईरहेको जानकारी दिनु भयो। उपलब्ध सिमित मानव संशाधनबाट ज्यापु प्रज्ञा भवनको दैनिक प्रशासनिक कार्य, निर्माणाधिन जेष्ठ नागरिक भवन र सङ्ग्रहालयको काममा समेत खतनपतन गर्नु पर्ने अवस्था छ। सङ्ग्रहालयको लागि आवश्यक ग्यालरी गार्डको कमी महशुस गरी आवश्यक कदम अगाडि बढाउने कुरा राख्नु भयो। साथै नेवार जातिको सांस्कृतिक पहिचानको संवाहक र अनौपचारीक शिक्षा प्रदान गर्ने थलोको रुपमा स्थापना भएको यस सङ्ग्रहालयलाई सदस्य टोलहरुको साथ र सहयोगमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न अन्तर्राष्ट्रिय मापदण्डको गुरु योजना अनुसार अगाडि बढ्नुको विकल्प नरहेको कुरा राख्नु भयो।

## ३.४ सङ्ग्रहालयको प्रकाश व्यवस्थापन

ग्यालरी वा प्रदर्शनी कक्षको निर्माण गर्दा वा व्यवस्था गर्दा प्रकाशले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। प्रदर्शनीमा राखिने कतिपय वस्तुहरुको आयू ह्रास हुनमा प्रकाश वा प्रदर्शनी कक्षको तापक्रमको महत्वपूर्ण भूमिका हुन्छ। कुनै वस्तुहरु अधिक प्रकाशको कारण नष्ट हुन जान्छ भने कुनै वस्तुहरु कम प्रकाशको कारण नष्ट हुन जान्छ। तसर्थ वस्तुहरुको सम्वेदनशीलता अर्थात प्रकृति माथि विचार पुऱ्याउदै उचित तरिकाले प्रकाशको व्यवस्था गर्नु पर्छ। प्राकृतिक प्रकाशबाट आउने Ultravillet Ray ले वस्तुलाई क्षती पुऱ्याउने हुनाले वस्तुको संवेदनशीलता हेरी प्राकृतिक प्रकाश भन्दा कृतिम

प्रकाशको प्रयोग उचित मानिन्छ। विश्वभरि नै प्रदर्शन कक्षमा प्रकाश व्यवस्था एकै प्रकारले हुनुपर्छ भनेर भन्न सकिएको छैन। तथापि देशको भूगोल पर्यावरण र वातावरण तथा जलवायुलाई ध्यान दिँदै प्रकाश व्यवस्था गर्नु पर्छ भन्ने मान्यता रहि आएको पाइन्छ (श्रेष्ठ, वि.सं. २०६२ पृ. ८४)।

प्रकाश तीन वटा स्रोतहरुबाट प्राप्त हुन्छ । सूर्यबाट प्राप्त हुने प्रकाश, ज्वलनशिल पदार्थबाट प्राप्त हुने प्रकाश र विजुली वा Florescent बाट प्राप्त हुने प्रकाश यी तीन वटा श्रोतबाट प्राप्त हुने प्रकाशले वस्तुलाई प्रभाव पारिरहेको हुन्छ। सूर्यबाट आउने Ultraviolet Ray / X-rays आदिको कारण वस्तुहरुमा रासायनिक परिवर्तन हुने गर्छ र वस्तुको आयुमा ह्रास हुन्छ (सहाय, १९९२ पृ. ६८) । सङ्ग्रहालयमा Lamp को प्रयोग भने कहिल्यै पनि गर्न हुँदैन (श्रेष्ठ, वि.सं. २०६२ पृ. ८४)। किनभने Lamp बाट निस्कने कार्वनडाइअक्साइड ग्याँसले प्रदर्शनी कक्षको वातावरण प्रदुषित हुन जान्छ। वस्तुतः प्रदर्शनीकक्षहरुमा नियन्त्रण गरिएको प्राकृतिक प्रकाश र विजुली वत्ती नै उपयुक्त मानिन्छ। यसरी विजुली बत्तीको वा Florescent Light को प्रयोग गर्दा यसले शो-केशमा राखिएको वस्तुमा सौन्दर्य प्रदान गर्नुको साथै दर्शकको आँखालाई पनि असर गर्दैन।

प्रदर्शनकक्षमा सन्तुलित रुपमा प्रकाशको व्यवस्था गर्नु एक महत्वपूर्ण तर जटिल कार्य हो। उचित ढंगले प्रकाशको व्यवस्था गरिएमा वस्तुको सुरक्षाको साथै प्रदर्शनी कक्षको सौन्दर्यता झल्किन्छ। यस बाहेक मूलतः दुईवटा उद्देश्यले सङ्ग्रहालयमा प्रकाशको व्यवस्था गरिन्छ।(सिंह, १९८७ पृ. १०८)

(क) उच्चतम रुपमा वस्तुहरुको सम्वेदनशिलतालाई ख्याल गर्दै तिनको सुरक्षामा ध्यान पुऱ्याउन।

(ख) दर्शकको शारीरिक तथा मानसिक चाहनालाई पुरा गर्न। प्रकाशलाई प्रदर्शित वस्तुमा केन्द्रित गरिन्छ। सङ्ग्रहालय भवन पुरानै भएतापनि प्रदर्शित वस्तुको महत्व नघट्नेगरी प्रकाशको व्यवस्था गर्नु पर्छ। जहाँसम्म सङ्ग्रहालयमा प्रकाशको प्रयोगको प्रश्न छ विशेषज्ञहरुका अनुसार दुई प्रकारका मतहरु प्रचलनमा रहेका देखिन्छन् (श्रेष्ठ, वि.सं. २०६२ पृ. ८४)।

केही सङ्ग्रहालयविद्हरु, वैज्ञानिक एवं विद्युतीय इन्जिनियरहरु कृतिम प्रकाशका हिमायती देखिन्छन्। अन्य सङ्ग्रहालयविद् भने प्राकृतिक प्रकाशमा जोड

दिन्छन्। डा. ए.पि. सिंहले प्राकृतिक प्रकाशको महत्वलाई जोड दिँदै प्राकृतिक प्रकाशको प्रयोग विधिलाई निम्न प्रकारले चर्चा गर्नु भएको छ(सिंह, १९८७ पृ. १०९)।

(क) साइड लाइटिङ्ः यस विधिबाट प्राकृतिक प्रकाशको प्रयोग गर्दा प्रदर्शनी कक्षको पर्खालको माथिपट्टि स–साना झ्यालहरु (Ventilation) मार्फत प्राकृतिक प्रकाश लिइन्छ।

(ख) रिवन विण्डोजः सङ्ग्रहालय प्रदर्शनी कक्षको उत्तरी पर्खालको लगभग पाँच फिट माथि स–साना झ्यालहरु बनाइन्छ र सङ्ग्रहालयको लागि आवश्यक प्रकाश लिइन्छ। यस्तो विधिलाई रिवन विण्डोज भनिन्छ।

(ग) स्काइ लाइटः यस विधिबाट प्राकृतिक प्रकाशको प्रयोग गर्दा सङ्ग्रहालयको छानोमा बुलेट प्रुफ काँच मार्फत सङ्ग्रहालयमा प्रकाश पठाइन्छ।

### ३.४.१ कृतिम प्रकाशको व्यवस्थापन विधि

कृतिम प्रकाश प्रयोगको पनि आफ्नै विधि र मापदण्ड हुन्छ। जस्तो की शो-केशमा प्रदर्शीत वस्तुमा सामान्य वातावरणको भन्दा वढी प्रकाश पार्नु पर्छ (सिंह, १९८७ पृ. १०६)। कृतिम प्रकाशको प्रयोग गर्दा वस्तुको स्वभाविकपनलाई पनि ध्यान दिनु पर्छ। यसतर्फ ध्यान पुऱ्याइएन भने वस्तुको स्वाभाविक गुण अप्रत्यक्ष रुपमा नाश हुने सम्भावना रहन्छ। प्राकृतिक प्रकाशको व्यवस्था भन्दा कृतिम प्रकाशको व्यवस्था गर्न सहज हुन्छ। कृतिम प्रकाशको व्यवस्था गर्दा आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरेर चाहेको ठाउँमा चाहेको अवस्थामा र चाहेको मात्रामा प्रकाशको प्रयोग गर्न सकिन्छ। यस विधिमा ट्युवलाइट, बल्ब, मर्करी आदिको माध्यमबाट प्रकाशको व्यवस्था गर्न सकिन्छ। कृतिम प्रकाशको प्रयोग पनि दुई तरिकाले गर्न सकिन्छ (शुक्ल र पाण्डेय, २००२ पृ. ११५)।

### ३.४.२ प्रत्यक्ष कृतिम प्रकाश

वस्तुहरुलाई केन्द्रित गरी देखाउनको लागि प्रत्यक्ष प्रकाशको प्रयोग गरिन्छ भने कोठाको उज्यालोको लागि अप्रत्यक्ष प्रक्रियाबाट प्रकाश दिने गरिन्छ।अतः सङ्ग्रहालयको प्रकृति हेरी दुवै प्रकारका प्रकाशको प्रयोग गर्नु उपयुक्त देखिन्छ। सङ्ग्रहालय भवनमा प्रकाशको व्यवस्था सुनिश्चित गर्नको लागि निम्न लिखित विषयमा ध्यान पुऱ्याउनु पर्दछ (शुक्ल र पाण्डेय, २००२ पृ. ११५)।

१. विद्युतीय तार र स्वीच बक्स छोपिएको हुनु पर्दछ।

२. प्रकाश व्यवस्था शान्तिपूर्ण एवं सुखद हुनुपर्दछ।

३. रंगिन प्रकाशको व्यवस्था गर्दा होसियारी अपनाउनु पर्दछ।

४. कलावस्तुको विरोधी रंगको प्रकाश व्यवस्था हुनु पर्दछ।

### ३.४.३ अप्रत्यक्ष कृतिम प्रकाश

ग्यालरी वा कक्षहरुको उज्यालोका लागि अप्रत्यक्ष तरिकाले कृतिम प्रकाशको व्यवस्था गर्न सकिन्छ। जस्तो सिलिंगको एक कुनामा राखिएको ट्युवलाइट मार्फत सम्पूर्ण कक्षमा प्रकाश छर्न सकिन्छ।

सङ्ग्रहालय परिसरको वातावरण अनुसार प्रकाशको व्यवस्था गर्नु पर्छ। सङ्ग्रहालयमा भएका विभिन्न प्रकारका वस्तुहरुमा ढुसी नलागोस् नमक्किउन भनेर तथा प्राकृतिक प्रकाशकै लागि पनि वायु संचारण (Ventilation) को प्रयोग गर्नुपर्छ। यसले गर्दा सङ्ग्रहालय भित्रको तापक्रम सन्तुलनमा राख्न सहयोग पु¥याउँछ। तसर्थ सङ्ग्रहालय भवनको निर्माण गर्दाको समयमै प्रकाश व्यवस्थापनको लागि सहि तरिकाले योजना बनाएको खण्डमा प्रदर्शनी कक्षमा प्रर्दशित वस्तुहरुको प्राकृतिक क्षति हुनबाट बचाउँन सकिन्छ।

### ३.४.४ ज्यापु सङ्ग्रहालयमा प्रकाश व्यवस्थापन

ज्यापु सङ्ग्रहालयमा वास्तवमा उचित प्रकारको प्रकाशको व्यवस्थापन हुन सकेको छैन। यहाँ कृतिम प्रकाशको व्यवस्था गरेको छ तर पर्याप्त छैन। कुन वस्तुलाई सिधा प्रकाश दिने, कुन वस्तुलाई छड्के प्रकाशको प्रयोग गर्ने भन्ने विषयमा ध्यान नै पु¥याएको देखिदैन। त्यसै गरी कृतिम प्रकाशको प्रयोगले कतिपय अवस्थामा वस्तुको गरिमालाई प्रकाशित गर्दछ। सङ्ग्रहायको दक्षिण पट्टि नेवारी परम्परागत शैलीको गहनाको प्रदर्शनमा कृतिम प्रकाशको व्यवस्था आकर्षक तरिकाले गरिएको छ।

सङ्ग्रहालयमा प्राकृतिक प्रकाश र कृतिम प्रकाश बीचको सन्तुलन मिलाउनु पर्दछ। यस सङ्ग्रहालयका विभिन्न ग्यालरीमा प्राकृतिक प्रकाश र कृतिम प्रकाश बीचको सन्तुलन मिलेको देखिदैन। यस ग्यालरीमा प्रदर्शीत वस्तुहरुमा कृतिम प्रकाशको व्यवस्था गरिएको छ। वास्तवमा सङ्ग्रहालयमा प्रदर्शीत वस्तुहरुमा कृतिम प्रकाशको उचित व्यवस्थापनले नै प्रदर्शनीको सौन्यर्दय पक्षमा महत्त्वपूर्ण भूमिका खेल्दछ। प्रदर्शनी व्यवस्थापनको योजना र तर्जुमाको रुपरेखा कोर्दा प्रदर्शनीमा प्रकाशको महत्त्वलाई ध्यान दिनु पर्छ। वास्तवमा ३०° को कोणबाट प्रकाश पर्नेगरी बल्भको प्रयोग गर्नु आधिकारिक मानिन्छ (न्यौपाने, वि.सं. २०६९ पृ. ६३)।

अधिकांस ग्यालरीमा प्रदर्शीत वस्तुहरुलाई माथिबाट छड्के कृतिम प्रकाश दिइएको छ भने अर्को तिर वस्तुको पछाडि रहेको झ्यालको पर्दाबाट छिरेको प्राकृतिक प्रकाशले वस्तु अवलोकनमा ब्यवधान पुऱ्याएको छ। एकै ठाउँमा धेरै वस्तु प्रदर्शनीमा राखिएका कारण एक वस्तुको छायाँ अर्को वस्तुमा परेको छ। यहाँ प्रदर्शीत वस्तुको प्रकृतिका आधारमा कृतिम प्रकाशलाई विभिन्न कोणबाट दिनुपर्नेमा सबै वस्तुमा एकै खाले प्रकाशको व्यवस्था गरेको छ।

शो-केशहरुमा कृतिम प्रकाशको उचित तरिकाले व्यवस्थापन गरिएको छैन। शो-केशको पृष्ठमूमिमा दर्शकले अन्य प्रतिविम्ब नदेखिनेगरी प्रकाशको व्यवस्थापन गर्दा कलर रेण्ङ्गि इन्डेक्स(CRI) लाई ध्यान दिनु पर्छ (न्यौपाने, वि.सं. २०६९ पृ. ६३)। पाटन सङ्ग्रहालयमा यस विषयलाई एकदमै ध्यान पुऱ्याइएको छ। अर्को महत्वपूर्ण पक्ष प्रकाश व्यवस्थापनकै चर्चा गर्दा प्राकृतिक प्रकाशको प्रयोग गर्दा विभिन्न विधिहरु जस्तोः साइड लाइटिङ्, रिवन विण्डोज, सनबेक्रस स्काइलाइट आदिको तरिकाहरु अपनाउन सकिन्छ। तर यो भवन संङ्ग्रहालय प्रयोजनको लागि मात्र नभएकोले सम्भव देखिदैन। ग्यालरीमा कृतिम प्रकाशका लागि बिजुलीको प्लग र तार प्रष्ट देखिएकोले प्रकाश व्यवस्थापनको सिद्धान्तलाई व्यवास्ता गरेको देखिन्छ।

## ३.५ सङ्ग्रहालयमा प्रदर्शन व्यवस्थापन

सङ्ग्रहालयको अवधारणा अनुसार वस्तु संकलन गर्ने मात्र होइन संकलित वस्तुहरुलाई तिनको आकार, प्रकार, प्रकृति र अनुक्रम अनुसार दर्शकलाई मनोरञ्जनको साथसाथै केही जानकारी दिने उद्देश्यले निश्चित परिस्थिति तथा परिवेशमा रहेर सार्वजनीकरण गर्नु नै प्रदर्शन हो। त्यसैले सङ्ग्रहालयको प्रमुख कार्य प्रदर्शन नै हो। खाली भण्डार कक्षमा मात्र थुपारिएको कलाकृतिले सङ्ग्रहालयको गरिमालाई बढाउँदैन। संकलित वस्तुहरुको प्रदर्शन नगरी खाली सङ्ग्रह मात्र गरिन्छ भने त्यो एउटा केवल भण्डारकक्ष वा गोदाम घर मात्र हुन जान्छ। अतः सङ्ग्रहालय व्यवस्थापकको प्रमुख कार्य भनेको संकलित वस्तुलाई सम्भव भएसम्म सँगै राखि प्रदर्शन गर्नु हो। प्रदर्शनी कक्षको पृष्ठभूमि भित्ता र सिलिङको रंगको अवस्था, प्रदर्शित वस्तुहरुको संवेदनशीलता, शो-केशको आकार र प्रकार तथा प्रदर्शनी कक्ष भित्र वातावरणको सन्तुलन आदि व्यवस्थापन गर्न सकिएमा प्रर्दनीको शोभा बढ्न जान्छ। सङ्ग्रहालयमा प्रदर्शनीको व्यवस्थापन गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्छ (द्विवेदी, १९७५ पृ. ६८)।

(क) कुनै पनि वस्तुलाई ज्यादै होसियारीपूर्वक वर्गीकरण गरिनु पर्दछ। वर्गीकरण भित्र बाहिरका वस्तु नआउन भन्ने बारेमा विशेष ध्यान दिनु पर्छ।

(ख) वस्तुहरु ठिक ठाउँमा ठिक तरिकाले राख्नु पर्छ। उदाहरणका लागि ठूला ठूला ढुंगाका मूर्तिहरुलाई पादपिठमा राख्न सकिन्छ। यस्तै सानासाना वस्तुहरुलाई सुरक्षाको दृष्टिकोणले शो-केश भित्र राख्न सकिन्छ। वस्तुको आकार अनुसारको शो-केश बनाउनु नै उत्तम हुन्छ।

(ग) वस्तुहरु आकर्षक रुपमा मात्र नभई वस्तुको महत्व बुझाउने किसिमले राख्नु पर्दछ।

(घ) कृतिम प्रकाशको व्यवस्था गर्दा दर्शकहरुको आँखलाई असर नपुग्ने गरी वस्तुमा मात्र लक्षित गर्नु पर्छ। त्यसैले यस प्रयोजनको लागि उपयुक्त हुनेगरी प्रकाशको व्यवस्था गर्नु पर्दछ।

(ङ) प्रकाशको व्यवस्था गर्दा उक्त वस्तुको चरित्र र किसिमलाई पनि ध्यान दिनु पर्छ। जस्तै जैविक वस्तुहरुको लागि प्रकाशको व्यवथा गर्दा तिनीहरुमा असर नगरोस् भनि चनाखो हुनुपर्दछ।

(च) वस्तुहरुको बारेमा दर्शकलाई जानकारी दिनको लागि छापा वा टंकन गरिएको परिचयपाटी Lebel राख्नु पर्छ। परिचयपाटीमा वस्तुको छोटकरी विवरण समेत उल्लेख गरिनु पर्दछ। यस्तो परिचयपाटीको माध्यमबाट सङ्ग्रहालय भ्रमण गर्ने दर्शकहरुले ज्ञान हासिल गर्न सक्दछन्।

(छ) प्रदर्शनमा ऐतिहासिक क्रमवद्धता पनि एउटा महत्वपूर्ण कुरा हो। यसप्रति पनि उचित ध्यान दिनु पर्छ। लथालिङ्ग किसिमले राखिएका वस्तुहरुबाट दर्शकहरुलाई दुविधा तथा अन्योल हुन जान्छ।

प्रदर्शनी व्यवस्थाका सिद्धान्तहरु यहि नै हुनुपर्दछ भन्ने कुनै सर्वमान्य नियम छैन तथापि प्रदर्शनीको उद्देश्य, महत्व तथा समय अनुसार फरक फरक विधिहरु अपनाइएको पाइन्छ। प्रदर्शनी कक्षको पृष्ठभूमिले पनि प्रदर्शनमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। अक्सर गरेर गरगहनाको पृष्ठभूमिको रुपमा रेशम वा मखमलको कपडा प्रयोग गर्ने गरिन्छ (सिंह, १९८७ पृ. १०६)। यसले पृष्ठभूमिको नरमपनालाई दर्शाउछ। यसै कारण गहनाका बुट्टाहरुमा गाढा कलेजी वा निलो रंगको मखमल वा रेशमको प्रयोग भएको हुन्छ जसले गर्दा गहनाको सौन्दर्य बढाउँछ। यहि सिद्धान्त हामी सङ्ग्रहालयको गहना तथा अन्य वस्तुहरुको प्रदर्शनमा पनि लागू भएको पाउँछौ। यसैगरी शिशा, काठ, ढुंगा आदिका स–साना मूर्तिको पृष्ठभूमिको लागि सोहि अनुसारको पृष्ठभूमि प्रयोग गर्ने गरिन्छ

(सिंह, १९८७ पृ. १०६)। रंग दर्शकहरुलाई आकर्षित गर्ने सबै भन्दा महत्वपूर्ण विषय हो। त्यसैले सङ्ग्रहालयमा वस्तुहरु प्रदर्शन गर्दा रंगमा विशेष ध्यान दिनु पर्छ (सिंह, १९८७ पृ. १७७)। सङ्ग्रहालयमा प्रदर्शन व्यवस्थापन गर्नु एकदमै कठिन कार्य हो। वैज्ञानिक तथा रोचक ढंगमा गरिने प्रदर्शनले सङ्ग्रहालयको गरिमा बढाउँछ। यसका साथै सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको सुरक्षाको विषयमा पनि सतर्क हुन जरुरी देखिन्छ। माथि चर्चा गरिएका प्रदर्शनीको गहनता र जटिलतातिर सम्बन्धित क्षेत्रबाट अध्ययन हुनु जरुरी देखिन्छ। सामान्यतया सैद्धान्तिक रुपमा ४०% वस्तुहरुमात्र प्रदर्शन गरिन्छ भने बाँकी ६०% चाहिँ भण्डारमा नै सङ्ग्रह गरिन्छ। तथापि भण्डारमा सङ्ग्रह गरिएका वस्तुहरुलाई पनि विभिन्न समयमा प्रदर्शन गर्ने गरिन्छ। समय र परिस्थिति अनुसार प्रदर्शनीको प्रकृतिमा भिन्नता पाइन्छ। कसै कसैले स्थाई र अस्थाई प्रदर्शनी गरी दुई तरिकाले प्रदर्शनीलाई हेरेका छन् भने कसैले परम्परागत विधि र आधुनिक विधि गरी दुई तरिकाले प्रदर्शन गर्न सकिने बताएका छन् तापनि मोटामोटी रुपमा प्रदशनीलाई तीन भागमा विभाजन गर्न सकिने देखिन्छ।

(क) अस्थायी प्रदर्शनी (Temporary Exhibition)

(ख) गतिशील र विशेष किसिमको प्रदर्शनी (Mobile Exhibition)

(ग) स्थायी प्रदर्शनी (Permanent Exhibition)

सङ्ग्रहालमया सङ्ग्रहित सम्पूर्ण वस्तुहरु एकैपटक प्रदर्शनमा राख्न सकिदैन भने अर्कोतिर सङ्ग्रहालयको सुविधा नभएका ठाउँमा मानिसहरु केन्द्रीय सङ्ग्रहालयमा आएर आफ्नो सौख पुरा गर्ने आर्थिक हैसियत नभएका पनि हुन सक्छन्। यस बाहेक सङ्ग्रहालयले सङ्ग्रह गरेका वस्तुहरुलाई सम्बन्धित गाउँ, ठाउँ, स्कूल, कलेज वा समुदायमा लगेर वस्तुहरुको प्रदर्शन गर्न सक्छ। यसरी निश्चित समयमा निश्चित समूह विशेष लाभान्वित हुनेगरी गरिने प्रदर्शनीलाई अस्थायी प्रदर्शनी भनिन्छ। यस्तो खालको अस्थायी प्रदर्शनीले एकातिर सर्वसाधारण व्यक्तिहरुमा आफ्नो इतिहास, कला, संस्कृति वा सभ्यताप्रति रुचि जगाई दिन्छ भने अर्कोतिर शोधार्थी तथा अन्वेषकहरुलाई सहयोग पुऱ्याउनुको साथै क्षेत्रीय सङ्ग्रहालय खोल्नको लागि सहयोग पुऱ्याउनु हो (गणेशन, २००२ पृ. ८०)।

कुनै पनि निश्चित ठाउँमा स्थापित सङ्ग्रहालयमा गरिने प्रदर्शनीलाई स्थायी प्रदर्शनी भनिन्छ। यस्तो प्रदर्शनीमा आधिकारिक विधि र पद्धति अनुरुप प्रदर्शनको व्यवस्था गरिन्छ। वस्तुहरुको सुरक्षणको साथै सजावट र सौन्दर्यतर्फ पनि उत्तिकै ध्यान दिइन्छ। स्थायी प्रदर्शनीमा प्रदर्शन गरिएका वस्तुहरुलाई बेलाबेलामा परिवर्तन गर्नु

आवश्यक हुन्छ। त्यसैले भण्डारमा रहेका वस्तुहरुलाई पनि समय समयमा परिवर्तन गर्दै प्रदर्शनीमा राख्नाले दर्शकहरुले नयाँ वस्तु देख्न पाउने हुन्छन् र एक पटक सङ्ग्रहालय भ्रमण गरिसकेका दर्शकहरु पनि फेरी सङ्ग्रहालय भ्रमण गर्न अभिप्रेरित हुन्छन् (श्रेष्ठ, वि.सं. २०६२ पृ. ८२)।

कुनै विशेष दिन वा घटनाको अवसरमा गरिने प्रदर्शनीलाई विशेष प्रकारको प्रदर्शनीको रुपमा हेरिन्छ। जस्तै भोटो जात्राको दिन प्रदर्शन गरिने भोटोलाई यस प्रकारको प्रदर्शनीको रुपमा हेर्ने गरिन्छ। वास्तवमा यस प्रकारको प्रदर्शनीमा जुन वस्तुहरु स्थायी रुपमा प्रदर्शन गरिदैन, त्यस्ता वस्तुहरुमात्र विशेष प्रदर्शनीमा प्रदर्शन गरिन्छ। यसरी गरिने प्रदर्शनीमा दर्शकको ध्यान प्रदर्शित वस्तुमा आकर्षिक गर्न सक्नु पर्दछ। वास्वतमा सङ्ग्रहालयको मूल विषय नै वस्तुहरुको प्रदर्शन गर्नु हो। यसरी प्रदर्शनी गर्दा सङ्ग्रहालय व्यवस्थापकले विशेष ध्यान पुऱ्याउन जान्नु पर्छ।

### ३.५.१ ग्यालरी व्यवस्थापन

प्रदर्शन हल अर्थात् ग्यालरी नै सङ्ग्रहालयको मुख्य केन्द्र विन्दु हो। तसर्थ ग्यालरी अर्थात् प्रदर्शन कक्षमा सङ्ग्रह गरिने वस्तुहरुको प्रकृतिसँग सामाञ्जस्यता राख्ने हुनुपर्छ । वायुमण्डलमा सिलिका, एल्मुनियम, सोडियम, क्लोराइड, Floric Acid अक्साइड, क्याल्सियम एवं म्याग्नेसियम आदिका सुक्ष्म कणहरु हुन्छन्। उपरोक्त कारण सङ्ग्रह गरी प्रदर्शनमा राखिएका वस्तुहरुसँग रासायनिक प्रतिक्रिया हुन पुगी वस्तुलाई कमजोर बनाउँछन् (शुक्ल र पाण्डेय, २००२ पृ. १०९)। यसर्थ ग्यालरी निर्माण गर्दा हावा ओहोरदोहोर हुने झ्याल तथा आँखीझ्यालको निर्माण गर्नुपर्छ। वस्तुहरुको सुरक्षाको लागि पनि झ्याल तथा ढोका बलियो र राम्रोसँग खोल्न र बन्द गर्न सकिने हुनुपर्छ। ग्यालरीको निर्माण गर्ने प्रक्रियामा भुइँ र सिलिङ्ग बीचको दूरी, एवम् प्रयोग गरिने रंग रोगन लगायतका प्राविधिक विषयमा पनि बढी संवेदनशील हुनुपर्छ।

### ३.५.२ लेवल र वस्तु परिचय गर्ने लेवल

सङ्ग्रहालयमा वस्तुहरु प्रदर्शन गर्ने काममा परिचयपाटी (Lebelling) को निकै महत्वपूर्ण स्थान छ। परिचयपाटी बिनाको प्रदर्शनलाई उचित तथा सफल प्रदर्शनी मानिदैन। कुनै वस्तु देख्नासाथ दर्शकहरुमा त्यसबारे सामान्य जिज्ञासा उठ्नु स्वभाविक नै हो। दर्शकको सो जिज्ञासालाई शान्त गराउने उद्देश्यले सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको बारेमा संक्षिप्त विवरणलाई परिचयपाटी भनिन्छ। पैसा तिरेर सङ्ग्रहालय प्रवेश गरिसकेपछि दर्शकले त्यहाँ प्रदर्शित प्रत्येक वस्तुहरु बारे सामान्य जानकारी हासिल गरी

सन्तुष्टि प्राप्त गर्न पाउनु उसको अधिकारको कुरा हो। यसको लागि परिचयपाटी सहायक बन्नु पर्छ। परिचयपाटीको प्रमुख उद्देश्य भन्नु नै सङ्ग्रहालय हेर्न आउने दर्शकहरुलाई प्रदर्शित गरिएका प्रत्येक वस्तुहरु बारे आवश्यक सूचना प्रदान गर्नु हो। यस अर्थमा शिक्षाको उद्देश्य पुरा गर्न समेत परिचयपाटीको महत्वपूर्ण भूमिका हुन्छ। पर्याप्त गाइडहरुको व्यवस्था गर्न नसकिने नेपाल जस्तो विकासोन्मुख देशहरुको सङ्ग्रहालमा त झन प्रदर्शित वस्तुहरु बारे ज्ञान तथा शिक्षा प्रदान गर्ने सशक्त माध्यम भनेको नै परिचयपाटी हुन गएको देखिन्छ।

सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको बारेमा लिखित र मौखिक गरी दुई माध्यमबाट जानकारी दिइन्छ। गाइडले वस्तुहरुको बारेमा जानकारी मौखिक रुपमा दिने गर्छ। आजभोलि विकसित देशका सङ्ग्रहालयमा अडिओ भिडिओ जस्तो श्रव्ययान्त्रिक उपकरणहरुको पनि प्रयोग गर्न थालिएको छ। त्यस्तै प्रदर्शित वस्तुको जानकारी भिडियो रेकर्डबाट पनि दिने गरिन्छ। जो श्रव्यदृश्य दुवैका माध्यम हुन आएका छन्। लिखित जानकारी अन्तर्गत क्याटलग (Catlogue), निर्देशिका पुस्तक (Guide Book) आदि पर्दछन्। सङ्ग्रहालयमा वस्तु प्रदर्शन गरिएको मौलिक ठाउँमा नै जानकारी प्रदान गर्न परिचयपाटी बढी उपयुक्त देखिन्छ। परिचयपाटीहरुमा वस्तुहरुको वर्णन लामो किसिमले गरिएका हुँदैनन्। तिनमा छोटो विवरण उल्लेख गरिन्छ जसमा शीर्षक तथा उपशीर्षक राखेर कुन किसिमको वस्तु, कहिले बनेको, कहाँ पाइएको, के बाट बनेको, कसले बनाएको, वस्तुको आकार प्रकार आदि कुराहरुको छोटो रुपमा परिचय हुन्छ। परिचयपाटीहरु स्पष्ट सँग पढ्न सकिने गरी स्पष्ट अक्षरमा टाइप गरी एउटै रंगको भित्ता वा पृष्ठभूमिमा राख्ने गरिन्छ। रंगले वस्तुको आकर्षणलाई प्रभाव पार्ने भएकोले दर्शकहरुमा छिटो र स्थायी प्रभाव परोस् भनेर परिचयपाटीमा विशेष गरी सेतो पृष्ठभूमिमा कालो अक्षरको प्रयोग गर्ने गरिन्छ। यसमा लेखिएका अक्षरहरु ठूला ठूला हुने गर्दछन् जसले गर्दा दर्शकले वस्तुहरुको बारे सजिलै जानकारी लिन सक्दछन्। अक्षर सर्वसाधारण जनताले पनि बुझ्ने भाषा तथा लिपिको प्रयोग परिचयपाटीमा गर्ने गरिन्छ। प्रदर्शित वस्तु जस्तै परिचयपाटीहरुमा पनि आँखाको समतलमा नै राख्ने गरिन्छ। परिचयपाटी यस्तो तरिकाले लेखिनु पर्छकी जसले दर्शकहरुमा त्यस वस्तुबारे अझ जान्ने कौतुहलता जगाओस्। प्रदर्शनी व्यवस्थापनमा परिचयपाटीको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि यसको सही व्यवस्थापन गर्न नसक्दा प्रदर्शनी नराम्रो देखिन्छ। परिचयपाटीको पनि विभिन्न आकार र प्रकार हुने भएकाले कस्तो परिस्थितिमा कस्तो प्रकारको परिचयपाटी प्रयोग गर्ने

भन्नेमा प्रदर्शनी व्यवस्थापकले ध्यान पुऱ्याउनु पर्छ। साधारण तया परिचयपाटी दुई प्रकारका हुने गर्दछन्।

**क. ग्यालरी लेवल**

यस्तो प्रकारको परिचयपाटीमा कुनै एक ग्यालरी वा कक्षमा आएका सम्पूर्ण वस्तुहरुको बारेमा संक्षिप्त विवरण प्रस्तुत गरिन्छ। यस्तो प्रकारको परिचयपाटीबाट दर्शकले उक्त कक्षमा भएका वस्तुहरुको कला, विशेषता, ऐतिहासिकता र सांस्कृतिक एवं पुरातात्विक वस्तुहरुको बारेमा जानकारी प्राप्त गर्न सक्दछ।

**ख. इन्डिभिजुअल लेवल**

यस्तो प्रकारको परिचयपाटीमा उक्त वस्तुको सम्पूर्ण विवरण छोटकरीमा प्रस्तुत गरिन्छ। यस्तो प्रकारको परिचयपाटीको भाषा सहज र सरल हुनुपर्छ साथै आकर्षक शब्दावलीको प्रयोग हुनुपर्छ। अक्षरको आकार प्रकार राम्रोसँग देख्न सकिने र ठूलो हुनुपर्छ। परिचयपाटीहरु हस्तलिखित, टाइप गरिएका, मुद्रित आदि अनेक प्रकारका हुन सक्छन्। यसका साथै शीर्षकसँग सम्बन्धित परिचयपाटी, विशिष्ट वस्तुसँग सम्बन्धित परिचयपाटी समूहका वस्तुहरुसँग सम्बन्धित परिचयपाटी, वर्णानात्मक परिचयपाटी आदि गरी विषयवस्तुको आधारमा पनि अनेक थरिका परिचयपाटीहरु हुन सक्छन्। परिचयपाटीको स्वरुप जे जस्तो भए तापनि यसको शीर्षक घतलाग्दो हुनुपर्छ। तर भ्रमित एवं रहस्यात्मक चाहिँ हुनु हुँदैन। परिचय पाटीहरु लामो भएको अवस्थामा यसलाई दुई वा तीन भागमा विभाजन गर्ने गरिन्छ। सामाग्री छनौट, रंगको चयन, अक्षरको प्रकार, सामाग्रीको प्रदर्शित वस्तु राख्ने स्थान आदि जस्ता समस्याहरु परिचयपाटी निर्माण गर्दा आइपर्ने देखिन्छ। तथापि परिचयपाटी प्रदर्शनीको लागि ताल्चाको साँचो सरह नै भएको मानिन्छ। प्रदर्शनमा राखिएका वस्तुहरुले नै दर्शक सामु केही जानकारी दिइसकेको हुन्छ भने त्यस वस्तुको कथा दर्शकलाई बुझाउने र शिक्षा दिन परिचयपाटीको महत्वपूर्ण भूमिका रहेका हुन्छ। यसरी परिचय पाटीको वैज्ञानिक प्रस्तुतिकरण नै प्रदर्शनीको अभूतपूर्व सफलता मान्न सकिन्छ।

ज्यापु सङ्ग्रहालयको विभिन्न ग्यालरीहरुमा प्रदर्शनीमा राखिएका वस्तुहरुको क्याप्सनमा विवरण पुरा भएको छैन। क्याप्सन(Caption) लाई परिचयपाटी (Lable) पनि भनिन्छ र वास्तवमा क्याप्सन भनेको प्रदर्शित वस्तुको घोसित प्रवक्ता हो भन्दा उपयुक्त होला किनभने सङ्ग्रहालयमा प्रदर्शित प्रत्येक कलावस्तुमा राखिएको क्याप्सनले आम मानिसलाई प्रमाणित जानकारी दिनुका साथै बस्तुको गरिमालाई थप प्रकाशित गर्दछ।

सङ्ग्रहालयमा राखिएका डमीहरु विना क्याप्सन प्रदर्शन गरिएकोले कुन गतिविधिमा संलग्न भएको भन्ने कुराको जानकारी बाह्रय आगन्तुकहरुलाई प्रष्ट नहुने देखिन्छ। प्रदर्शित विविध वस्तुहरुको देवनागरी र अग्रेजी लिपिमा नेपाल भाषामा बस्तुको नाम मात्र उल्लेख भएको क्याप्सन छ। क्याप्सनमा वस्तुको नाम अङ्ग्रेजी लिपीमा लेखिएता पनि भाषा नेवार रहेकोले गैर नेवार आगन्तुकहरुलाई बुझ्न कठिन हुन्छ। प्रदर्शीत वस्तुको नामसँगै प्रयोजन र उपयोगिताबारे उल्लेख गरी क्याप्सन नभएकोले प्रदर्शनी फितलो देखिन्छ। यसै ग्यालरीमा प्रदर्शीत बेतबाँसका वस्तुहरुको प्रयोग विधि र उपयोगिता सहितको विवरणको अभाव देखिन्छ। सामान्य विवरण मात्र कम्प्यूटर टंकन गरी राखिएको छ भने प्रदर्शीत जैविक र अजैविक वस्तुहरको महत्व र कुन संस्कारमा प्रयोग हुने भन्ने कुरा उल्लेख छैन। सङ्ग्रहालयका विभिन्न ग्यालरीमा रहेको परिचय पाटीमा रहेका प्रदर्शनीसँग सम्बन्धित विवरण बेवारिसे र कागजलाई किराले प्वाल पार्न शुर गेरेको अवस्थामा छ।

यस सङ्ग्रहालयमा यस्ता ग्यालरीह पनि छन जसको महत्व काठमाडौ उपत्यकाको वागमती सभ्यतासँग जोडिएको छ। तर परिचय पाटीको नाममा सानो कागजको टुक्रामा कालो मसीले "बाग द्वा" लेखेको बाहेक सिङ्गो बाग्मती नदीको उद्‌गम स्थल र यस सँग सम्बन्धित अन्य कुराहरुको बारेमा कुनै क्याप्सन अथवा विवरण नहुनुले कलात्मक ईटाको गाह्रो लगाई ढुङ्गेधारा मात्र प्रदर्शनमा राखिएको भान दर्शकहरुमा पर्न जाने देखिन्छ।

### ३.५.३ दृष्टि लेवल

सङ्ग्रहालयमा वस्तु प्रर्शनका क्रममा दृष्टि लेवललाई विशेष ध्यान दिनु पर्छ। यो एक किसिमको प्राविधिक कार्य हो। सङ्ग्रहालयमा वस्तु प्रदर्शन गर्ने भनेको दर्शकहरुलाई प्रदर्शित वस्तु प्रति आकर्षित गर्ने हो। प्रदर्शन व्यवस्थापन गर्दा वस्तुलाई आँखाको समतलमा नै राख्ने गरिन्छ। सङ्ग्रहालयमा वस्तुहरुलाई पेडस्टल, टेबुल शो-केश, वाल शो-केश, वाल फ्रेमिङ, फ्री स्टयाण्डिङ्ग आदिको प्रदर्शन विधि प्रयोग गरिएको हुन्छ। वस्तुको गुण, आकार, महत्व लगायत अन्य प्रकृतिको आधारमा प्रदर्शन व्यवस्थापन गरिएको पाइन्छ। यसरी प्रकृतिको आधारमा प्रदर्शित वस्तुहरुलाई दृष्टि लेवल मिलाएर प्रदर्शन गरिएमा दर्शकहरुलाई अवलोकनमा सहज हुन्छ। सङ्ग्रहालयमा प्रदर्शित वस्तु जस्तै परिचयपाटी पनि आँखाको समतलमा नै राख्ने गरिन्छ। परिचयपाटी राख्दा दर्शकहरुमा त्यस वस्तुबारे अझ जान्ने कौतुहलता जाग्ने किसिमले राखिनु पर्छ।

साधारण तया सङ्ग्रहालयमा दृष्टि लेवलिङ गर्दा सबै उमेर र उचाईका मानिसहरुलाई ध्यानमा राखेर गर्नु पर्छ। यसरी दृष्टि लेवल मिलाउँदा सबै उचाईका मानिसहरुलाई मिल्ने गरी एउटा सन्तुलनको उचाई निर्धारण गर्न सकिन्छ।

ज्यापु सङ्ग्रहालयको प्रदर्शनीमा रहेका धेरै जसो वस्तुहरु दृष्टि लेवलमा राखिएको देखिन्छ। यहाँ विद्यालयका छात्र/छात्रा देखि स्वेदशी र विदेशी आगन्तुकहरुलाई ध्यानमा राखि वस्तु प्रदर्शन गरिएको छ। प्रदर्शनमा राखिएका बस्तुहरु ३ फीट उचाईको टेबुलको सतहमा खुल्ला रुपमा र अलग अलग २ फीट चौडा ४ फिट लम्बाई र ६ देखि ८ इन्च उचाईका टेबुल शो-केशहरुमा प्रदर्शनीमा राखिएको छ। साथै ग्यालरीको बिचमा कृतिम भित्ता बनाई दृष्टि लेवलमै वस्तु प्रदर्शन गरिएको छ।

उपत्यकामा पाइने विभिन्न प्रकारका १४ थरी माटोका नमूनाको प्रदर्शनी दुष्टि लेवलमा भएता पनि टेबुलमा समानान्तर राख्नले अलि असहज देखिन्छ। साथै परम्परागत तरिकाले कृर्षिकर्म गरीरहेको गतिविधि झल्कने किसानहरुको स-सानो डमीको प्रदर्शन नमिलेको देखिन्छ। यस सङ्ग्रहालयमा अवलोकन गर्न सहज हुने गरी प्रस्तावित ग्यालर 'ए' को दक्षिण पट्टि नेवारी परम्परागत शैलीको गहनाको प्रदर्शन आँखाको समानान्तर हुने गरी शिसाको शो-केश भित्र चारैतिरबाट हेर्न मिल्ने गरि प्रदर्शन गरिएको छ।

### ३.५.४ पृष्ठभूमि व्यवस्थापन

सङ्ग्रहालय व्यवस्थापन सम्बन्धी धेरै विषयमा छलफल गरिएको पाइन्छ। प्रदर्शनी व्यवस्थाका सिद्धान्तहरु यहि नै हुनुपर्दछ भन्ने कुनै सर्वमान्य नियम छैन तथापि प्रदर्शनीको उद्देश्य, महत्व तथा समय अनुसार फरक फरक विधिहरु अपनाइएको पाइन्छ। सङ्ग्रहालय भवन निर्माण गर्दा सङ्ग्रहालय भवनको आन्तरिक संरचनाको योजना बनाउँदा वस्तु प्रदर्शन गरिने ग्यालरीहरु बढी वैज्ञानिक तरिकाले निर्माण गर्नु पर्छ। यस सँगै प्रदर्शनी कक्षको पृष्ठभूमि भित्ता र सिलिङको रंगको अवस्था, प्रदर्शित वस्तुहरुको संवेदनशीलता, शोकेसको आकार र प्रकार तथा प्रदर्शनी कक्ष भित्र वातावरणको सन्तुलन आदि व्यवस्थापन गर्न सकिएमा प्रर्दनीको शोभा बढ्न जान्छ।

प्रदर्शनी व्यवस्थामा वस्तुको प्रकृति अनुसार नै पृष्ठ भूमिको रंग संयोजन गर्नु पर्छ। प्रदर्शनी कक्षको पृष्ठ भूमिले पनि प्रदर्शनमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। सङ्ग्रहालयका ग्यालरीका भित्ताको रंग धेरै चम्किलो र मधुर पनि हुन हुँदैन। यसले दृश्यलाई प्रदूषित गराइदिन्छ। अक्सर गरेर गरगहनाको पृष्ठभूमिको रुपमा रेशम वा मखमलको कपडा प्रयोग गर्ने गरिन्छ (सिंह, १९८७ पृ. १०६)। यसले पृष्ठभूमिको

नरमपनालाई दर्शाउछ। यसै कारण गहनाका बुट्टाहरुमा गाढा कलेजी वा निलो रंगको मखमल वा रेशमको प्रयोग भएको हुन्छ जसले गर्दा गहनाको सौन्दर्य बढाउँछ। यहि सिद्धान्त हामी सङ्ग्रहालयको गहना तथा अन्य वस्तुहरुको प्रदर्शनमा पनि लागू भएको पाउँछौ। यसैगरी शिशा, काठ, ढुंगा आदिका स–साना मूर्तिको पृष्ठभूमिको लागि सोहि अनुसारको पृष्ठभूमि प्रयोग गर्ने गरिन्छ (सिंह, १९८७ पृ. १०६)। रंग दर्शकहरुलाई आकर्षित गर्ने सबै भन्दा महत्वपूर्ण विषय हो। त्यसैले सङ्ग्रहालयमा वस्तुहरु प्रदर्शन गर्दा रंगमा विशेष ध्यान दिनु पर्छ (सिंह, १९८७ पृ. १७७)।

सङ्ग्रहालयको प्रदर्शनी व्यवस्थामा वस्तुको परिचय पाटि तयार गर्दा पृष्ठ भूमिमा विशेष ध्यान दिनु पर्ने हुन्छ। परिचयपाटीहरु स्पष्ट सँग पढ्न सकिने गरी स्पष्ट अक्षरमा टाइप गरी एउटै रंगको भित्ता वा पृष्ठभूमिमा राख्ने गरिन्छ। रंगले वस्तुको आकर्षणलाई प्रभाव पार्ने भएकोले दर्शकहरुमा छिटो र स्थायी प्रभाव परोस् भनेर परिचयपाटीमा विशेष गरी सेतो पृष्ठभूमिमा कालो अक्षरको प्रयोग गर्ने गरिन्छ। यसमा लेखिएका अक्षरहरु ठूला ठूला हुने गर्दछन् जसले गर्दा दर्शकले वस्तुहरुको बारे सजिलै जानकारी लिन सक्दछन्।

ज्यापु सङ्ग्रहालयका विभिन्न ग्यालरीहरुमा दुई किसिमको पृष्ठ भूमिमा वस्तुहरुलाई प्रदर्शन गरिएको छ। ग्यालरीका भित्तालाई पृष्ठ भूमि बनाएर वस्तुहरुलाई प्रदर्शन गरिएको छ। भने अर्को ग्यालरीको बिचमा कृतिम भित्ता बनाई रातो रङको मलमल कपडालाई पृष्ठ भूमि बनाई धातुजन्य वस्तु, बाजागाजा, परम्परागत पहिरनलाई प्रदर्शनमा राखिएको छ। त्यस्तै टेबुल शो-केशको सतहलाई पनि रातो रङको मलमल कपडालाई पृष्ठ भूमि बनाई संस्कारजन्य पुजा सामाग्री, विभिन्न थरी गेडागुडी र धानका विउलाई प्रदर्शनमा राखिएको छ। त्यसै गरी नेपालको तीन तहको भौगोलिक अवस्थितिलाई पृष्ठभूमिको फोटो देखाए रातो मलमली कपडाको सतहमा थरी थरीका पोशाकमा सजाएर राखिएका क्रमशः तराई, पहाड र हिमाली भेगमा बसोबास गर्ने थरी थरीका जोडी जातीय डमीहरु प्रदर्शनीमा देखाएको छ। ग्यालरी 'एफ' ज्यापु सङ्ग्रहालयको अन्तिम सेक्सनमा पाटन दरवार स्क्वायरको फोटोलाई पृष्ठ भूमिमा पारेर काठमाडौं उपत्यकाको सबभन्दा लामो जात्राको रुपमा परिचित रातो मच्छिन्द्रनाथको रथ जात्रा र यस त्राजासँग सम्बन्धित जीवित देवी कुमारीलाई डमी बनाई देखाइएको छ।

### ३.५.५ कथानकता व्यवस्थापन

सङ्ग्रहालयले आफूसँग भएका विभिन्न वस्तुहरुलाई तिनको विषयवस्तु कालक्रम तथा क्षेत्रको आधारमा सुहाउँदो र आकर्षक पृष्ठभूमि सहित प्रदर्शन गर्नु पर्दछ।

सङ्ग्रहालय भवनको आन्तरिक संरचना तयार पार्दा ती कुराहरुमा ध्यान दिनु पर्छ। सही ढङ्गमा व्यवस्थापन गरिएको प्रदर्शनीले दर्शकलाई एकिकृत गर्नुको साथै उनीहरुको मनमा कलाकृतिह प्रति जिज्ञासा उत्पन्न गराउँछ (शुक्ल र पाण्डेय, २००२ पृ. ७१)।

ज्यापु सङ्ग्रहालयका कुनै कुनै ग्यालरी भण्डार कक्ष जस्तो मात्र देखिन्छ। ग्यालरीमा प्रदर्शीत वस्तुहरु अर्को ग्यालरिसम्म पुऱ्याएको छ। जसले आगन्तुकहरुलाई कुन वस्तु कताबाट अवलोकन गर्ने भन्ने अन्यौल र दुविधा हुनसक्छ। माटो, काठ, बेतबाँस, धातु जन्य वस्तुहरु र खेती किसानीसँग सम्बन्धित ज्यावल एवं औजारहरुको प्रदर्शनी एउटै ग्यालरीमा हुनुले वस्तु प्रदर्शनीको कथानक्तालाई ध्यान दिन सकेको देखिँदैन। वस्तुहरुको प्रकृति, अन्तर सम्बन्ध र गुणका आधारमा प्रदर्शन व्यवस्थित गरिनु पर्छ। यसो गरिएको खण्डमा प्रदर्शनी व्यवस्थापकको दक्षता र योग्यता प्रमाणित हुन्छ। माटाका विभिन्न आकार प्रकारका सन्दुकहरुको लहरमा काठको सन्दुक पनि मिसाएर प्रदर्शनमा राखिएको छ। त्यस्तै ग्यालरीहरुमा प्रदर्शन गरिएका वस्तुसँग असम्वन्धित चित्र, चित्रकला, फोटो लगायतका सामाग्रीहरु भित्तामा हुनुले दर्शकलाई अन्यौलको अवसस्था सृजना हुने स्थिति देखिन्छ।

संस्कार जन्य प्रदर्शनी सेक्सनमा कथानक्ताको अभाव खत्किएको छ। जस्तो दशकर्मसँग सम्बन्धित विवरण सहित प्रदर्शनीमा छकःगु जंकु(भिम रथारोहण), निकःगु ज्या जंकु(चन्द्र रथारोहण) को डमी प्रदर्शनी पछि स्वकःगु ज्या जंकु(देव रथारोहण) को डमी प्रदर्शनी हुनु पर्नेमा प्यकःगु ज्या जंकु(सूर्य रथारोहण) को डमी राखिएको देखिन्छ जसले प्रदर्शनी व्यवस्थापनमा हुन पर्ने क्रमबद्धताको नियमलाई बेवास्ता गरिएको देखिन्छ।

## ३.६ शो-केश

शो-केश केवल वस्तुहरुको सुरक्षाको दृष्टिकोणले मात्र होइन सौन्दर्यपरक दृष्टिकोणले पनि महत्वपूर्ण हो । सङ्ग्रहलयको आधुनिक दृष्टिकोणमा सङ्ग्रह गरिएका वस्तुको सजावट एवं सौन्दर्यको साथै सुरक्षित तरिकाले प्रदर्शन गर्नको लागि शो-केश एक महत्वपूर्ण साधन हो (गणेशन, २००२ पृ. ८०)। वस्तुको आकार र प्रकार अनुरुप शो-केश तयार गर्नु उपयुक्त मानिन्छ। प्रदर्शनी व्वस्थापनमा शो-केश महत्वपूर्ण अवयव हो। खासगरी वस्तुलाई सुरक्षा प्रदान गर्नको लागि शो-केशको प्रयोग गरिन्छ। शो-केशको निर्माण गर्दा अत्यन्त सुक्ष्म विषयमा ध्यान दिनु पर्छ। वस्तु प्रदर्शनी गर्नु भन्दा पहिले नै कुन वस्तुलाई कहाँ र कसरी प्रस्तुत गर्ने हो ? सो कुरामा विचार पुऱ्याउनु पर्छ। वस्तु

प्रदर्शन गर्दा एक वस्तुको कारण अर्को वस्तुलाई वाधा पुग्नु हुँदैन। प्रदर्शनी व्यवस्थाको आन्तरिक रुपरेखा तयार गरिसके पछि वस्तुको आकार प्रकार अनुरुप शो-केशको निर्माण गर्नु पर्छ। शो-केशमा प्रयोग गरिने शिशा बुलेटप्रुफ र अल्ट्राभाइलेट रे को गुण भएको हुन पर्छ। सामान्य तया शो-केशलाई विभिन्न प्रकारमा राखेर व्याख्या गर्न सकिन्छ।

**टेबल शो-केश**

सङ्ग्रहालय भवनको आन्तरिक कक्षहरुको बनावट र वस्तुको प्रकृति अनुसार शो-केश तयार गरिन्छ। सामान्यतया टेवल जस्तो आकारमा तयार पारिएको शोकेलाई टेवल शो-केश भनिन्छ।

**वाल शो-केश**

ग्यालरीको भित्ता खोपेर तयार गरिएको शेकेशलाई वाल शो–केश भनिन्छ। सामान्यतया पुराना दरबारहरुलाई सङ्ग्रहालयको रुप दिने क्रममा वाल शोकेशको अवधारणालाई बढी जोड दिइन्छ।

**फ्री स्टयाण्डिङ्ग शो-केश**

एक ठाउँबाट अर्को ठाउँम सहजै सार्न सकिने शो-केशलाई फ्री स्टयाण्डिङ्ग शो-केश भनिन्छ। शो-केशले वस्तुलाई सुरक्षा प्रदान गर्नुको साथै प्रदर्शनीलाई पनि सौन्दर्य प्रदान गर्ने भएकाले शोकेशको निर्माण एउटा प्राविधिक पक्ष मात्र नभएर कला पनि हो। वस्तुहरुको आन्तरिक भावनालाई बुझेर त्यस अनुरुपको शो-केश तयार गर्दा कमसेकम सङ्ग्रहालय सम्बन्धी सैद्धान्तिक अवधारणालाई पनि ख्याल पुऱ्याउनु पर्दछ। शो-केशमा प्रयोग गरिने शिसा Anti Ultravillet को गुण भएको हुनुपर्छ र शोकेसको शिसाको मोटाई पनि ८ देखि १० मि.मि. सम्मको हुन उपयुक्त मानिन्छ (न्यौपाने, २०६९ पृ. ६३)। जसले गर्दा छायाँ देखिदैन यहाँका शो-केशहरुमा प्रकाशको व्यवस्थापन गर्दा यस मान्यतालाई अपनाएको देखिदैन।। शो-केशको पृष्ठमूमिमा दर्शकले अन्य प्रतिविम्ब नदेखिनेगरी प्रकाशको व्यवस्थापन गर्दा कलर रेण्ङ्गि इन्डेक्स(CRI) लाई ध्यान दिनु पर्छ (न्यौपाने, २०६९ पृ. ६३)। पाटन सङ्ग्रहालयमा यस विषयलाई एकदमै ध्यान पुऱ्याइएको छ। प्राकृतिक प्रकाशको लागि Sky Light को प्रयोग गर्न सकिन्छ।

ज्यापु सङ्ग्रहालयका प्रदर्शीत वस्तुहरु टेबुलमा समानान्तर रुपमा अगाडि पछाडि प्रदर्शनीमा राखिएको छ। जून प्रदर्शनी सिद्धान्त अनुसार अमिल्दो देखिन्छ। एउटै टेबुलमा अगाडि पछाडि बस्तुहरु प्रदर्शनीमा राखिएकाले एकले अर्को वस्तुलाई छेकिएको छ। यस्ता वस्तुहरुलाई तहगत ऱ्याक बनाएर शो-केश भित्र राख्न सकिन्थ्यो जुन भएको देखिदैन। ग्यालरीमा माटो, काठ, बेतबास र धातुबाट बनेका स-साना घरायसी

सामानहरु, औजारहरु र ज्यावलहरुलाई शो-केशमा राखिएको छैन। यस्ता स-साना वस्तुहरुलाई शो-केशमा राख्दा सुरक्षाको साथै प्रदर्शनी पक्षको आन्तरिक सौन्दर्यतामा निखार आउँथ्यो। ग्यालरीमा पहिरन जन्य जैविक वस्तुलाई खुल्ला प्रदर्शनीमा राखिएको छ। प्रदर्शीत पहिरनको साईज अनुसारको शिसाको फ्रेम शो-केश बनाएर राख्न सकिन्छ जसले परम्परागत पहिरनको सुरक्षाका साथै आकर्षक पनि देखिन्छ। यस सङ्ग्रहालयमा प्रदर्शीत धेरै जसो वस्तुहरु शो-केशमा राखिएको छैन। जसलाई धूलो र वातावरणीय प्रभावले पार्ने प्रतिकूल असर तर्फ ध्यान पुऱ्याएको देखिदैन। त्यस्तै सङ्ग्रहालयको पूर्व, उत्तर र पश्चिममा रहेका झ्याल/ढोकाहरुलाई स्थायी वाल शो-केशको रुपमा परिनत गरी प्रदर्शन व्यवस्थित गर्न सकिने सम्भावना रहेको छ

प्रदर्शनीमा राखिएको रातो मच्छिन्द्रनाथको जात्रा र जीवीत देवी कुमारीको डमीलाई खुला बाहिर प्रदर्शनमा राखेको कारण वातावरणीय प्रभावले असर गर्ने सम्भावना प्रवल रहेको छ। जसलाई बक्स शो-केश बनाएर राख्न सकिन्थ्यो। त्यस्तै टेबुल शो-केश भित्र स- साना जनजाती झल्कने डमीहरु समानान्तर रुपमा प्रदर्शनमा राखिएको कारण अगाडिको जोडी जातीले पछाडिका जोडी जातीको मोडललाई छेकिएको छ। यो प्रदर्शन नभएर वस्तु संकलन गरी भण्डारण जस्तो देखिएको छ। प्रदर्शीत जनजातिहरुका मोडलहरुलाई शो-केशमा तहगत ऱ्याकमा राखेर प्रदर्शन व्यवस्थित बनाउन सकिन्थ्यो।

## ३.७ नेपालमा सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा सुरक्षा व्यवस्था

प्राचीन वस्तुहरु इतिहासका प्रतिविम्व हुन त्यस्ता वस्तुहरुको सहि तरिकाले संरक्षण गर्न सकिएमा भावी पुस्ताले इतिहासको यथार्थतासँग साक्षात्कार गर्न पाउने छन्। पुरातत्वशास्त्र वा विषयमा त उत्खनन् स्थल मै अस्थाइ प्रकारको रासायनिक प्रयोगशलाको व्यवस्था गरिएको पाइन्छ। विगतका सांस्कृतिक प्रतिविम्वहरुलाई आजको समयमा त्यहि ढाँचामा निर्माण गर्न असम्भव हुन्छ। त्यसैले विगतका त्यस्ता सम्पदा कला र पुरावस्तुहरु हाम्रा पुर्खाका देन हुन् जो वर्तमानमा स्वदेशी र विदेशीहरुको लागि समेत आकर्षणका केन्द्र विन्दु भएका छन्। त्यस्ता नमूनाहरुले नै हाम्रो अतितको संस्कृतिसँगको सम्बन्ध झल्काउने गर्दछ। तसर्थ यस्ता महत्वपूर्ण वस्तुहरुको संरक्षण गर्न नेपाल सरकार पुरातत्व विभागले संरक्षण र सम्वर्द्धनको महत्वपूर्ण जिम्मेवारी बहन गरेको छ।

संरक्षण एक जटिल प्रक्रिया हो। यस कार्यमा बढी मात्रामा विज्ञानका विधि र प्रविधिहरु अपनाइन्छ। डा. ए.पि. सिंहले संरक्षणलाई out door conservation र

indoor conservation गरी दुई प्रकारमा वर्गीकरण गर्नु भएको छ (सिंह, १९८७ पृ. ८)। उहाँका अनुसार प्राचीन सांस्कृतिक सम्पदाहरुलाई सकेसम्म त्यसको आकार प्रकार र रंगमा कुनै परिवर्तन नहुने गरी संभव भएसम्म प्राचीन कच्चा पदार्थहरुलाई नै प्रयोग गरेर ती वस्तुको उपचार गर्नु नै संरक्षण तथा सम्वर्द्धन हो। उहाँका अनुसार सङ्ग्रहालयमा सङ्ग्र नगरिएका प्राचीन सम्पदाहरु खासगरी किल्ला वास्तुकला, दरबार, विहार, लगायतका अन्य स्मारकहरुलाई संरक्षण गर्ने विधिहरुको चर्चा Outdoor conservation मा गर्नु भएको छ (सिंह, १९८७ पृ. ८)। त्यस्तै सङ्ग्रहालय भित्रका कला कृतिहरुको संरक्षण विधिको विषयमा Indoor conservation मा गर्नु भएको छ (सिंह, १९८७ पृ. ५५)।

कुनै पनि वस्तु संरक्षणको लागि प्रयोगशाला पठाउँदा त्यसको अभिलेख राख्नु पर्छ। कुन वस्तु कस्तो अवस्थामा कहिले र को मार्फत प्रयोगशालामा पठाइयो ? यी सबको विवरण खुलाउनु पर्छ। संरक्षण प्रक्रियामा विविध कानूनी पद्धतिलाई पनि अपनाउनु पर्छ। अन्यथा वस्तु सम्बन्धित व्यक्तिबाट डराउने डर हुन्छ। कानूनी प्रक्रिया पुरा गरेपछि सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुलाई उचित उपचारको लागि रसायनशालामा पठाइन्छ। सङ्ग्रहालयको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी विशेषगरी तालिम प्राप्त तथा सुरक्षा निकायमा कार्यरत भूतपूर्व कर्मचारीहरुलाई सङ्ग्रहालय गार्डको रुपमा नियुक्त गर्नु पर्छ। चोरीबाट बचाउनको लागि ठाउँ ठाउँमा सी. सि. क्यामेराहरु जडान गर्नु उचित मानिन्छ।

## ३.८ संग्रहालयमा प्रदर्शित वस्तुहरुको संक्षिप्त विवरण

ज्यापु सङ्ग्रहालयमा प्रदर्शन गरिएको तरिकाको आधारमा प्रदर्शनी व्यवस्थापनको क्षमताको मूल्याङ्कन गरिने भएकोले प्रदर्शनी व्यवस्थापनको महत्व रहन्छ। प्रदर्शनी व्यवस्थापनलाई सङ्ग्रहालयको महत्वपूर्ण कार्यको रुपमा लिइन्छ। प्रदर्शनीले सङ्ग्रहालयलाई पहिचान दिन्छ भने अर्कोतिर सङ्ग्रहालय व्यवस्थापनको क्षमताको पनि प्रतिनिधित्व गरिराखेको हुन्छ। बैज्ञानिक तथा विशिष्ट प्राविधिक ढंगले गरिएको प्रदर्शनले दर्शकको अभिरुची  बढाउनुका साथै मनोरञ्जन पनि दिने गर्दछ।

यो सङ्ग्रहालय विशुद्ध जातिय संग्रहालय हो। यस सङ्ग्रहालयमा नेवार जातिहरु लगायत बिशेषत ज्यापुहरुले प्रयोग गर्ने विभिन्न सांस्कृतिक कला वस्तुहरु र संस्कारजन्य सामाग्री र पोशाकहरु प्रदर्शनीमा राखिएका छन। अध्ययनको सुविधाको लागि ज्यापु प्रज्ञा भवनको पहिलो तल्लामा रहेको यस सङ्ग्रहालयको प्रदर्शन कक्ष (ग्यालरी) हरुलाई स्वागत कक्ष बाहेक छ (ग्यालरी 'ए' देखि 'एफ' सम्म) भागमा विभाजन गरी प्रदर्शीत

वस्तुहरुको उपयोगिता अनुसार विभिन्न सेक्सनमा आवश्यक्ता अनुसार विभाजन गरी प्रदर्शनीको चर्चा गरिदै छ।

**स्वागत कक्ष**

सङ्ग्रहलयको मूल ढोकाबाट भित्र प्रवेश गर्ने बित्तिकै घुडाले टेकेर दुई हात जोडेर स्वागत गरिरहेको अवस्थामा दाँया ज्यापु र बाँया ज्यापुनीको डमी राखिएको छ। यसलाई स्वागत कक्षको रुपमा प्रस्तुत गरिएको छ। जहाँ सङ्ग्रहालय रेखदेख गर्ने कर्मचारी बस्ने व्यवस्था गरिएको छ। स्वागत कक्षको दायाँ भित्तामा सूचना पाटी झुण्ड्याइएको छ। यस पछि प्रस्तावित विभिन्न ग्यालरीहरु (ग्यालरी 'ए' देखि ग्याली 'एफ') घडिको सुल्टो सुई अनुसार अवलोकनार्थ व्यवस्थित गरिएको छ।

**ग्यालरी - ए**

स्वागत कक्षको बायाँबाट (घडीको सुल्टो सुई) पश्चिमबाट पूर्व फैलिएको यो शुरुको ग्यालरी हो। यस ग्यालरीको पश्चिम पट्टि काठमाडौं उपत्यकामा प्राप्त विभिन्न प्रकारका माटो (स्वनिगःलय् दुगु थी थी चाः) को प्रदर्शन गरिएको छ। उपत्यकामा पाइने विभिन्न प्रकारका १४ थरी माटोका नमूनालाई छोटो विवरण सहित टेबुलमा समानान्तर रुपमा अगाडि पछाडि प्रदर्शनीमा राखिएको छ। यस सँगै माटोबाट बनेका विभिन्न स-साना पुजा सामाग्रीहरु प्रदर्शनमा राखिएको छ भने सँगैको भित्तामा ठूलो ८ फीट चौडा र १० फिट उचाईको कृर्षि योग्य जग्गाको फोटो राखिएको छ। यसको ठिक अगाडि परम्परागत तरिकाले कृर्षिकर्म गरीरहेको गतिविधि झल्कने किसानहरुको स-सानो डमी बनाएर ऱ्याक भित्र कृतिम प्रकाश दिएर राखिएको छ भने तल भुईमा खुट्टाले चलाएर धान चुट्ने मेशिन राखिएको छ ।

यस ग्यालरीको पूर्व दक्षिण पट्टि राखिएको मानव आकृतिका तीन वटा डमी (दुई वटा पुरुष किसान र एक महिला) र गहनाको प्रदर्शनी एक झलकमा हेर्दा राम्रो र आकर्षक देखिन्छ। मानव आकृतिका तीन वटा डमीहरुमा २ वटा पुरुषकोमा एक जनाले कोदालोबाट खेत खन्दै गरेको र अर्को कृर्षि औजार हातमा बोकी कृर्षिकर्ममा जान लागेको अवस्थामा प्रदर्शनमा राखिएको छ भने महिला डमीलाई ओखलमा धान कुट्दै गरेको अवस्थामा ४ इन्चको पेडस्थलमा देखाइएको छ।

साथै यस ग्यालरीको दक्षिण पट्टि नेवारी परम्परागत शैलीको गहनाको प्रदर्शन आँखाको समानान्तर हुने गरी झुण्डयाएर शिसाको शो-केश भित्र चारैतिरबाट हेर्न मिल्ने गरि कृतिम प्रकाशको व्यवस्था गरी आकर्षक तरिकाले प्रदर्शन गरिएको छ। गहनालाई

घ्यू (आइभरी) रङ्गको पृष्ठभूमिमा चारै तिर र माथिको समतल भागमा समेत गहनाहरु राखिएको छ।

**ग्यालरी — बी**

ग्यालरी 'ए' को संगोलमै पश्चिम उत्तरपट्टि ग्यालरी 'बी' रहेको छ। यस ग्यालरी प्रवेशसँगैको भित्तामा विभिन्न गितिविधि समेटिएको ६ वटा फोटो एउटा ६ फिट चौडा र १० फिट उचाईको फ्लेक्समा फोटो छापेर प्रदर्शन सँगै माटाका विभिन्न वस्तुहरु, काठ र वेतबाँसका विभिन्न वस्तुहरु, कपडा बुन्न प्रयोग गरिने विभिन्न औजारहरु, खेती किसानी गर्ने विभिन्न औजारहरु, धातु र धातुजन्य घरायसी सामानहरु प्रदर्शनीमा छन् यस ग्यालरीमा क्षमता भन्दा बढी बस्तुहरु राखिएका छन्। जसले गर्दा प्रदर्शनी भद्धा देखिएको छ। यस ग्यालरीमा "चाया थी थी थलबल"(माटाका विभिन्न भाडावर्तनहरु), "सन्दयाः थुपू छसिंकथं" (सन्दुकका बाकस क्रमैसँग), "सिं या थलबल"(काठका विभिन्न सामानहरु), "थाज्याया हलंज्वलं व लवःकवः"(कपडा बुन्ने तानका सामान र औजारहरु), "बुंई छलेगु लवःकवः"(खेतमा प्रयोग गर्ने औजारहरु), "थी थी बसजाः ज्वलं"(विभिन्न तामाका वस्तुहरु) आदि उपरोक्त विधासँग सम्बन्धित विविध वस्तुहरुको नेपाल भाषामा प्रदर्शीत वस्तुहरुको पछाडि देखिने गरी सेतो पृष्ठभूमिमा कालो मसीले टंकन गरी देवनागरी र अग्रेजी लिपिमा नेपाल भाषामा बस्तुको नाम मात्र उल्लेख भएको क्याप्सन छ। एउटै टेबुलमा अगाडि पछाडि बस्तुहरु प्रदर्शनीमा राखिएकोले एकले अर्को वस्तुलाई छेकिएको छ। प्रदर्शीत वस्तुको नामसँगै प्रयोजन र उपयोगिताबारे उल्लेख गरी क्याप्सन नभएकोले प्रदर्शनी फितलो देखिन्छ।

यस ग्यालरीमा प्राकृतिक प्रकाश र कृतिम प्रकाश बीचको सन्तुलन मिलेको देखिंदैन। यस ग्यालरीमा प्रदर्शीत वस्तुहरुलाई माथिबाट छड्के कृतिम प्रकाश दिइएको छ भने अर्को तिर वस्तुको पछाडि रहेको झ्यालको पर्दाबाट छिरेको प्राकृतिक प्रकाशले वस्तु अवलोकनमा ब्यवधान पुऱ्याएको छ। एकै ठाउँमा धेरै वस्तु प्रदर्शनीमा राखिएका कारण एक वस्तुको छायाँ अर्को वस्तुमा परेको छ। यहाँ प्रदर्शीत वस्तुको प्रकृतिका आधारमा कृतिम प्रकाशलाई विभिन्न कोणबाट दिनुपर्नेमा सबै वस्तुमा एकै खाले प्रकाशको व्यवस्था गरेको छ।

यस ग्यालरीमा भएका कुनै पनि वस्तुलाई शो-केश भित्र राखिएको छैन। सुरक्षाको दृष्टिकोणले वस्तुहरुलाई शो-केशमा राख्ने गरिन्छ। सामान्यतया साना आकार प्रकारका वस्तुहरु जस्तो गहना, प्राचीन सिक्का तथा चित्रहरुलाई शो-केश तथा फ्रेममा राख्ने गरिन्छ। यस ग्यालरीमा माटो, काठ, बेतबास र धातुबाट बनेका स-साना घरायसी

सामानहरु, औजारहरु र ज्यावलहरुलाई शो-केशमा राखिएको छैन। यस्ता स-साना वस्तुहरुलाई शो-केशमा राख्दा सुरक्षाको साथै प्रदर्शनी पक्षको आन्तरिक सौन्दर्यतामा निखार आउँछ।

यस ग्यालरीमा ७ वटा झ्याल र २ वटा ढोकाहरु रहेका छन। सङ्ग्रहालयको परिभाषा र मान्यता अनुसार झ्यालहरु जमिनको सतहबाट कम्तिमा पनि ३/४ फीट माथिबाट राखिनु पर्छ। यसले गर्दा वस्तुको सुरक्षामा अप्रत्यक्षरुपले सहयोग पुग्ने देखिन्छ। यद्यपी यहाँको झ्याल निर्माण गर्दा यो मान्यता अपनाएको देखिन्छ तर वस्तु प्रदर्शन बन्द झ्यालको सामुन्ने गरिएको छ। यस ग्यालरीमा वस्तुहरुको प्रदर्शनी अलि अव्यवस्थित देखिन्छ। ग्यालरीको पश्चिमतिर माटाका वस्तुहरु प्रदर्शनीमा छ। उत्तरमा बेतबाँसका वस्तुहरु प्रदर्शनमा राखिएको छ। त्यस्तै पूर्वतिर कपडा बुन्ने परम्परागत तान र यससँग सम्बन्धित ज्यावलहरु र औजारहरु प्रदर्शनमा राखिएको छ भने सँगै लहरै क्रमशः खेती किसानीसँग सम्बन्धित ज्यावलहरु र औजारहरु लगायत धातुका भाँडावर्तनहरु पनि प्रदर्शनमा राखिएको छ। माटो, काठ, बेतबाँस, धातु जन्य वस्तुहरु र खेती किसानीसँग सम्बन्धित ज्यावल एवं औजारहरुको लागि छुट्टै ग्यालरी व्यवस्थापन गर्नु उपयुक्त हुन्छ। ग्यालरीलाई त्यहाँ प्रदर्शीत वस्तुहरुको प्रकृति अनुसार नै व्यवस्थित गरिनु पर्छ। यसो गरिएको खण्डमा प्रदर्शनी व्यवस्थापकको दक्षता र योग्यता प्रमाणित हुन्छ। समग्रमा भन्नु पर्दा यस ग्यालरी 'बी' मा प्रदर्शनी व्यवस्था उपयुक्त देखिदैन यो एक भण्डार कक्ष जस्तो मात्र देखिन्छ।

**ग्यालरी — सी**

ग्यालरी 'बी' को संगोलमै पूर्वपट्टि ग्यालरी 'सी' रहेको छ। यस ग्यालरीमा ऊनी र धागोबाट बनेका कपडा र वाद्यवादनका सामानहरु प्रदर्शनीमा छन्। सामान्यतया एउटा ग्यालरीमा एकै प्रकृति र संस्कारजन्य सामाग्री प्रदर्शन गर्नु पर्नेमा एकले अर्कोसँग असम्बन्धित सामाग्रीहरु प्रदर्शनीमा हुनुले यस ग्यालरीमा प्रदर्शनी व्यवस्थापनका सिद्धान्त अनुसार वस्तुको प्रदर्शन नभएको प्रष्ट छ। यती हुदाँ हुदै पनि सरसर्ती हेर्दा ग्यालरी "बी" को भन्दा यो ग्यालरी "सी" प्रदर्शनी व्यवस्थापनको दृष्टिले अलि व्यवस्थित देखिन्छ। ग्यालरी "सी" मा प्रवेश गरिसकेपछि बाँयातिरको भित्तामा राखिएको एक पाने कागजमा "ज्यापु जातीया थी थी वसः "(ज्यापु जातिका विभिन्न लुगा) सम्बन्धी सामान्य विवरण मात्र कम्प्यूटर टंकन गरी राखिएको छ भने प्रदर्शीत लुगा कपडासँगै सो पहिरनको नाम मात्रको सानो क्याप्सनमा नेपाल भाषामा देवनागरी लिपि र अग्रेजी लिपिमा राखिएको छ। क्याप्सनमा लुगाको महत्व र कुन संस्कारमा प्रयोग हुने भन्ने कुरा उल्लेख छैन।

यस ग्यालरीमा प्रदर्शीत परम्परागत लुगा एवं वाद्यवादनका सामाग्रीहरु मिलाएर राखिएको छ। लुगाहरु टेबुल र भित्तामा सजिलै अवलोकन गर्न सकिने किसिमले मिलाएर राखेको छ। ग्यालरीमा पहिरनलाई खुल्ला प्रदर्शनीमा राखिएको छ। यहाँ प्रदर्शीत वस्तुहरुलाई धूलो र वातावरणीय प्रभावले पार्ने प्रतिकूल असर तर्फ ध्यान पुऱ्याएको देखिदैन। वातावरणको सन्तुलन अर्थात सापेक्षिक आद्रता मिलाउन सके मात्र वस्तुलाई उचित प्रकारले संरक्षण गर्न सकिन्छ। खासगरी प्रस्तर र धातुका तुलनामा जैविक पदार्थबाट बनेका प्राचीन वस्तुहरुलाई वातावरणले बढी प्रभावित गर्ने गर्दछ। यस्तो प्रभाव कम गर्नको लागि प्राकृतिक प्रकाश र कृतिम प्रकाश बीचको सन्तुलन मिलाउनु पर्दछ। प्रदर्शनमा राखिएका बस्तुहरु ३ फीट उचाईको टेबुलको सतह र Eye leable को भित्तामा झुण्ड्याएको अवस्थामा छ। बाद्ययवादनका सामाग्रीहरु जस्तो ढोलक, धिमें, इन्द्रबाजा लगायतका अन्य बाद्ययवादनका सामानहरुको उपयोगिता झल्कने फ्रेम सहितको फोटोको प्रदर्शनीले दर्शकहरुलाई प्रदर्शीत सामाग्रीहरुको महत्त्व बारे जानकारी प्राप्त गर्न सहज देखिएको छ। यस ग्यालरीमा प्रदर्शीत वस्तुहरुमा कृतिम प्रकाशको व्यवस्था गरिएको छ। वास्तवमा सङ्ग्रहालयमा प्रदर्शीत वस्तुहरुमा कृतिम प्रकाशको उचित व्यवस्थापनले नै प्रदर्शनीको सौन्यर्दयपक्षमा महत्त्वपूर्ण भूमिका खेल्दछ। प्रदर्शनी व्यवस्थापनको योजना र तर्जुमाको रुपरेखा कोर्दा प्रदर्शनीमा प्रकाशको महत्त्वलाई ध्यान दिनु पर्छ।

यस ग्यालरीमा प्रदर्शीत वस्तुहरुमा धुलो जमेको देखिन्छ। हावा ओहरदोहर गर्नको लागि पर्याप्त भेन्टिलेसन, रिवन विण्डोज तथा झ्यालहरु नभएकोले ग्यालरीको वातावरण असहज छ। यस ग्यालरीको प्रदर्शनी व्यवस्थापनमा समग्रमा हेर्दा उचित देखिएतापनि अन्य केही प्राविधिक पक्षमा पुन प्रदर्शनी व्यवस्थापन गर्दा ध्यान दिन सकेको खण्डमा प्रदर्शनी व्यवस्थापन बैज्ञानिक हुन जान्छ।

**ग्यालरी — डी**

ग्यालरी 'सी' को संगोलमै उत्तरपूर्वको खण्डमा ग्यालरी डी अवस्थित छ। यस ग्यालरीमा नेवार संस्कारमा गरिने दशकर्म र त्यस सँग सम्बन्धित संस्कारजन्य सामाग्री, देव देवीलाई चढाइने विशेष भुजा, शुभ कार्य र जात्रापर्वमा प्रयोग गर्न कुनै जाति विशेषले बनाउने चित्रकला लगायत काठमाडौं उपत्यकामा मनाईने पर्वसँग सम्बन्धित विभिन्न पुजा सामाग्री एवम् अन्नको प्रदर्शन गरिएको छ। यस ग्यालरीको बायाँ अथवा पश्चिम पट्टि

नेवार संस्कारमा गरिने दशकर्मका सामाग्री प्रदर्शनमा राखिएको छ। यहाँ जन्मनु भन्दा अगाडिको कर्म "धौ बजी नकेगु ज्वलं"( गर्ववती महिलालाई दही चिउरा खुवाउने सामाग्री ) देखि मृत्यु संस्कार सम्मका कर्ममा प्रयोग हुने सामाग्रीहरु फोटो सहित प्रदर्शनीमा राखिएको छ। ग्यालरीको भित्ता र जमिनबाट ३२ इन्चको उचाईमा अवस्थित टेबुलमा प्रदर्शीत दशकर्म सित सम्बन्धित सामाग्रीहरु अटेस मटेस गरी प्रदर्शनमा राखिएको अनुमान लगाउन सकिन्छ। एउटा ग्यालरीमा एउटै विषयसँग सम्बन्धित सामाग्रीहरु प्रदर्शन गर्नु पर्ने नियम अनुसार दशकर्मसँग सम्बन्धित सामाग्रीहरुमात्र प्रदर्शनमा राखिएको खण्डमा प्रदर्शन व्यवस्थित देखिन्थ्यो। यस ग्यालरीको पश्चिम सेक्शनमा र्ससती हेर्दा क्रमैसँग धौ बजि नकेगु ज्वलं(दही चिउरा खुवाउने सामग्री), मचाबु ब्यँकेगु ज्वलं(नवजात शिशुको न्वारानका सामाग्रीहरु), मचा जंकु पुजा ज्वलं(बच्चाको भात खुवाई पुजा सामाग्री), इही बाहाः पुजा ज्वलं(वेल विवाह/ गुफा पुजा सामाग्री), कय्तापुजा ज्वलं(ब्रतबन्ध पुजा सामाग्री), थाय्ब्व(दुलहा दुलहीलाई एउटै थालमा विभिन्न परिकार राखेर खुवाउने), न्हापागु ज्या जंकु(भिम रथारोहण), निकःगु ज्या जंकु(चन्द्र रथारोहण), स्वकःगु ज्या जंकु(देव रथारोहण) को पुजा सामाग्री मात्र, प्यकःगु ज्या जंकु(महारथारोहण) र मृत्यु संस्कारमा प्रयोग गर्ने सामाग्रीहरु लगायतका परम्परागत पहिरनहरु र यसका प्रयोग विधि झल्कने डमी र साथमा तस्वीरहरु(८"x१०" साईजको शिसाको फ्रेम) प्रदर्शनमा राखिएको छ।

यस ग्यालरीमा विभिन्न कर्मसँग सम्बन्धित पुजा विधिका सामान र सामाग्रीहरुलाई छुट्टा छुट्टै र अलग अलग २ फीट चौडा ४ फिट लम्बाई र ६ देखि ८ इन्च उचाईका टेबुल शो-केशहरुमा सजाएर राखिएको छ। यहाँ पाटन सहरमा चार दिनसम्म मनाईने इन्द्रजात्राको अन्तिम दिन पूर्णचण्डी मन्दिरमा चढाइने पू पूर्णचण्डी भुजाको चार वटा डमी प्रदर्शनीमा राखिएको छ। यस पूर्णचन्दी भुजाको उक्त डमीलाई छुट्टै विवरण सहित शो-केशमा राखेर प्रदर्शनीमा राख्नुपर्नेमा खुलारुपमा राखिएको छ।

ग्यालरी 'डी' को पूर्वी सेक्सनमा २ फीट चौडा ३ र ४ फिट लम्बाई र ६ देखि ८ इन्च उचाईका सात वटा शिसाका टेबुल शो-केशहरुमा "थी थी बुबः ज्वलं"(विभिन्न थरीका गेडागुडीका सामाग्रीहरु), "बौं बियेगु ज्वलं"(पिठमा दिइने पुजा सामाग्री), "विभिन्न थरी तिलका गेडाहरु", "थी थी का"(विभिन्न थरी धागाहरु), "क्वाटी"(विभिन्न काचाँ गेडागुडीहरुको मिश्रण) र "हलीमालि"(विभिन्न भुटेका गेडागुडीहरुको मिश्रण), "किजापुजा यानाच्वंगु ज्वल"(भाईटिकाको लागि आवश्यक सामाग्रीहरु), "थी थी संहलु नखःया नसाः ज्वलं"(विभिन्न संक्रान्तिमा खाइने परिकारहरु) सजाएर प्रदर्शनीमा राखिएको छ शो-केशहरुमा कृतिम प्रकाशको उचित तरिकाले व्यवस्थापन गरिएको छैन। यस्तै शिसाका

शो-केश सँगै टेबुलमा "भिं ज्याया चित्रकला"(शुभ कार्यमा प्रयोग गरिने चित्रकला), "नखःचखतय् छयलीगु चित्रकला" (चाडपर्वमा प्रयोग गरिने चित्रकलाहरु), "विभिन्न जातका धानहरु", "बाह्रमासया नखः चखः"(बाह्रमासे जात्रा पर्व), "मोहनी नखःया ज्वलं"(दशैं पर्वको पुजा सामाग्री), "सिथिःनख ज्वलं"(कुमारषष्ठी सामाग्री) खुला रुपमा प्रदर्शनीमा राखिएको छ। टेबुलमा खुला प्रदर्शन गरिएका अन्य जात्रा पर्वसँग सम्बन्धि सामाग्रीहरु पनि शिसाको शो-केशमा राख्न जरुरी देखिन्छ। प्रदर्शीत उपरोक्त सामाग्रीहरुमा कुनैमा नेपाल भाषा र अंग्रेजी भाषामा सामाग्रीहरुको नाम उल्लेख भएकोमा कुनै सामाग्रीमा नाम पनि उल्लेख गरिएको देखिएन भने सामाग्रीहरुमा उल्लेख गरिएका लगत नं. पनि सबैमा देखिंदैन।

यस ग्यालरीमा झ्यालमा झुण्ड्याइएको नामसंगीतीको चित्र र उत्तरपूर्व पट्टि हनुमानको चित्रका साथै दुई वटा झ्याल बीचमा कागजमा कोरिएको महिलाको चित्र जन खतेरा आउँदा, खतेराको दायाँ बायाँ सिंहको चित्र कोरी गरिने परम्परागत उपचार विधि एवम विभिन्न जात्रा पर्व र शुभकार्यमा प्रयोग गरिने चित्रकला प्रदर्शित गरिएकोले दर्शकहरुलाई अन्यौलको अवसस्था सृजना हुने स्थिति देखिन्छ। यस्ता चित्रहरुलाई छुट्टै चित्रकला ग्यालरी अथवा चित्रकला सेक्सन बनाएर प्रदर्शनमा राख्न उपयुक्त देखिन्छ।

यस ग्यालरीको पूर्वमा सात वटा झ्यालहरुबाट प्राकृतिक प्रकाश सेतो पर्दाबाट छिरेको छ। यसरी प्रदर्शीत वस्तुको पछाडिबाट आएको Anti Light को कारण दर्शकहरुलाई अवलोकन गर्न असहज देखिन्छ। प्राकृतिक प्रकाशबाट आउने Ultravillet Ray ले वस्तुलाई क्षती पुऱ्याउने हुनाले वस्तुको संवेदनशीलता हेरी प्राकृतिक प्रकाश भन्दा कृतिम प्रकाशको प्रयोग उचित मानिन्छ।

**ग्यालरी — ई**

ग्यालरी 'डी' को संगोलमै पूर्वपट्टि ग्यालरी ई अवस्थित छ। यस ग्यालरीमा प्रतिकात्मक रुपमा बाग्मती नदीको उद्म स्थल बागद्धार र त्यहाँबाट बगेर आएको बागमती नदी अन्तर्गत शंखमूलमा क्षेत्रमा नदी तर्न स्थानीय गुठीबाट बर्षेनी बनाईने "वार्चा टाफु"(काठे दलिनको पुलको प्रतिक) प्रदर्शनीमा राखिएको छ। यस ग्यालरी 'ई' को उत्तर पट्टि परम्परागत ईटाको गाह्रोको सबभन्दा माथी खोपामा बुद्धको मुर्ति राखिएको छ। बुद्ध मुर्तिको ठिक तल ढुङ्गाको आकर्षक बागको मुखाकृति राखिएको छ भने दायाँ र बायाँ ढुङ्गेधारा जडान गरिएको छ। यस ग्यालरीमा सानो कागजको टुक्रामा कालो अक्षरले "बाग द्वा" लेखेको बाहेक सिङ्गो बाग्मती नदीको उद्गम स्थल र यस सँग सम्बन्धित अन्य कुराहरुको बारेमा कुनै क्याप्सन अथवा विवरण नहुनुले कलात्मक ईटाको गाह्रो

लगाई ढुङ्गेधारा मात्र प्रदर्शनमा राखिएको भान दर्शकहरुमा पर्न जाने देखिन्छ। भुईमा पानी जम्मा गरी बीचमा काठे एक दलिनको पुल बनाएर देखाइएको छ। यस सङ्ग्रहालयको यही एउटा यस्तो ग्यालरी हो जहाँ प्राकृतिक प्रकाशको प्रयोग गरिएको छ। ग्यालरीको पूर्वबाट प्राकृतिक प्रकाशको प्रवेश गराइएको छ भने दक्षिणमा Life Size को मन्दिर र पाटीको दुष्य सहितको फोटो राखिएको छ जुन जमेको पानी माथि भएको कारण मक्किएर जाने सम्भावना बढी देखिन्छ। यस ग्यालरी 'ई' को ठीक सामुन्ने दक्षिण पश्चिमपट्टि विभिन्न संस्कृति र सम्पदा समेटिएको १२ वटा फोटो दुई वटा ६ फिट चौडा र १० फिट उचाईको फ्लेक्समा फोटो छापेर प्रदर्शनमा राखिएको छ जुन यस ग्यालरीमा उपयुक्त देखिँदैन। यस ज्यापु संङ्ग्रहालयका विभिन्न ग्यालरीहरुमा भएका यस्ता Life Size का फोटोहरुलाई छुट्टै फोटो सेक्सन बनाएर प्रदर्शनीमा राख्न उपयुक्त देखिन्छ।

**ग्यालरी — एफ**

ग्यालरी 'ई' सँगै पूर्व दक्षिण कुना देखि स्वागत कक्ष सम्म प्रस्तावित ग्यालरी एफ फैलिएको छ। ग्यालरी 'एफ' को प्रवेश विन्दुको भित्तामा "म्हःपुजा"(शरिर पुजा) गर्दै गरेको फोटो राखिएको छ। त्यस सँगै एउटा सानो ज्यापु परिवारको परम्परागत घरमा "म्हःपुचा" गर्दै गरेको डमी प्रदर्शनमा देखाइएको छ। नेवार समुदायलको बर्ष फेरिने र नयाँ बर्ष शुरु हुने यो दिन सबै नेवार समुदायले गर्ने म्हःपुजा(जिउको पुजा) को लागि चाहिने सम्पूर्ण सामाग्री सहितको यो सेक्सन ग्यालरी "एफ" को सेक्सन आकर्षक र व्यवस्थित देखिन्छ। यहाँ मण्डपमा परिवारका तीन जना सदस्य बसीरहेको छ भने परिवारकी जेष्ठ महिला सदस्य सगुन दिन तयरी अवस्थामा उभिएको देखाइएको छ। त्यसको पृष्ठभूमिमा आकर्षक एवम् परम्परागत तीन मुखे झ्याल, भुई रातो माटोले पोटेको मानौ यहाँ पुग्दा कुनै सानो नेवार परिवारको "म्हःपुजा" गरिरहेको घरमा पुगेको महसुस गर्न सकिन्छ। यो सेक्सनको प्रवेश विन्दुमै म्हःपुजाको नेपाल र अग्रेजी भाषामा लेखिएको क्याप्सन र साथमा म्हःपुजाको एक पाने अग्रेजीमा विवरण राखिएको छ। जुन बेवारिसे र कागजलाई किराले प्वाल पार्न शुर गेरेको अवस्थामा छ। प्रदर्शीत डमीहरु र त्यहाँ भएका अन्य बस्तु एवम सामाग्रीहरुलाई आगन्तुकले प्रष्ट देखिने गरी कृतिम प्रकाशको व्यवस्था गरिएको छ भने प्लगबाट बाहिर देखिने गरी विजुलीको तार व्यवस्थापन नमिलेको देखिन्छ।

ग्यालरीको दक्षिण पट्टि नेपाली जनजातीहरुको करिब ८ इन्च उचाईको स-साना मोडलहरु २ फिट चौडा ४ फिट लम्बाई र ८ इन्च उचाईका पाँच वटा शिसाका टेबुल

शो-केशहरुमा रङ्गी चङ्गी पोशाकमा सजाएर प्रदर्शनमा राखिएको छ। उक्त शो-केशहरुको पृष्ठभूमिमा तराई, पहाड र हिमालको दुष्य सहितको ठूलो फोटो राखिएको छ। पृष्ठभूमिको फोटो नेपालको तीन तहको भौगोलिक अवस्थितिलाई देखाए जस्तै शो-केश भित्र रातो मलमली कपडाको सतहमा थरी थरीका पोशाकमा सजाएर राखिएका क्रमशः तराई, पहाड र हिमाली भेगमा बसोबास गर्ने जोडी जातीका डमीहरु प्रदर्शनीमा देखाएको छ। प्रत्येक जातीगत जोडीको अगाडी जातीको नाम, पेशा, जिल्ला सहितको सानो क्याप्सनहरु र सँगै जनजातिका नामको विवरण राखिएको छ। शो-केश भित्र The Nationalities of Nepal शिर्षक राखी एक पाने अंग्रेजी विवरण पनि राखिएको छ। शो-केश भित्र समानान्तर रुपमा प्रदर्शनमा राखिएको कारण अगाडिको जोडी जातीको मोडलले पछाडिका जोडी जातीको मोडललाई छेकिने गरी प्रदर्शन गरिएको छ। प्रदर्शीत जनजातिहरुका मोडलहरुलाई शो-केशमा तहगत रुपमा राखेर प्रदर्शन व्यवस्थित बनाउन सकिन्थ्यो। यस सँगै दशकर्मसँग सम्बन्धित विवरण सहित "स्वकःगु ज्या जंकु"(देव रथारोहण) को डमी जुन सानो पाङ्ग्रा सहितको खट जमिनबाट झ्यालसम्म तेर्सो पारेर घर भित्र तानेको दुष्य देखाईएको छ। जुन ग्यालरी 'एफ' को सट्टा ग्यागरी 'सी' को "स्वकःगु ज्या जंकु"(देव रथारोहण) को क्याप्सन र पुजा सामाग्री भएको स्थानमा भएको भए क्रमबद्धता पुरा हुन्थ्यो। यसलाई पुनः व्यवस्थापन गरी मिलाउन आवश्यक देखिन्छ।

ग्यालरी 'एफ' को यो अन्तिम सेक्सनमा पाटन दरवार स्क्वायरको फोटोलाई पृष्ठभूमिमा पारेर काठमाडौं उपत्यकाको सबभन्दा लामो जात्राको रुपमा परिचित रातो मच्छिन्द्रनाथको रथ जात्रा र यस त्राजासँग सम्बन्धित जीवित देवी कुमारीलाई डमी बनाई देखाइएको छ। रातो मच्छिन्द्रनाथको रथलाई जात्राको समयमा जसरी पाटन सहरका विभिन्न स्थानहरु क्रमशः पुल्चोक, गाःबहाल, सुनधारा, लगनखेल हुदै जावलखेल लाने क्रममा पाटन दरबार स्क्वायर हुदै ल्याईन्छ त्यसरी नै यहाँ रातो मच्छिन्द्रनाथ, मीननाथको रथ तान्ने क्रममा अगाडि बाजा बजाउदै आउने गुर्जुपल्टन र बाजा बजाउदै नाच्दै रथ तानिरहेका स्थानीय जनताहरुको प्रतिकका रुपमा विभिन्न स-साना डमी बनाएर प्रदर्शनीमा राखिएको छ। यसले संङ्ग्रहालय प्रवेश गर्ने स्वदेशी तथा विदेशी आगन्तुकहरुलाई नेपालकै एक महत्वपूर्ण ऐतिहासिक महत्त्वको जात्राको बारेमा जानकारी गराउन सक्नेछन। प्रदर्शनीमा राखिएको रातो मच्छिन्द्रनाथको जात्रा र जीवीत देवी कुमारीको बारेमा अङ्ग्रेजीमा संक्षिप्त विवरण सहितको लेवल राखिएको छ भने डमीलाई खुला बाहिर प्रदर्शनमा राखेको कारण वातावरणीय प्रभावले असर गर्न सक्छ।

## ३.९ संरक्षण तथा सुरक्षा व्यवस्थापन

प्राचीन एवं पुरातात्विक वस्तुहरुको संरक्षण गर्नु सङ्ग्रहालयको मूल विषय हो। पुरातात्विक र साँस्कृतिक दृष्टिकोणले महत्त्व राख्ने ती प्राचीन कला र वास्तुकलाहरु संस्कृतिका आत्मा भएकाले यिनको संरक्षण गर्नु सङ्ग्रहालयको महत्त्वपूर्ण विषय हो। विश्वभरी यत्रतत्र छरिएर रहेका बहुमूल्य एवं नास भएपछि पुनः स्थापना गर्न नसकिने किसिमका साँस्कृतिक सम्पदाहरु कुनै एउटा समाज वा राष्ट्रको सम्पतिमात्र नभएर सम्पूर्ण विश्वमानव समुदाय कै साझा निधि हुन (नेपाल, वि.स. २०५८ पृ. ७१)। यस्ता सम्पदाहरु मानवीय मस्तिष्कका उपज हुन, मानवीय संस्कृतिका संवाहक हुन। तसर्थ यस्ता सम्पदाहरुको नास हुनु भनेको सम्पूर्ण मानवसमुदायको सम्पदाको नास हुनु हो। तिनीहरुको सर्वश्रेष्ठ गुण एवं विशेषताले गर्दा तिनीहरु अति विशिष्ट महत्त्वका हुन्छन। तर हाम्रा यी सम्पदाहरु स्वभावैले जीर्ण र कमजोर प्रकृतिका हुन्छन (नेपाल, वि.स. २०५८ पृ. ७१)। यस्ता सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरुलाई संरक्षण गराउनमा आफ्नो जिम्मेवारी देखाउने उद्देश्यले सन् १९७८ मा नेपालले युनेस्कोको विश्व सम्पदा संरक्षण सम्बन्धी महासन्धीमा हस्ताक्षर गरी साँस्कृतिक एवम् प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने प्रतिबद्धता जाहेर गऱ्यो (नेपाल, वि.स. २०५८ पृ. ७१)। नेपालमा पनि यस्ता साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धनको लागि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन-२०१३ लागु भएको पाइन्छ। मुलतः सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरु दुई किसिमका हुन्छन। जस्तोः Organic र Non-Organic काठ र जनावरका हाडबाट बनेका वस्तुहरु जस्तो कपडा, काष्ठ प्रतिमा, माटोको प्रतिमा, पुराना ग्रन्थहरु, चित्रकलाका नमुनाहर स्वभावैले कमजोर प्रकृतिका हुन्छन्, जो प्राचीन इतिहासका मौन वक्ता पनि हुन्। त्यस्तैगरी प्रस्तर र धातुबाट बनेका कलाका प्रतिमाहरुले देश, काल, समय र परिस्थितिको जानकारी गराइरहेका हुन्छन्। यस्ता भौतिक र अभौतिक पदार्थबाट बनेका वस्तुहरुलाई वातावरणको प्रतिकुलताले प्रभावित गरिरहेको हुन्छ। जसले गर्दा ती ऐतिहासिक प्रतिविम्बहरु दिन प्रतिदिन क्षयीकरण भइरहन्छन्। यसतर्फ सङ्ग्रहालयँग सम्बद्ध अधिकारीहरुले ध्यान पुऱ्याउनु पर्छ। कमजोर संरक्षणको कारणले गर्दा इतिहासको क्षति हुनु भनेको मानव सभ्यताको क्षति हुनु हो।

औद्योगिकरणको बढ्दो गतिविधिका कारण उत्पन्न हुने कार्वनडाइ अक्साइड ग्यास, अत्याधिक प्रकाश अथवा अत्याधिक ओसको कारण ढुसी, लाइचेन, किरा आदिले गर्दा सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरुको संवेदनशिलतालाई क्षति पुऱ्याउने कारक तत्वहरु हुन। यसबाट बचाउनको लागि सङ्ग्रहालयमा सङ्ग्रहित वस्तुहरुको प्रकृति अनुसारको

सुरक्षात्मक उपाय अपनाउनु पर्छ। हरेक सङ्ग्रहालयमा लाखौं लाखको क्षती भइरहेको हुन्छ। यस्तो क्षतिलाई जनमानसले महसुस गर्न सक्तैन, जसलाई पत्तालगाउन प्राविधिक विज्ञहरुको आवश्यक्ता पर्दछ।

सङ्ग्रहालयको विषयमा प्रदर्शनी व्यवस्थापन र संरक्षण तथा सुरक्षा व्यवस्थापन एक अर्काका परिपुरक हुन। मानव समुदायको अतितका क्रियाकलाप र उसको संस्कृतिसँग सम्बन्धित विभिन्न भौतिक वस्तुहरुलाई सुदुर भविष्यसम्म पनि सुरक्षित रुपमा प्रदर्शित गर्नु पर्ने हुनाले त्यस्ता वस्तुहरुको संरक्षण, सम्बर्द्धन तथा सुरक्षण कार्य अति जरुरी हुन्छन्। स्पष्ट छ, सङ्ग्रहालयमा ल्याइएका वस्तुहरुको संरक्षण गर्नु सङ्ग्रहालयको जिम्मेवारी हुन्छ। हावा, पानी, भौतिक प्रक्रिया र मानवीय गितिविधि आदि कारणहरुबाट पुराना कला वस्तुहरुमा हानी हुने गर्दछ। यिनबाट पुराना वुस्तुलाई जोगाउनु तथा विग्रन लागेका वस्तुको उद्धार गर्नु पनि सङ्ग्रहालयको दायित्व हुनेछ। सङ्ग्रहालयमा संग्रहित वस्तुहरुको संरक्षण ज्यादै जटिल बनेको छ। साधन र श्रोतको अभाव, स्पष्ट सरकारी नीति नहुनु र दक्षजनशक्तिको अभाव यसका प्रमुख कारक हुन्।

सङ्ग्रहालयमा संग्रहित बहुमूल्य वस्तुहरुको चोरी, तथा लुटपाट आदिबाट बचाउनको लागि सुरक्षाको व्यवस्था गर्नु पर्छ। संकलनमा रहेका वस्तुहरुलाई चोरी निकासीबाट बचाउने जिम्मेवारी पनि सङ्ग्रहालयकै हुन्छ। सङ्ग्रहालयमा प्रदर्शित वस्तुहरुको संरक्षण र सुरक्षाका लागि दुईवटा तरिकाहरु अपनाउन सकिन्छ।

- सुरक्षात्मक उपाय
- रासायनिक पदार्थद्धारा संरक्षण

### ३.९.१. सुरक्षात्मक उपाय

कुनै पनि पुरातात्विक तथा ऐतिहासिक स्मारक अथवा प्रतिमाहरुको संरक्षण गर्दा त्यो सम्बन्धित वस्तुको परिचय वस्तु रहेको स्थान, उक्त वस्तुको ऐतिहासिक परिस्थिति वस्तुको वर्तमान अवस्थिति आदिको Documeantation र Photogaphy गर्नु पर्छ। यसो गरिएन भने अथवा वस्तुको यथास्थिति विवरवण सहिततको अभिलेख राखिएन भने भविष्यमा वस्तु हराउने संभावना रहन्छ भने अर्कोतिर उक्त वस्तुको पुन संरक्षण गर्नु परेमा समस्या आउन सक्छ। यसर्थ कुनै पनि पुरातात्विक वस्तुको पुन संरक्षण कार्य गर्दा निम्न तरिका अपनाउनु पर्छ।

क) फोटोग्राफी

सम्बन्धित वस्तुको संरक्षणको प्रक्रियामा फोटोग्राफीको महत्त्वपूर्ण भूमिका रहन्छ। सर्वप्रथम त सम्बन्धित विषयका प्राविधिक वा विज्ञद्धारा स्थलगत निरिक्षण गरी फोटो खिच्ने कार्य गरिन्छ। संरक्षण कार्यमा संरक्षण गर्नु भन्दा अगाडि, संरक्षणको शिलशिलामा र संरक्षण गर्ने कार्य समाप्त भएपछि फोटोग्राफी गरिन्छ।

ख) प्रदर्शित वस्तुको सर सफाई

फोटोग्राफी पछि वस्तुको बाहिरी सरसफाई गरिन्छ। वस्तुको बाहिरी भागमा सरसफाई गर्दा पनि वस्तुको संवेदनशिलतामा चोट पुग्न सक्छ। यसतर्फ विशेष ध्यान दिनु पर्छ।

ग) डकुमेन्टेशन

सङ्ग्रहालयका विभिन्न कार्यहरु मध्ये डकुमेन्टेशन पनि एक प्रमुख कार्य हो। सङ्ग्रहालयमा विभिन्न माध्यमबाट प्राप्त वस्तुहरुको डकुमेन्टेशनको सहायताले प्रत्येक वस्तुको छुट्टै परिचय प्राप्त हुन्छ। उपलब्ध प्रत्येक वस्तुहरुको विषयमा आधारभूत जानकारिको अभावमा सङ्ग्रहालयको सङ्ग्रह अर्थहिन हुन जान्छ (शुक्ल र पाण्डेय, २००२ पृ. ३८)। सङ्ग्रहालयहरुमा डकुमेन्टेशनका आफ्नो पृथक सिद्धान्त रहेको हुन्छ। जसलाई विभिन्न चरणमा बनाएर प्रयोग गर्ने गरिन्छ जून निम्नानससार छन् (शुक्ल र पाण्डेय, २००२ पृ. ३९)।

- वस्तु सङ्ग्रह हुनु भन्दा पहिलेको डकुमेन्टेशन कार्यः
  १. कुन वस्तु कहिले प्राप्त भयो
  २. वस्तु कहाँबाट प्राप्त भयो
  ३. वस्तु कसले ल्यायो
  ४. कुन प्रयोजनका लागि ल्यायो
  ५. कहाँ राखिएको छ
  ६. वस्तुको अवस्था कस्तो छ

- वस्तु सङ्ग्रहको समयमा गरिने डकुमेन्टेशन कार्यः
  १. प्राप्ति नम्बर
  २. प्राप्तिको स्रोत
  ३. प्राप्तिको तरिका
  ४. प्राप्त मिति
  ५. वस्तुको मूल्य
  ६. वस्तुको विवरण
  ७. वस्तुको मापन
  ८. वस्तु प्राप्ती स्थान

९. वस्तको निर्माण काल

१०. वस्तुको अवस्था

११. कैफियत

१२. दर्ता गर्नेको सही

➢ वस्तु सङ्ग्रह पछि गरिने डकुमेन्टेशन कार्यः

यसमा वस्तुको बर्गीकृत रजिष्टर तयार गरी सूची पत्र बनाई निम्न कुराहरु समावेश गरिएको हुन्छ।

१. बस्तुको नाम

२. डकुमेन्टेशनको तिथि

३. प्राप्त भएको क्षेत्र

४. सङ्ग्रह मिति

५. वस्तुको विवरण

६. प्राप्त विधि

७. निर्माण काल

८. मापन लम्बाइ x चौडाइ x उचाई

९. वर्गीकरण

१०. वस्तु राख्ने स्थान

११. वस्तुको संख्या

### ३.९.२ रासायनिक पदार्थद्धारा संरक्षण

संग्रहालयमा संग्रहित वस्तुहरु मानवीय कृयाकलापबाट मात्र नभई रासायनिक प्रतिक्रयाद्धारा पनि विग्रन्छ। तिनबाट बचाउनको लागि बेलालबेलामा रासायनिक उपचार गर्नुपर्ने हुन्छ। कुनै पनि वस्तु संरक्षण गर्नु अघि विग्रनुको मुल कारण के हो भन्ने अध्ययन गर्नु अति आवश्यक हुन आउँछ। प्रदर्शीत वस्तु कसरी क्षय भएको छ त्यसको कारण पत्ता लगाई कसरी र कुन विधिबाट वस्तुको संरक्षण गर्ने भन्ने विषयमा अध्ययन गरी उक्त अध्ययनको प्रतिवेदनको आधारबाट वस्तुको संरक्षण गर्न बढी बैज्ञानिक र आधिकारिक हुन्छ। रासायनिक पदार्थद्धारा वस्तु संरक्षण गर्ने क्रममा कलावस्तुको मौलिक स्वरप र रङ्गमा कुनै पनि किसिमले परिवर्तन हुनु हुदैन। यसका लागि वस्तुको निर्माण सामाग्री र माध्यमका बारेमा विविध जानकारी हासिल गर्नु पर्छ (शुक्ल र पाण्डेय, २००२ पृ. २४१)।

ज्यापु सङ्ग्रहालय रहेको ज्यापु प्रज्ञा भवनलाई चारै तिरबाट अग्लो तारबारले घेरेको छ। सङ्ग्रहालय प्रवेश गर्ने ढोकामा कार्यालय समय पछि ताल्चा लगाएको हुन्छ। यसका साथै सङ्ग्रहालयको प्रत्येक ग्यालरीहरुमा सी.सी. क्यामरा राखिएको छ। त्यसै गरी ज्यापु सङ्ग्रहालयमा प्रदर्शीत काठ, वेतबाँसका, कागजका चित्रकला, कपडा र अन्नका गेडागुडीहरुमा धुलो, धमिरा, किराको साथै सेतो पाउडर जस्तो देखिने ढुसीबाट बचाउन रासायनिक उपचार गरिनु पर्दछ। सङ्ग्रहालयको आफ्नै ल्याब र त्यससँग

सम्बन्धित विज्ञ कर्मचारीहरु नहुदाँ अन्य संस्थासँग समन्वय गरी वस्तुको रेखदेख र संरक्षण कार्य गरिनु पर्छ।

## ३.१० ज्यापु सङ्ग्रहालयका चुनौतिहरु

नेपाल सांस्कृतिक, ऐतिहासिक, तथा भौगोलिक विविधताले युक्त देश भएकाले यहाँको साँस्कृतिक परिवेशमा पनि विविधता पाइन्छ। नेपाल आफैमा खुला सङ्ग्रहालयको रुपमा रहेता पनि औपचारिक रुपमा भने सङ्ग्रहालयहरु मध्ये केही बाहेक धेरै सङ्ग्रहालयहरु आधुनिक सङ्ग्रहालयको अवधारणा अनुरुप निर्माण भई सञ्चालन हुन सकेको छैन। नेपालको जनजाती सङ्ग्रहालयहरु मध्ये ज्यापु सङ्ग्रहालय नेवार समुदायको साँस्कृतिक गतिविधि झल्कने एक मात्र सङ्ग्रहालय हो। नेवार समुदायमा पनि ज्यापु समाजको पहलमा सञ्चालित यस सङ्ग्रहालयका चुनौतीहरु धेरै रहेका छन।

सङ्ग्रहालयलाई आधुनिक ग्यालरी व्यवस्थापन गर्न दक्ष जनशक्तिको अभाव देखिन्छ। समुदायबाट सञ्चालिच यस सङ्ग्रहालयको लागि दक्ष जनशक्ति उत्पादन गर्न नसकिरहेको अवस्था रहेको छ। ज्यापु सङ्ग्रहालय रहेको भवन शुद्ध सङ्ग्रहालय स्थापनाको लागि बनेको होइन। त्यसैले आधुनिक प्रदर्शनी पद्धती अनुरुप प्रदर्शनी व्यवस्था मिलाउन कठीन हुने देखिन्छ। यद्यपी भवनको आन्तरिक कक्षकहरु पुनः निर्माण गरी व्यवस्थित पार्न सकिन्छ। प्रदर्शनी व्यवस्गापनको लागि दक्षजनशक्ति नभएको हुँदा प्रदर्शनीलाई परिमार्जन गर्न सकिएको छैन। यस सङ्ग्रहलयलाई तयार भैसकेको गुरु योजना अनुसार व्यवस्थित गर्न आर्थिक जोह गर्ने ठूलो चुनौती रहेको देखिन्छ। संरक्षण तथा सम्बर्द्धनको लागि पनि यहाँ थुप्रै चुनौतीहरु छन्। वस्तुको व्यवस्थिति भण्डारणको अभाव देखिन्छ। वस्तुको रासायनिक प्रक्रियाबाट उपचार गर्न दक्ष जनशक्तिको अभावका साथै ल्याबको व्यवस्था पनि छैन।

# अध्याय-चार

## निश्कर्ष

सङ्ग्रहालय इतिहास, संस्कृति, सभ्यता र सामाजिक एवं पुरातात्त्विक विषयको पहिचान गराउने केन्द्रको साथै मनोरञ्जन तथा आमोद प्रमोदको लागि पनि महत्वपूर्ण स्थल हो। आजको मानव सभ्यतालाई सहिमार्गमा हिड्न सहयोग गर्ने पथप्रर्दशकको साथै भावि सन्ततीको स्वाभीमानलाई जोगाइराख्ने एउटा आश्रयस्थल पनि हो।

सङ्ग्रहालय राष्ट्रका विभिन्न समुदाय र जनजातिका जातीय पहिचानलाई समेत पछिसम्म जोगाइराख्ने महत्वपूर्ण संरक्षण स्थल पनि भएको छ। यसको माध्यमबाट समाजशास्त्री र मानवशास्त्रीहरुलाई मानव सभ्यताको अध्ययन गर्न सहयोग पुग्दछ। इतिहास, संस्कृति तथा पुरातत्त्वका विद्यर्थीको लागि त यो प्रयोगशाला नै सावित भएको छ। समग्रमा भन्दा सङ्ग्रहालयको माध्यमबाट शैक्षिक, सामाजिक, ऐतिहासिक, धार्मिक र साँस्कृतिक जागरण संभव हुने भएकोले सङ्ग्रहालय समाजको लागि अपरिहार्य छ।

सङ्ग्रहालय संचालन र व्यवस्थापन विशुद्ध प्राविधिक कार्य हो। संग्रहालय किन, कहाँ र कसका लागि भन्ने प्रश्नहरुको आधारमा सङ्ग्रहालयको उद्देश्य र प्रकृतिलाई स्पष्ट पार्न सकिन्छ। वास्तवमा संङ्ग्रहालय सञ्चालन र व्यवस्थापनको लागि एउटा प्रष्ट गुरुयोजना र यससँग सम्बन्धित निर्देशक सिद्धान्तहरुको आवश्यक पर्छ। यस्ता सिद्धान्तहरुमा समग्र सङ्ग्रहालय संचालनका विषयहरुलाई समावेश गरेको हुन्छ। यस निर्देशक सिद्धान्तको आधारमा सङ्ग्रहालयको संचालन तथा व्यवस्थापन गरिन्छ।

राष्ट्रभरि छरिएर रहेका मूर्त अथवा अमूर्त सांस्कृतिक वा प्राकृतकि सम्पदाहरुको दीगो संरक्षण गरी पर्यटन मार्फत आर्थिक उपार्जनको लागि समेत एउटा आधार बनेको छ। नाफा कमाउने उद्देश्य रहित भएर सङ्ग्रहालय स्थापना गर्नुपर्छ भन्ने तथ्यलाई भने विर्सन हुँदैन। काठमाडौं उपत्यकामा अभ्यासरत धर्म, कला, संस्कृतिको संरक्षण र जीवन्त प्रस्तुतिको अभ्यासमा संलग्न नेवार समुदायको अध्ययन र अनुसन्धानको काममा यस सङ्ग्रहालयले आफुलाई प्रस्तुत गर्न सक्नेछ।

ज्यापु समाज आफैमा गैर नाफारहित सामाजिक संस्था हो। यस्तो संस्थालको सञ्चालन व्यवस्थापनमा संग्रहालय चलाउन आर्थिक समस्या रहेको देखिन्छ। अध्ययनका क्रममा ज्यापु सङ्ग्रहालको संचालन तथा व्यवस्थापन प्रस्तावित गुरुयोजना अनुसार

नभएको पाइयो। सङ्ग्रहालय व्यवस्थापकहरुसँगको छलफलमा आर्थिक पक्ष सबल बनाई गुरुयोजनालाई अन्तिम रुप दिन प्रयासरत रहेको कुरा बुझियो। साथै समाजसँग भएको सिमित आर्थिक एवं मानवीय साधनको प्रयोग गरी संस्थामा उपलब्ध वस्तुहरुको प्रदर्शनी भइरहेको देखियो।

समग्रमा यस सङ्ग्रहालयको स्थलगत अध्ययन भ्रमणका आधारमा बुँदागत रुपमा यसरी केलाइएको छः

(१) सङ्ग्रहालय संचालन र व्यवस्थापनको लागि यससँग सम्बन्धित गुरुयोजना, कार्यविधि र निर्देशिका हुनुपर्छ। यस्ता निर्देशिकाहरुले वस्तु कसरी संकलन गर्ने, अभिलेखन र प्रदर्शन गर्ने लगायतका विषयहरुमा निर्देशन गरेका हुन्छन्। यस सङ्ग्रहालयमा सङ्ग्रहालय संचालन तथा व्यवस्थापनको लागि कार्यविधि बनाएको पाइएन।

(२) यो सङ्ग्रहालयमा सम्वद्ध कर्मचारीहरुमा सङ्ग्रहालय सम्बन्धी आधारभूत ज्ञान समेत नभएको देखियो। सङ्ग्रहालयमा भ्रमण गर्न आउने पर्यटकहरुको साधारण जिज्ञासालाई पुरा गर्न सक्ने क्षमता यहाँका कर्मचारीहरुमा देखिएन। यस किसिमको अवस्थाले गर्दा सङ्ग्रहालयको लक्ष र उद्देश्यलाई कम मात्रामा उजागर गरेको पाईन्छ।

(३) सङ्ग्रहालयमा दक्ष कर्मचारिको पर्याप्त व्यवस्था हुनुपर्छ तर यहाँ कर्मचारिको अभाव रेहको छ। कम्तिमा पनि हरेक ग्यालरीहरुमा ग्यालरी इन्चार्जको व्यवस्था हुनुपर्छ। थोरै कर्मचारीहरुले सबै ग्यालरीहरुमा हेर्न नसक्ने अवस्था एकातिर छ भने अर्कोतिर ग्यालरीहरुमा कर्मचारीको अभाव हुँदा सङ्ग्रहालयमा आउने सबै खाले आगन्तुकहरुले प्रदर्शित सामाग्रीहरुलाई क्षति पुऱ्याउँन सक्ने सम्भावना रहन्छ।

(४) सङ्ग्रहालयमा सूचना केन्द्रको अभाव रहनुका साथै रिशेप्सन कक्ष जस्ता साधारण कुराहरुको पनि व्यवस्थापन गर्न सकिएको छैन।

(५) सङ्ग्रहालयमा पुस्तकालयको व्यवस्था छैन। सङग्रहालयमा भ्रमण गर्न आउनेहरुलाई अध्ययन र अनुसन्धानको लागि आवश्यक पर्ने पुस्तकालयको व्यवस्था नहुँदा सङ्ग्रहालयको गरिमालाई ओझेलमा पारेको छ।

(६) Museum exhibition मा सधै Exhibition Design को आवश्यकता पर्छ। यस संग्रहालयमा Display र exhibition management लाई कत्ति पनि ध्यान दिइएको छैन। **Display र Exhibition Design** ले सङ्ग्रहालयको उद्देश्य र लक्ष्यलाई अभिव्यक्त गरिरहेको हुन्छ। तर सङ्ग्रहालयको महत्वपूर्ण विधाको रुपमा रहेको प्रदर्शनी व्यवस्थाको सिद्धान्तलाई पालना गरिएको छैन।

(७) Cultural seuqence र Historical chronology लाई पटक्कै ध्यान दिइएको छैन। Museum को Them लाई अभिव्यक्त गर्नको लागि वस्तुहरुलाई जहिल्यै Thematic Angle बाट Display exhibition गर्नुपर्छ तर यो विषयलाई कत्ति पनि ध्यान दिइएको छैन।

(८) Index/caption र Gallery lable को उचित व्यवस्थापन भएको छैन। Index र Gallery लेवलले Museum को Theme लाई Expression गरेको हुन्छ। यस्तो महत्वपूर्ण विषयलाई समेत यहाँ ध्यान पुऱ्याइएको छैन।

(९) यस सङ्ग्रहालयको सबैभन्दा कमजोर पक्ष भनेकै अत्यन्त Poor conservation नै रहेको छ। संरक्षणको नाममा नियमित सरसफाई समेत गरिएको छैन। विभिन्न ग्यालरीहरुमा प्रदर्शित फोटो फ्रेम लगायत जैविक वस्तुहरुमा किरा र धमिरा लागेर जीर्ण बनाएको देखिन्छ। प्राकृतिक प्रकाशले वस्तुको रंगलाई उडाइदिएको छ जसले कागजहरु पहेंलो बनेका छन्।

(१०) यस सङ्ग्रहालयमा शैक्षिक गतिविधिहरु नगन्य मात्रामा हुने गरेको पाइन्छ। सङ्ग्रहालयको प्रमुख कार्य भनेको वस्तु संरक्षण र प्रदर्शनको साथ साथै शैक्षिक गतिविधि भित्र पर्ने अन्य अध्ययन, अनुसन्धान तथा प्रकाशन त यहाँ छदैछैन भने पनि हुन्छ।

(११) आधुनिक सङ्ग्रहालय सिद्धान्तको अवधारणा अनुरुपको सङ्ग्रहालय वास्तुसँग मेल खाँदैन। नजिकको पाटन सङ्ग्रहालयलाई हेर्ने हो भने पुरानै दरबार भए पनि दरबारको बाहिरी स्वरुपलाई नवीगारीकन पनि आधुनिक सङ्ग्रहालय भवनमा जस्तै वस्तु प्रदर्शन गर्न सकिन्छ भन्ने कुराको पुष्टि भएको छ।

सङ्ग्रहालयमा ग्यालरी निर्माण, प्रकाश व्यवस्थापन, शो-केशहरुको निर्माण तथा व्यवस्थापन, Pedastal, रंगको संयोजन, प्रदर्शित वस्तुहरुको विवरण आदि जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्छ। यस्ता पक्षलाई ध्यान दिएमा मात्र प्रदर्शनी व्यवस्थापन प्रभावकारी हुन सक्छ। ज्यापु सङ्ग्रहालयमा प्रदर्शनी व्यवस्थापनमा केही अवयवहरु अवस्य मिलेको छैन। गुरु योजना अनुसार सङ्ग्रहालय व्यवस्थापनको विकल्प छैन। तत्काललाई प्रदर्शनी व्यवस्थालाई पुन व्यवस्थापन गर्न जरुरी देखिएको छ।

## परिशिष्ट 'क'

### व्यवस्थापकलाई अन्तरवार्ताको क्रममा सोधिएका प्रश्नहरु

१. सङ्ग्रहालयको व्यवस्थापन कसरी भइरहेको छ ?

२. कर्मचारीको व्यवस्थापन कसरी गर्नुभएको छ ?

३. सङ्ग्रहालयमा आगन्तुकको उपस्थिति कस्तो छ ?

४. प्रचार प्रसारका के कस्तो उपाय अपनाउनु भएको छ ?

५. प्राप्त बस्तुहरुको भण्डारणको अवस्था कस्तो छ ?

६. पुस्तकालयको व्यवस्था छ की छैन ?

७. सङ्ग्रहालय संचालन व्यवस्थापन सम्बन्धमा आगन्तुकहरुको सुझाब कस्तो छ ?

८. बस्तुहरु कसरी प्राप्त भयो र कस्ता बस्तुहरु सङ्ग्रहालयमा प्रदर्शनीमा छन् ?

९. सूचना केन्द्रको व्यवस्था कस्तो छ ?

१०. सङ्ग्रहालय भवनको सुरक्षा व्यवस्था कस्तो छ ?

# परिशिष्ट 'ख'

## अन्तरवार्ता लिइएका व्यक्तिहरुको विवरण

| नाम | ठेगाना | आवद्धता | अन्तरवार्ता मिति |
|---|---|---|---|
| शान्तमान महर्जन | हौगल टोल | न्याय सामाजिक विभाग प्रमुख | २०७७-४-१५ |
| सरिता अवाले | भिन्घलाछीं टोल | पर्यटन र सङ्ग्रहालय व्यवस्थापन उप समिति संयोजक | २०७७-४-८ |
| विनोद अवाले | चोछें टोल | कार्यालय व्यवस्थापक | २०७७-३-३२ |
| राजेश अवाले | भिन्घलाछीं | लेखापाल | २०७७-४-१० |
| बाबुकृष्ण महर्जन | ईबाननी | कार्यालय सहायक | २०७७-३-३२ |
| रमा महर्जन | गुइत टोल | कार्यालय सहयोगी | २०७७-२-१५ |
| तुल्सी (महर्जन) अवाले | भिन्घलाछीं | कार्यालय सहयोगी | २०७७-२-१५ |

# परिशिष्ट 'ग'

## विभिन्न कक्षमा प्रदर्शित वस्तुहरुका चित्र र तिनका सूची (४९ चित्र)



चित्र नं. १ ज्यापु प्रज्ञा भवन र परिसर




चित्र नं. २ ज्यापु प्रज्ञा भवन उद्घाटनको शिलापत्र




चित्र नं. ३ सङ्ग्रहालयको उद्घाटनको शिलापत्र

# ग्यालरी 'ए' मा भएका फोटो



चित्र नं. ६ काठमाडौं उपत्यकामा पाइने विभिन्न थरी माटो



चित्र नं. ७ धानसँग सम्बन्धित कृषि कर्मको प्रदर्शन



चित्र नं. ८ ग्यालरी 'ए' को फोटो



चित्र नं. ९ परम्परागत गहणाको प्रदर्शनी

## ग्यालरी 'बी' मा भएका फोटो



चित्र नं. १० ग्यालरी 'बी' को फाटो



चित्र नं. ११ विभिन्न पेशा कर्मसँग सम्बन्धित फोटोको प्रदर्शन




चित्र नं. १२ माटाका भाडा वर्तनहरु



चित्र नं. १३ विभिन्न थरी सन्दूकहरु




चित्र नं. १४ बेतबाँसका वस्तुहरु



चित्र नं. १५ कपडा बुन्ने परम्परागत तान



चित्र नं. १६ कृषि औजारहरु



चत्र नं. १७ मल्लकालिन
जग्गा नाप्ने लठ्ठी



चित्र नं. १८ धातुका वस्तुहरु

## ग्यालरी ‘सी’ मा प्रदर्शीत वस्तु



चित्र नं. १९ ग्यालरी ‘सी’ मा प्रदर्शीत वस्तु



चित्र नं. २० नेवारी परम्परागत पहिरन



चित्र नं. २१ नेवारी परम्परागत पहिरन




चित्र नं. २२ ग्यालरी ‘सी’ मा प्रदर्शीत विभिन्न थरी जुत्ता




चित्र नं. २३ कागज र माटामा कोरिएका चित्रकला



चित्र नं. २४ ग्यालरी 'सी' मा प्रदर्शीत विभिन्न बाजा



चत्र नं. २५ विभिन्न बाजा



चित्र नं. २६ विभिन्न बाजा

## ग्यालरी 'डी' मा प्रदर्शीत वस्तु



चित्र नं. २७ ग्यालरी 'डी' मा प्रदर्शीत वस्तु



चित्र नं. २८ नवजात शिशु र आमाको लागि आवश्यक सामाग्रीहरु



चित्र नं. २९ व्रतवन्दमा प्रयोग गरिने सामाग्रीहरु



चित्र नं. ३० रथारोहणका क्रममा प्रयोग गर्ने सामाग्रीहरु र घरको मूल ढोकाको दायाँ बायाँ र माथी लेखिने चित्र



चित्र नं.३१ सूर्यरथारोहणमा प्रयोग गरिने आवश्यक सामाग्रीहरु



चित्र नं.३२ मृत्यु संस्कारको १२ र ४५ दिनमा प्रयोग गरिने सामाग्रीहरु



चित्र नं.३३ पूर्णचण्डी भुजा

चित्र नं.३४ शुभ कार्य र औषधो उपचारमा उपचारमा लेखिन चित्रकलो






चित्र नं.३५ विभिन्न थरीका धागाहरु

चित्र नं.३६ तिलका गेडाहरु





चित्र नं.३७ ग्यालरी 'डी' मा प्रदर्शीत घण्टाकर्णको प्रतिक



चित्र नं.३८ दशैंमा घटस्थापना गरिने विभिन्न सामाग्रीको प्रतिक

# ग्यालरी 'ई' मा प्रदर्शीत वस्तु



चित्र नं.३९ बागमतीको मुहान बाघद्धार र नदी तर्ने काठे पुलको प्रतिक



चित्र नं.४० मा प्रदर्शित विभिन्न संस्कृति झल्कने तस्वीरहरु

## ग्यालरी 'एफ' मा प्रदर्शीत वस्तु

चित्र नं. ४१





चित्र नं. ४२ नेवार समुदायको म्हःपूजाको प्रतिक

चित्र नं. ४३ अव्यवस्थित बिजुलीका तार





चित्र नं.४४ मा प्रदर्शीत विभिन्न जनजातीहरुका नमूना प्रतिक



चित्र नं.४५ देवरथारोहणको प्रतिक



चित्र नं. ४६ रातो मच्छिन्द्रनाथको रथ तानेको प्रदर्शनी प्रतिक




चित्र नं. ४७ जीवित देवी कुमारीको प्रदर्शनी प्रतिक

चित्र नं. ४८

ज्यापु प्रज्ञा भवनको चौथो तल्लामा अवस्थित खुल्ला हल



चित्र नं. ४९, ज्यापु सङ्ग्रहायको वस्तु प्रदर्शनी नक्शा ढाँचा



चित्र नं. ४९ अनुसार गरिने र गरिएका बस्तु प्रदर्शनी विवरण

१. मू ल्वखाः (मूल ढोका)

२. स्वकमितय्त लसकुस यानाच्वम्ह ज्यापु दाजुया मोडल (स्वागत गरिरहेको ज्यापु मोडल)

३. स्वकमितय्त लसकुस यानाच्वम्ह ज्यापुनी तताया मोडल(स्वागत गरिरहेको ज्यापुनी मोडल)

४. न्यनेकने यायेगु थाय् (सोधपुछ कक्ष)

५.१. नेवाः संस्कृति नाप स्वापू दूगु किपाः (नेवास संस्कृतिसँग सम्बन्धित फोटो)

५.२. नेवाः संस्कृति नाप स्वापू दूगु किपाः

६. बुङ्गद्यः जात्राया मोडलसहितया दृश्य (रातो मच्छिन्द्रनाथको जात्राको मोडल)

७. चाकुबा द्यः जात्राया मोडलसहितया दृश्य (मीननाथको जात्राको मोडल)

८. कुमारी द्यःया मोडल (कुमारी देवीको मोडल)

९. स्वक्वः जंकु यानाच्वंगु मोडलसहितया दुश्य (सुर्य रथारोहणको मोडल)

१०. आदिवासी जनजातितय्गु मोडल (पूर्व मेचीनिसें पच्छिम महाकाली, उत्तर हिमालिंनसे दक्षिण तराई थ्यंक सम्पूर्ण जात जातीया भेषभुषा फिनातःपि मोडल) (आदिवासी जनजातिहरुको मोडल पूर्व मेचि देखि पश्चिम महाकाली, उत्तर हिमालय देखि दक्षिण तयाई सम्म सम्पूर्ण जात जातीका भेषभुषा सजाइएका मोडल)

११. म्हपूजा यानाच्वंगु मोडल सहितया दृश्य (शरीर पूजाको मोडल सहितको दृश्य)

१२. बुँ पालच्वंगु मोडल सहितया दृश्य (खेत खन्दै गरेको मोडल)

१३. खः दायाच्वंगु मोडल सहितया दृश्य (डल्ला फोर्दै गरेको मोडल)

१४. बजी ल्हुयाच्वंगु मोडल सहितया दृश्य (चिउरा कुद्‌दै गरेको मोडल)

१५. आरी सिं फायाच्वंगु मोडल सहितया दृश्य (आरीमा काठ चिर्दै गरेको मोडल)

१६. थी थी किसिमया चाया नमुना (विभिन्न किसिमका माटोका नमूना)

१७. थी थी किसिमया वा बाली (विभिन्न किसिमका धान बाली)

१८. थी थी नसाःया बाली (विभिन्न किसिमका खाद्ययबाली)

१९. थी थी किसिमया सुकु कैं (विभिन्न किसिमका सुकेका तरकारी)

२०. चाःया हलंज्वलं नापं थलभालःत (माटोका भाडाँवर्तन)

२१. हापाया हलंज्वलं (बेतबाट बनेका सामानहरु )

२२. पं पौया हलंज्वलंत (बाँसका सामानहरु)

२३. छेँय् छ्यलीगु हलंज्वलंत (घरायसी भाडाँवर्तन)

२४. बुँइ छ्यलीगु हलंज्वलं नापं लवःकवःत (खेतमा प्रयोग गरिने सामानहरु र औजारहरु)

२५. बसजाः ज्वलंत, पुजा हलंज्वलंत (धातुबाट बनेका पुजा गर्ने सामानहरु)

२६. तिसाःवसःत (मस्तयगु, मिसातय्गु, मिजंतयगु) (गहणा र पोशाकहरु) (बच्चाको, महिलाको, पुरुषको)

२७. बाजागाजात

२८. दश कर्मकाण्डलिसे स्वापु दुगु हलंज्वलंत (दश कर्मसँग सम्बन्धित सामाग्रीहरु)

२९. बाह्रमासय् मानेयाइगु नखःचखःलिसे स्वापूदुगु हलं ज्वलंत (बाह्र मासे चाडसँग सम्बन्धित सामाग्रीहरु)

३०. समय्बजी ज्वलं व थी थी ब्वक्सा सहितया भ्वय्ब्वः (सम्य् बजी र भोजका सामाग्री)

३१. सिकःमि, दकःमिं, कुम्हातय्सं छ्यलीगु लवःकवःत (सिकर्मी, डकर्मी र कमालेको औजारहरु)

३२. थी थी नेवाः जातीपिन्त नं कघाःयेगु तातुनाकथं (विभिन्न नेवाः जातीहरु समेत्ने)

क. शाक्य, बज्राचार्यतय्सं छ्यला वयाच्वंगु हलंज्वलं लवःकवः (शाक्य र बज्राचार्यले प्रयोग गर्ने औजार)

ख. तम्वःतय्सं छ्यला वयाच्वंगु हलंज्वलं लवःकवः (ताम्राकारले प्रयोग गर्ने औजार)

ग. पुंतय्सं छ्यला वयाच्वंगु हलंज्वल लवःकवः (चित्रकारले प्रयोग गर्ने औजार)

घ. प्वःतय्सं छ्यला वयाच्वंगु हलंज्वलं लवःकवः (तल्लो जातले प्रयोग गर्ने औजार)

३३. न्यनेकने यायेगु थाय् (सोधपुछ गर्ने ठाउँ)

३४. न्हापा शंखमूलय् दूगु बात्चा ताफुया नमूना (शंखमूलमा राखिने एक दलिनको काठे पुलको मोडल)

३५. सफू प्रदर्शणी थाय् (किताब प्रदर्शनी स्थल)

३६. मोडलसहित कँ कयाच्वंगु दृश्य व उकिया सम्पूर्ण विवरण बोर्ड (कालो माटो निकाल्ने मोडल)

३७. बुंगाःचा (कुवा) बुँ ज्या हे मू पेशा कथं म्हसीका दुपिं ज्यापु जाति बुँइ वनेबलय् लःत्वने ब्यवस्था यायेत दय्कातःगु लःकायेगु थाय्यातःहे बुंगाःचा घाई। (पहिले खेती किसानीको लागि खेतमा गएको बेला खानेपानीको व्यवस्था गर्न बनाएको कुवा)

३८. नेवाः वास्तुकलां जाःगु तुं (नेवारी वास्तुकला)

३९. ल्वहँ हिटि (ढुङ्गेधारा)

थ्व हिटियात माःगु लःया श्रोत भवनया पश्चिमपाखे च्वंगु स्वहानपिनेच्वंगु गाःपाखें यायेगु जुइ। (ढुङ्गेधाराको लागि आवश्यक पानी भवनको पश्चिमपट्टि रहेको भन्याङ बाहिरको खाल्डोबाट व्यवस्था गर्ने)


४०. नेवाः छें (नेवारी घर)


बिशेष कथं नेवाः छें धैगु छ्यलि, मातं, चोतः व बैगः(बिशेष गरी नेवाः घरमा भुई तल्ला, पहिलो तल्ला कोठाहरु बारेर बाकी रहेको ठाउँ र दोस्रो तल्ला कोठा नबारेको खुल्ला ठाउँ)


संसाः (Museum) या अवधारणा, पेज नं ६-९, ने.सं. ११३०


# परिशिष्ट 'घ'


## संदेशमूलक सुचना











# परिशिष्ट 'ङ'


## गुरुयोजना





## The First Floor Plan, Showcase, Diorama & PDA's






## The Ground Floor setting of Showcase, Diorama & PDA's






Jyapu House
ground floor
second floor
first floor
attic floor




Preference for The Jyapu Museum Work Schedule
First Civil Work
Second smart IT Work
Third Art & Creation Work
Partition
Museum Information Center
Jyapu House
Lampati
Bala
Kanga
Under Ground Parking
Gardening, Courtyard & Museum Shop
Museum showcase
Final Retouch Work
Museum Store
Surveillance System
Vertical standard Tripod
Ticketing Kiosk
Cold drinks Vendor
3d Hologram Projection
Mobile Application, PDA's & Digital Text
Mobile Device Charging Station
Surveillance System & Museum Lighting
Exhibit Design
Diorama
Museum writing
Software & IT System
Graphic Design
Multimedia
Museum Resource Center
Museum Object Cleaning


The Museum Showcase


Kanga
Museum Store


Basement Floor Plan of Underground Parking
BASEMENT FLOOR PLAN

# सन्दर्भसूची


आचार्य, महेशकुमार (वि.सं. २०५६) *प्रागइतिहास र पुरातत्वको परिचय,* काठमाडौः रत्नपुस्तक भण्डार।

कसाः, शरद (वि.सं. २०६७) *नेवाः लोकवार्ता,* नेपालभाषा केन्द्रीय विभाग, त्रि.वि, द राइजिङ सन प्रिन्टर्स, काठमाडौं।

गणेशन, आर (२००२) *भारतीय संग्रहालय एवं जनसम्पर्क,* वाराणरसी विश्वविद्यालय प्रकाशन, विशालाक्षी भवन।

चटर्जी, सुनीति कुमार (१९५१) *किरात जन कृति,* कलकत्ताः रायल एशियाटिक सोसाइटी अफ बेंगाल।

दाहल पेशल र सोमप्रसाद खतिवडा (वि.सं. २०६५) *पुरातत्वको परिचय,* काठमाडौः एम.के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स।

द्विवेदी, पशुपतिकुमार (१९७५) *संग्रहालय र समाज,* काठमाडौः राष्ट्रिय संग्रहालय।

नकर्मी, करुणा (बि.सं.२०६६) *राष्ट्रिय सङ्ग्रहालयका प्रमुख प्रस्तर बैष्णव मुर्तिहरु,* कीर्तिपुरः स्नातकोत्तर शोधपत्र, त्रि.वि.।

नेपाल, भिम (वि.सं. २०५८) *विश्व सम्पदा महासन्धि र काठमाडौं उपत्यका विश्व सम्पदा स्थल,* युनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोगको सचिवालयः काठमाडौं।

न्यौपाने, गोविन्द (बि.सं.२०६९) *राष्ट्रिय संग्रहालय अन्तर्गत जुद्धजातीय कलाशालाको प्रदर्शनी व्यवस्थापन,* कीर्तिपुरः स्नातकोत्तर शोधपत्र, त्रि.वि.।

न्यौपाने, पशुपति (२०१७) *नेप्लिज कल्चर, म्यूजियम प्रस्पेक्टिप इन नेपाल,* किर्तिपुर, त्रि.वि.।

प्रिजरभेसन, कञ्जरभेसन एण्ड रेष्टोरेसन अफ कल्चर प्रपर्टी सेन्टर (वि.सं. २०६८) *कलात्मक काष्ठकलाको रसायन* संरक्षण *प्रतिवेदन*।

पी. यु. आर डी., कन्सल्टेन्सी (वि.सं. २०६८) *राष्ट्रिय सङ्ग्रहालय स्थित जुद्धजातीय कलाशालाको पुनः प्रदर्शन* व्यवस्थापन *सम्बन्धी अध्ययन प्रतिवेदन,* काठमाडौं।

पुरी, बैजनाथ (१९५८) *पुराततव विज्ञान,* लखनउः प्रकाशन केन्द्र।

बज्राचार्य, धनबज्र (वि.सं. २०३०) *लिच्छविकालका अभिलेख,* कीर्तिपुरः त्रि.वि. नेपाल र एसियाली *अनुसन्धान* केन्द्र ।

महर्जन, सन्तमान (वि.सं. २०७२) *ज्यापु समाज, यलया जातीय सङ्ग्रहालयः(लुमन्ती पौं,* ज्यापु समाज, *ललितपुर,* नेपाल।

रेग्मी, डि.आर (१९६६) मेडिभल नेपाल, भाग तीन, कलकत्ताः फर्मा के.एल. मुखोपाध्याय, अभिलेख *परिशिष्ट*।

विणा, पौड्याल (बि.सं.२०३५) *राष्ट्रिय सङ्ग्रहालयका केही मुर्तिहरु,* कीर्तिपुरः स्नातकोत्तर शोधपत्र, त्रि.वि.।

सहाय, शिवस्वरुप (१९९२) *संग्रहालयकी और,* दिल्लीः मोतिलाल बनारसीदास, पटना।

सिं नेपाली, गोपाल (१९६४) *द नेवाराज,* बम्बेः यूनाइटेड एशिया पब्लिकेशन्स्।

सुरेशसुरश, श्रेष्ठ (वि.सं. २०७०) *डेभलपमेन्ट अफ म्यूजियम ईन नेपाल,* राष्ट्रिय सङ्ग्रहालय, छाउनी, *काठमाडौं*।

शुक्ल गिरिशचन्द्र र विमलेश कुमार पाण्डेय (२००२) *सङ्ग्रहालय विज्ञान,* दिल्लीः मोतीलाल वानरसीदास।

शाही, मिना (२०७३ बि.स.) *सङ्ग्रहालय विज्ञान,* लुम्बिनी सङ्ग्रहालय प्रदर्शनी व्यवस्था, कीर्तिपुरः *स्नातकोत्तर शोधपत्र,* त्रि.वि.।

श्रेष्ठ, स्वयम्भूलाल (१०८८) *झिजि,* च्वसापासाः काठमाडौं ।

श्रेष्ठ, देवेन्द्रमान (वि.सं. २०६२) पाटन सङ्ग्रहालय एवम् त्यहाँ सङ्ग्रहित कला वस्तुहरु, किर्तिपुरः स्नातकोत्तर शोधपत्र, त्रि.वि.।

क्षेत्री गणेश र रामचन्द्र रायमाझि (वि.सं.२०५६) *नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण,* एसिया पब्लिकेशन, काठमाडौं।

## अंग्रेजी

Amatya, Saphalya (1991) *Art and Culture and Nepal*, Jaipur: Niral Publication.

Dwivedi, Pashupatikumar (1976) *Museum in Nepal*, Kathmandu: Rastriya Sangarhalaya.

Edson Gary and David Dean (1994) *The Hand Book for Museums,* Routledge, London and New York

Gerard, Toffin (2007) *Newar Society*, Patan, Himal Books.

Singh, A.P.(1987) *Conservation and Museum Techniques*, Delhi: Agam Kala Prakshan.